

# सङ्घीयतामा मिडिया नीति तथा कानुन

(मस्यौदामाथि टिप्पणी तथा सुझाव)

# सङ्घीयतामा मिडिया नीति तथा कानुन

## (मस्यौदामाथि टिप्पणी तथा सुझाव)

सेन्टर फर मिडिया रिसर्च-नेपाल
२०७६

**सङ्घीयतामा मिडिया नीति तथा कानुन**

**टिप्पणी तथा सुझाव**

भुवन केसी
तिलक पाठक
उज्ज्वल आचार्य
उज्वल प्रजापति
उमेश श्रेष्ठ
ऋषिकेश दाहाल
यमबहादुर दुरा
रघुनाथ लामिछाने
प्रा. पी. खरेल
राजेन्द्र दाहाल
बद्री पौड्याल
शिव गाउँले
रघु मैनाली
विनोद ढुङ्गेल
डा. भोजराज अर्याल

डिजाइन : विपेन्द्र घिमिरे

ISBN: 978-9937-0-5925-1
प्रथम संस्करण : वैशाख, २०७६

**प्रकाशक**
सेन्टर फर मिडिया रिसर्च–नेपाल
काठमाडौं, ३२
पो. बक्स नं. : २४६२२
इमेल : cmrnepal@butmedia.org.np
वेब : www.research.butmedia.org
www.mediapolicy.org.np

CC BY NC

यो पुस्तक ओपन सोसाइटी फाउन्डेसनको सहयोगमा तयार पारिएको हो ।

यस पुस्तकमा सङ्घीयतामा मिडिया नीति तथा कानुनहरूमा रहेका कमी/कमजोरी केलाउने प्रयास गर्दै संशोधनका लागि टिप्पणी तथा सुझावहरू दिइएको छ । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ यसका अंशहरू उपयोग गर्न सकिनेछ । यसमा गरिएका टिप्पणी र सुझाव सेन्टर फर मिडिया रिसर्च–नेपालको हो । त्यसमा ओपन सोसाइटी फाउन्डेसन सहमत नहुन सक्छ ।

# हाम्रो भनाइ

राजनीति र मिडियाको सम्बन्ध अन्योन्याश्रित हुनुका साथै प्रत्यक्ष/अप्रत्यक्षरूपमा एकको प्रभाव अर्कोमा पर्छ । त्यति हुँदाहुँदै पनि मिडिया प्रणाली कस्तो हुने भन्ने मूलतः राजनीतिक शासन व्यवस्थामा निर्भर हुन्छ । हामी यतिबेला सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अभ्यासको चरणमा छौँ । यस राजनीतिक पद्धतिको मूल चरित्र नै अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति हो । सोहीअनुसार नेपालको संविधान (२०७२) मा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता प्रत्याभूत गरिएको छ जुन अत्यन्तै सकारात्मक पक्ष हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहअन्तर्गत अधिकार बाँडफाँट र अभ्यास हुँदैछ ।

परिवर्तित राजनीतिक पद्धतिअनुसार अघि बढ्दै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले राज्य शक्तिको प्रयोगका लागि सोहीअनुरूप नीति/नियम बनाउने प्रक्रिया जारी छ । यसै क्रममा तीनवटै तहमा मिडियासँग सम्बन्धित नीति/नियम बन्दैछन् । सङ्घले आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको गृहकार्य गर्दैछ । त्यस्तै विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रिय सभाले पारित गरिसकेको छ । सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि छलफलकै क्रममा छ । त्यसैगरी २०७६ साल वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकले नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिएको छ ।

प्रदेश १ ले रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी विधेयक पारित गरेको छ । प्रदेश २ ले ल्याएको एकीकृत सञ्चार विधेयक २०७५ छलफलका क्रममा आन्तरिक मामिला मन्त्रालयमा छ । प्रदेश ३ ले प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक पारित गरेको छ । प्रदेश ४ (गण्डकी प्रदेश) ले प्रदेश सञ्चार नीति २०७५ तयार पारेको छ । प्रदेश ५

ले प्रदेश प्रसारण विधेयक २०७५ का साथै प्रदेश सञ्चार नीति, २०७५ पारित गरिसकेको छ भने छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक छलफलकै क्रममा छ । प्रदेश ६ (कर्णाली प्रदेश) ले सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५, चैत १५ गते पारित गरेको छ भने आमसञ्चार तथा सुचना प्रविधि सञ्चालन तथा व्यवस्थासम्बन्धी विधेयकको गृहकार्य गरिरहेको छ । प्रदेश ७ (सुदूरपश्चिम प्रदेश) ले मिडियासम्बन्धी छुट्टै नीति र कानुन तयार पारेको छैन ।

सङ्घीयता कार्यान्वयनका सन्दर्भमा मिडियासम्बन्धी नीति तथा कानुनको मस्यौदा तयार पार्नु र संसद्बाट पारित गर्नु सकारात्मक पक्ष हो । तर मिडियासम्बन्धी कानुन तयार गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच हुनुपर्ने समन्वय तथा स्पष्टतामा कमी देखिन्छ । सङ्घीय संरचनामा गएपछि सङ्घले कुनै पनि नयाँ मिडियासम्बन्धी कानुन पारित गरेको छैन । तर प्रदेश १, ३ र ५ ले मिडियासम्बन्धी कानुन पारित गरिसकेको अवस्था छ । पर्याप्त गृहकार्य र छलफल नहुँदा सङ्घीयतामा मिडिया नीति र कानुन कसरी बन्नुपर्छ र त्यसमा कस्ता कस्ता प्रावधान राख्नुपर्छ भन्नेमा अन्योल रह्यो । जसले गर्दा आ-आफ्नो ढङ्गले नीति तथा कानुन तयार हुने अवस्था सिर्जना भयो । तर यसरी बनेका नीति तथा कानुनका कतिपय सवालमा सैद्धान्तिक र व्यावहारिक पक्षमा अस्पष्टता देखिन्छ । यिनै सैद्धान्तिक र व्यावहारिक अस्पष्टतालाई स्पष्ट पार्न सहज होस् भन्ने उद्देश्यले सेन्टर फर मिडिया रिसर्च-नेपालले सङ्घ र प्रदेशमा बन्दै गरेका मिडिया नीति र कानुनको मस्यौदा तयार भएलगत्तै त्यसमाथि टिप्पणी र सुझाव दिँदै आएको छ । साथै यी टिप्पणी र सुझावसहितको आलेख सार्वजनिक गरी सरोकारवाला पक्षहरूको ध्यानाकर्षण गराउँदै आएको हो । अहिले यिनै आलेखलाई सङ्ग्रह गर्दै पुस्तकका रूपमा एकीकृतरूपमा प्रकाशन गरिएको हो ।

यस क्रममा विज्ञबाट प्राप्त सुझाव समेटेका छौँ । उहाँहरूलाई हार्दिक धन्यवाद । विभिन्न विधेयकका सवालमा टिप्पणी तथा सुझाव छुट्टाछुट्टैरूपमा गरिएकाले केही विषयमा फरकपन पनि छ । छलफल तथा बहसलाई अझ सघन बनाउन सहयोग पुग्ने अपेक्षासहित हामीले विविध सुझाव समावेश गरेका छौँ । यसरी तयार पारिएको मिडिया नीति तथा कानुनसम्बन्धी टिप्पणी र सुझावले सङ्घ, प्रदेश र स्थानीय तहमा बन्दै गरेका मिडिया नीति र कानुनलाई थप परिष्कृत गर्दै अभिव्यक्ति र प्रेस स्वतन्त्रताको संरक्षण तथा सम्बर्द्धनमा सहयोग पुऱ्याउने सेन्टरको विश्वास छ । अन्त्यमा, मिडिया नीति तथा कानुनमाथि टिप्पणी तथा सुझावका क्रममा सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद ।

**सेन्टर फर मिडिया रिसर्च-नेपाल**
**१२ वैशाख, २०७६**

# विषयसूची

आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक १
विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक १७
सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २३

प्रदेश नं. १
प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण
सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ ३१

प्रदेश नं. २
एकीकृत सञ्चार विधेयक, २०७५ ३७

प्रदेश नं. ३
प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक ५३

गण्डकी प्रदेश
प्रदेश सञ्चार नीति, २०७५ ६१

प्रदेश नं. ५
प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५ ७१
प्रदेश नं. ५ छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक ८१
प्रदेश नं. ५ प्रदेश प्रसारण विधेयक, २०७५ ८९

कर्णाली प्रदेश
सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५ १०१

**टिप्पणी तथा सुझाव**

भदौ, २०७५




# आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## पृष्ठभूमि

संविधान सभाको दोस्रो निर्वाचनपछिको व्यवस्थापिका-संसद्ले २०७२ सालमा जारी गरेको सङ्घीय गणतान्त्रिक नेपालको नयाँ संविधानमा प्रेसका अधिकार उल्लेख छ । संवैधानिक हकहरूलाई संस्थागत गर्दै अघि बढ्न सोहीअनुसारको नीति तथा कानुनहरू आवश्यक पर्छ ।

संविधानको उद्देश्य, आमसञ्चार नीतिको कार्यान्वयन र परिवर्तित सन्दर्भमा सङ्घीय ढाँचाअनुसारको सूचना तथा सञ्चारसम्बन्धी ऐन तयार पार्न २०७३ साल पुस २१ गते सरकारले प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालको अध्यक्षतामा आमसञ्चार नीति कार्यान्वयनका लागि उच्चस्तरीय सुझाव समिति गठन गऱ्यो । जसमा २ जना विज्ञ, अर्थ मन्त्रालयका सचिव, प्रधान मन्त्री कार्यालयका सचिव, सञ्चार मन्त्रालयका सचिव र सञ्चार मन्त्रीका प्रेस सल्लाहकार पदेन सदस्य थिए ।

समितिले २०७४ साल असोजमा आमसञ्चार विधेयकको प्रारम्भिक मस्यौदा तयार पारी सरकारलाई बुझाएर त्यसलाई अन्तिम रूप दिन थप समय लाग्ने जनाउँदै समितिको म्याद थप गर्न आग्रह गरेको थियो । तर सरकारले म्याद थप गरेन ।

२०७४ सालमा स्थानीय तह, प्रदेश र सङ्घको निर्वाचनपछि मुलुकमा सङ्घीयताको कार्यान्वयन सुरू भयो । नयाँ सरकार गठन भएपछि पहिलेको समितिलाई पुनः सक्रिय पारियो । सो समितिले २०७५ साल असारमा आमसञ्चार विधेयकको प्रारम्भिक मस्यौदा तयार पारी सरकारलाई बुझाएको छ । समितिले सञ्चारसँग सम्बन्धित विभिन्न संस्था, विज्ञ, पत्रकारलगायतसँग छलफल गऱ्यो । तर समितिमा पदेन सदस्यसमेत नरहेको पत्रकार महासङ्घ असन्तुष्टि व्यक्त गर्दै समितिले आयोजना गरेको छलफलमा सहभागी भएन । महासङ्घले आमसञ्चारसम्बन्धी नमुना विधेयक तयार पारी २०७५ असार २२ गते सरकारलाई बुझायो ।

२०७५ साउन १० गते बसेको मन्त्रिपरिषद्को बैठकले आमसञ्चारसम्बन्धी विधेयक बनाउन सैद्धान्तिक सहमति प्रदान गरेको हो । सोही अनुसार विधेयक तयारीको गृहकार्यमा छ । यहाँ दाहाल अध्यक्ष रहेको समितिले तयार पारेको आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ को प्रारम्भिक मस्यौदा विधेयकमा गरिएको टिप्पणी तथा सुझाव प्रस्तुत गरेका छौं ।

## मस्यौदाका मुख्य प्रावधान

**आमसञ्चार प्राधिकरण :** मस्यौदा विधेयकमा आमसञ्चार प्राधिकरणको व्यवस्था छ । प्राधिकरणको मुख्य काम, कर्तव्य र अधिकारमा पत्रपत्रिका र अनलाइनको अभिलेखीकरण गर्ने र रेडियो तथा टेलिभिजन सिग्नल वितरक, सञ्चालन गर्ने अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने, नियमन गर्ने, अभिलेख राख्ने छ । यस्तै रेडियो र टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, त्यसको म्यापिङ गरी सङ्घ, प्रदेश र स्थानीय तहमा वितरणका

लागि सरकारलाई सिफारिस गर्ने, आमसञ्चार माध्यमहरूलाई दिइने सुविधाबारे सरकारलाई सिफारिस गर्ने छ । राष्ट्रिय आमसञ्चार नीति २०७३ मा आवश्यकताअनुसार आमसञ्चार प्राधिकरण जस्ता निकाय स्थापना गर्न सकिने व्यवस्था छ ।

**पत्रपत्रिका :** पत्रपत्रिका अभिलेखीकरणका लागि प्राधिकरणमा निवेदन दिनुपर्ने, दरखास्तमा उल्लिखित पत्रिकाको नामसँग मिल्ने गरी अर्को कुनै पत्रिका प्राधिकरणमा अभिलेखीकरण भइसकेको छ भने त्यसको जानकारी दिने, राष्ट्रिय स्तरको पत्रिकाको कुनै विवरण परिवर्तन गर्नुपरेमा प्राधिकरणबाट स्वीकृत गराउनुपर्ने प्रावधान राखिएको छ । यसैगरी सरकार वा सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा/सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि पत्रपत्रिकाको वर्गीकरण गर्ने र पत्रपत्रिका वर्गीकरण गर्दा प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुँच क्षेत्रलाई आधार बनाउने पनि विधेयकमा उल्लेख छ ।

विधेयकमा प्रदेशस्तरीय पत्रपत्रिका नियमन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम र स्थानीय स्तरीय पत्रपत्रिकाका नियमन र व्यवस्थापनसम्बन्धी व्यवस्था स्थानीय कानुनबमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छ ।

**प्रसारणसम्बन्धी व्यवस्था :** प्रसारण संस्थाले इजाजतपत्र लिनुपर्ने, त्यसका लागि प्राधिकरणमा निवेदन दिनुपर्ने, प्रदेश र स्थानीय तह स्तरका लागि प्रदेश र स्थानीय तहमा निवेदन दिन सकिने, विज्ञापनरहित कार्यक्रम प्रसारण गर्नका लागि सर्त तोक्ने व्यवस्था छ । यस्तै प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकका रूपमा वर्गीकरण गर्ने, स्वामित्व, लगानी पूर्वाधार, जनशक्ति जस्ता विषयलाई आधार मानी सुविधा उपलब्ध गराइने व्यवस्था पनि विधेयकमा छ ।

सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले सङ्घ, प्रदेश वा अन्तर्राष्ट्रिय प्रसारक माध्यमबाट प्रसारित समाचार तथा समाचार प्रधान सामग्रीका साथै कार्यक्रमहरूलाई प्राधिकरणले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिने व्यवस्था पनि छ । यस्तै रेडियो तथा टेलिभिजनको फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा बाँडफाँट तथा वितरणको योजना बनाइ प्राधिकरणले फ्रिक्वेन्सी वितरण गर्न सरकारलाई सिफारिस गर्ने, फ्रिक्वेन्सी प्रयोगको इजाजतको अवधि १८ वर्ष हुने र प्राकृतिक प्रकोप, महामारी र मानवीय सङ्कटको अवस्थामा उद्धारको जानकारी र सूचना प्रवाहका लागि विशेष आकस्मिक फ्रिक्वेन्सी व्यवस्था गर्ने पनि उल्लेख छ ।

**अनलाइनसम्बन्धी व्यवस्था :** प्राधिकरणले अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्नुपर्ने, अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनुपर्ने, वेबसाइटको विवरण राख्नुपर्नु व्यवस्था छ । विदेशबाट प्रकाशित अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री कानुन विपरित भए प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्ने व्यवस्था पनि विधेयकमा छ ।

**श्रमजीवी पत्रकार :** विधेयकमा श्रमजीवी पत्रकारको सेवा सर्तको संरक्षण, न्यूनतम पारिश्रमिक, कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको विनियमावलीमा उल्लेख हुनुपर्ने विषयका सम्बन्धमा न्यूनतम मापदण्ड निर्धारण समिति गठन गर्न समिति गठन गर्ने व्यवस्था छ ।

**सञ्चारसम्बन्धी अन्य व्यवस्था :** सञ्चारसम्बन्धी अन्य व्यवस्थामा स्वनियमन, आचारसंहिताको स्वघोषणा र लगानीसम्बन्धी व्यवस्था छ । लगानीको स्रोत खुलाउनुपर्ने, कुनै आमसञ्चार माध्यममा ५० प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न नपाइने व्यवस्था छ ।

यस्तै विदेशी व्यक्ति वा संस्थाले कुनै पनि आमसञ्चार माध्यमको पूर्वाधार र प्रविधिको विकासमा कुल लगानीको २५ प्रतिशतभन्दा बढी लगानी गर्न नपाइने, विदेशी लगानीसहित संयुक्त लगानीमा सञ्चालन गरिएको कुनै पत्रपत्रिकाको सम्पादक, पत्रकार, कामदार वा कर्मचारी नेपालको नागरिक हुने पनि मस्यौदा विधेयकमा उल्लेख छ ।

राष्ट्रिय आमसञ्चार नीति २०७३ मा विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गरिने छैन भन्ने उल्लेख थियो ।

प्रेस प्रतिनिधिको व्यवस्था, आमसञ्चार माध्यममा प्रकाशन गर्न हुने/नहुने, सञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना, सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना, किताबको अभिलेखीकरण गराउनुपर्ने, वृति विकास कोष स्थापना, पत्रकार कल्याण कोष स्थापना, सूचना बैङ्क स्थापना गर्ने विषय पनि विधेयकमा उल्लेख छ ।

**सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था :** इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउलिङ्क गरेमा इजाजतपत्र दस्तुर बराबर रकम असुल गरी सो बराबरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने, प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी २५ हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । तर कारबाही र जरिवाना गर्नुअघि प्राधिकरणले सफाइको मौका दिनुपर्ने, प्राधिकरणले गरेको सजायउपर ३५ दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था पनि विधेयकमा छ ।

## मस्यौदाका मूलभूत समस्या

सैद्धान्तिक र व्यावहारिक पक्षमा विधेयकमा कतिपय कुरा स्पष्ट छैन । मस्यौदा विधेयकमा देखिएका समस्या निम्नानुसार छन् ः

- आमसञ्चार प्राधिकरण गठन गर्दा नेपाल सरकारले नियुक्त गर्ने अध्यक्ष र ४ जना सदस्य उल्लेख छ । यसले समावेशी सिद्धान्तलाई आत्मसाथ गर्न सकेको देखिदैन ।
- पत्रकार र सञ्चार माध्यमलाई फौजदारी नभइ देवानी संहिताअनुसार सजाय हुने

विश्वव्यापी मान्यता र अभ्यास रहँदै आएको छ । तर परिच्छेद ९ को दफा ५५ को २ मा कसैले दफा ५० बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी २५ हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भनी गरिएको व्यवस्थाले फौजदारी संहितालाई आकर्षित गर्न सक्छ जसले गर्दा समस्या आउन सक्छ ।

- अनलाइन सञ्चारमाध्यम प्लेटफर्मका हिसावले मात्र फरक भए पनि यसलाई पत्रकारितासँग सम्बन्धित विषयमा पत्रपत्रिकासरहको व्यवहार गरिएको छैन जसले गर्दा यसमा प्रकाशित सामग्रीको विषयमा विद्युतीय कारोबार ऐनजस्ता कानुनहरू आकर्षित हुने खतरा देखिन्छ ।
- पत्रपत्रिका र प्रसारण माध्यमको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ र सोहीअनुसार सरकारी सेवा/सुविधा प्राप्त हुन सक्ने व्यवस्था गरिएकामा पत्रकारिता गर्ने अनलाइनको भने वर्गीकरण गर्ने व्यवस्था उल्लेख छैन ।
- पत्रपत्रिकाले गलत कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन सकिने र प्रसारण माध्यमले नियमविपरित कार्य गरेमा इजाजतपत्र रद्द गर्न सकिने प्रावधान छ । अदालतबाट प्रमाणित नभएमा भन्ने व्यवस्था नराख्दा अधिकारको दुरूपयोग हुने सम्भावना छ । अनलाइनबारे भने यस सम्बन्धमा केही उल्लेख छैन ।
- विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ५० विपरित भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्ने प्रावधान छ । त्यसले गर्दा अधिकारको दुरूपयोग हुने सम्भावना रहन्छ ।
- पत्रकारहरूको हक हितका लागि लामो समयको सङ्घर्षपछि ल्याइएको श्रमजीवी पत्रकार ऐन खारेज गर्ने परिकल्पना जे/जसरी गरिएको छ, त्यो गलत छ । श्रम ऐनले मात्र पत्रकारिता क्षेत्रसँग सम्बन्धित मुद्दाहरू सम्बोधन गर्न सक्दैन जबकि मस्यौदामा आमसञ्चार संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश, सेवाको सर्त तथा सुविधासम्बन्धी विषय प्रचलित श्रम ऐनअनुकूल हुनेगरी विनियमावलीमा समावेश गरी लागु गर्नु र नियमावली लागु गर्नुअघि आमसञ्चार संस्थाले प्राधिकरणको सहमति लिनुपर्ने उल्लेख छ ।
- विधेयकमा आमसञ्चार माध्यमले स्वनियमनको सिद्धान्त लागु गर्नेछ र त्यसका लागि आमसञ्चार संस्थाले प्रकाशन वा प्रसारणको स्वानियमन र स्वमूल्याङ्कनका लागि सम्बन्धित विज्ञहरू रहेको एक आमसञ्चार स्वनियमन समिति गठन गर्ने र आमसञ्चार सञ्चालक समितिले आफ्नो र आफ्ना कर्मचारीका लागि आचारसंहिता निर्माण गरी स्वघोषणासहित सार्वजनिक गर्ने उल्लेख छ । स्वनियमनको सिद्धान्त र आचारसंहिताको घोषणालाई कानुनद्वारा नै बाध्यकारी बनाउनु स्वनियमन गर्ने सिद्धान्त विपरित हुन्छ ।

- विधेयकमा मस्यौदामा मिडियाको स्वामित्वका विषयमा गरिएका प्रावधान विरोधाभाषपूर्ण र अन्योलपूर्ण छ । कुनै आमसञ्चार माध्यममा ५० प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेमा व्यक्ति, परिवार वा अन्य समूहले अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न नपाउने व्यवस्था मस्यौदामा उल्लेख छ । तर हाल त्यस्ता मिडिया सञ्चालनमा छन् भने तिनीहरूका सम्बन्धमा के हुने भन्नेचाहिँ उल्लेख छैन । त्यसैगरी अन्य मिडिया र अरू क्षेत्रमा लगानी गरेकाको हकमा के गर्ने भन्ने पनि उल्लेख छैन । आगामी दिनमा त्यसरी लगानी गर्न पाइने कि नपाइने, मिडियामा लगानी गर्नेको अरू क्षेत्रमा लगानी छ भने त्यसको स्रोत खुलाउनु पर्ने कि नपर्ने जस्ता विषयसमेत उल्लेख छैन ।
- प्रेस काउन्सिलले विगतमा गर्दै आएको वर्गीकरणलगायतका कतिपय काम आमसञ्चार प्राधिकरणले गर्ने काममा समावेश गरिएकाले र प्रेस काउन्सिलको छुट्टै अस्तित्व पनि स्वीकार गरिएकाले आगामी दिनमा प्रेस काउन्सिलको भूमिका के हुने भन्ने अन्योल सिर्जना भएको देखिन्छ ।

## मुख्य सुझाव

- आमसञ्चार प्राधिकरण गठन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिन आवश्यक छ । त्यसैगरी महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक छ ।
- आमसञ्चार माध्यम र पत्रकारलाई देवानी कानुनअनुसार व्यवहार गर्नुपर्ने हुन्छ । फौजदारी कानुनसँग आकर्षित हुने प्रावधानहरू हटाउन आवश्यक छ ।
- अनलाइन सञ्चार माध्यमले पत्रकारिता गर्ने क्रममा कुनै गल्ती हुन गए त्यहाँ कार्यरत पत्रपत्रिका एवं प्रसारण माध्यमसरह व्यवस्था तथा व्यवहार हुनुपर्छ ।
- पत्रपत्रिका र रेडियोको जस्तै अनलाइनको पनि वर्गीकरण गर्नुपर्छ । र, अनलाइनलाई सरकार वा सरकारको स्वामित्वमा भएको संस्थाबाट उपलब्ध गराइने सेवा/सुविधा तथा विज्ञापन उपलब्ध गराउने व्यवस्था राख्न आवश्यक छ ।
- पत्रपत्रिकाले गलत कार्य गरेको लागेमा उक्त विषय अदालतबाट प्रमाणित भएमा मात्र मनासिव प्रतिबन्ध लगाउन सकिने र प्रसारण माध्यमले नियम विपरित कार्य गरेको अदालतबाट प्रमाणित भएमा मात्र इजाजतपत्र रद्द गर्न सकिने प्रावधान राख्न आवश्यक छ । अनलाइन सञ्चार माध्यमको हकमा पनि यही प्रावधान राख्न आवश्यक छ ।
- विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ५० विपरीत भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ तर त्यसको निश्चित समयभित्र अदालतबाट प्रमाणित गराउनुपर्नेछ भन्ने व्यवस्था राख्न आवश्यक छ ।

- श्रमजीवी पत्रकार ऐनलाई कायमै राख्नुपर्छ । आवश्यक परे श्रम ऐनका प्रावधानहरूको मूल मर्मलाई समेत समेट्ने गरी संशोधन गर्नुपर्छ ।
- विधेयकमा आमसञ्चार माध्यमको स्वनियमन र आचारसंहिता घोषणा गर्नुपर्ने प्रावधान हटाउन आवश्यक छ । स्वनियमन र सम्बन्धित संस्थाले आचारसंहिता जारी गर्ने वा नगर्ने भन्ने कुराको जिम्मा सम्बन्धित संस्थालाई नै दिन आवश्यक छ ।
- प्रेस काउन्सिलको भूमिका र त्यसको क्षेत्राधिकारलाई पनि ध्यान दिन आवश्यक छ ।
- आमसञ्चार माध्यममा ५० प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेमा व्यक्ति, परिवार वा अन्य समूहले अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न नपाउने व्यवस्था उल्लेख छ । हाल त्यसरी सञ्चालित मिडिया छन् भने तिनीहरूका सम्बन्धमा पनि स्पष्ट पार्न आवश्यक छ । मिडिया र अरू क्षेत्रमा लगानी गरेकाको हकमा पनि स्पष्ट पार्न आवश्यक छ ।

## दफावार समस्या र सुझाव

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| परिच्छेद-१ | दफा २<br>(ख) 'अन्य पत्रपत्रिका' भन्नाले समाचारपत्र र समाचारबाहेक कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्रलगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनुपर्छ । | दफा २ (ख) 'अन्य पत्रपत्रिका' भन्नाले समाचार र समाचारमूलक सामग्रीलाई प्राथमिकतामा नराखी कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्रलगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनुपर्छ । | समाचार र समाचारमूलक सामग्रीले दैनिक र साप्ताहिकरूपमा प्रकाशित हुने पत्रिकालाई समेत समेट्ने भएकाले । |
| | दफा २ (ग) 'आमसञ्चार' भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ । | दफा २ (ग) 'आमसञ्चार' भन्नाले समाचार, सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ । | समाचार पत्रकारिताको अभिन्न अङ्ग भएकाले र पत्रकारिताका लागि आमसञ्चार मुख्य माध्यम भएकाले । |
| | दफा २ (झ) 'पत्रपत्रिका' भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिका सम्झनुपर्छ । | आवधिकरूपमा मुद्रण हुने वा इन्टरनेट प्रविधिमार्फत प्रकाशन हुने समाचारपत्र र पत्रिका सम्झनुपर्छ । | पत्रपत्रिकाले सबैखालका पत्रिकालाई समावेश गर्ने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| | दफा २ (ञ) 'पत्रकार' भन्नाले आमसञ्चारमा प्रसारण हुने सामग्री सङ्कलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरामेन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, वेभ डिजाइनर र स्तम्भ लेखकसमेतलाई जनाउँछ । | दफा २ (ञ) 'पत्रकार' भन्नाले आमसञ्चारमा प्रसारण हुने सामग्री सङ्कलन, लेखन वा सम्पादन वा प्रकाशन र प्रसारणमा भूमिका निर्वाह गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामरापर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, डिजाइनर र स्तम्भ लेखकसमेतलाई जनाउँछ । | समाचार शाखामा सामग्री सङ्कलन, लेखन वा सम्पादनका अतिरिक्त प्रकाशन र प्रसारणमा भूमिका निर्वाह जनशक्ति पनि हुने भएकाले । क्यामरा पर्सनले लैङ्गिक विभेद नगर्ने भएकाले । डिजाइनर राख्दा स्पष्ट हुने भएकाले । |
| | दफा २ (प) 'समाचारपत्र' भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचार हरूसमेत भएको सार्वजनिकरूपमा बिक्री वा वितरण हुने पत्रपत्रिका सम्झनुपर्छ । | दफा २ (प) 'समाचारपत्र' भन्नाले समाचारलाई विशेष प्राथमिकता दिइ प्रकाशित हुने पत्रिका सम्झनुपर्छ । | समाचारपत्रले समाचार तथा समाचारमूलक सामग्रीलाई प्राथमिकता दिने भएकाले । |
| | दफा २ (फ) 'सम्पादक' भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनुपर्छ । | दफा २ (फ) 'सम्पादक' भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारणको प्रमुख अधिकार र उत्तरदायित्व बहन गर्ने पत्रकार सम्झनुपर्छ । | समाचारपत्रले समाचार तथा समाचारमूलक सामग्रीलाई प्राथमिकता दिने भएकाले । |
| परिच्छेद-२ | दफा ८ (ङ) आमसञ्चारसँग सम्बन्धित व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वामित्व वा निजी स्वार्थ भएको । | दफा ८(ङ) आमसञ्चारसँग सम्वन्धित व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वामित्व वा संलग्नता भएको । | संलग्नता भए/नभएको छुट्टाउन सहज हुने भएकाले । |
| | दफा १२ (छ) तोकिएका अन्य कार्य गर्ने । | हटाउनुपर्ने | स्पष्ट नभएकाले । |
| | दफा १६ (३) प्राधिकरणले आवश्यक पर्ने विज्ञ कर्मचारी तोकिएबमोजिमको प्रक्रिया अपनाइ लिन सक्नेछ । | दफा १६ (३) प्राधिकरणले आवश्यक पर्ने विज्ञ कर्मचारी तोकिएबमोजिमको प्रक्रिया अपनाइ करारमा लिन सक्नेछ । | करार उल्लेख गरेपछि प्रक्रिया स्पष्ट हुने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| | दफा १८ (८) प्राधिकरणले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन जाँचबुँझ गर्दा कानुनबमोजिम प्रक्रिया पुगेको नपाइएमा कारण खोली निवेदन फिर्ता गर्नुपर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताव खडा गरी राख्नुपर्नेछ । | दफा १८ (८) प्राधिकरणले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन जाँचबुँझ गर्दा कानुनबमोजिम प्रक्रिया पुगेको पाइएमा अभिलेखीकरण गर्नुपर्नेछ । तर प्रक्रिया र कारण खोली निवेदन फिर्ता गर्नुपर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताव खडा गरी राख्नुपर्नेछ । | स्पष्ट हुने भएकाले । |
| परिच्छेद-३ | दफा १८ (९) राष्ट्रिय स्तरको पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नुपरेमा वा एक प्रदेशस्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य प्रदेश वा एकभन्दा बढी प्रदेशबाट प्रकाशित गर्नुपरेमा वा अन्य विवरण परिवर्तन गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम प्राधिकरणसमक्ष दरखास्त दिइ परिवर्तित विवरण स्वीकृत गराउनुपर्नेछ । | दफा १८ (९) राष्ट्रिय स्तरको पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नुपरेमा वा एक प्रदेश स्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य प्रदेश वा एकभन्दा बढी प्रदेशबाट प्रकाशित गर्नुपरेमा वा अन्य विवरण परिवर्तन गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम प्राधिकरणसमक्ष परिवर्तित विवरण अभिलेखीकरण गराउनुपर्नेछ । | स्वीकृतभन्दा अभिलेखीकरण गर्न सहज हुने भएकाले । |
| | दफा २० (१) दफा १८ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ सङ्ख्या तोकिएबमोजिम हुनेछ । | दफा २० (१) दफा १८ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ सङ्ख्या तोकिएबमोजिम हुनेछ । | अधिकतम पृष्ठ सङ्ख्या निश्चित नहुने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| | दफा २० (२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा घटी/बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिने छैन । | दफा २० (२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा घटी गरी प्रकाशित हुने पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिने छैन । | पृष्ट सङ्ख्या बढी हुँदा समस्या नहुने भएकाले । |
| | दफा २२ (३) प्राधिकरणले उपदफा (१) बमोजिम पत्रपत्रिकाको वर्गीकरण गर्दा प्रेस काउन्सिलको परामर्श लिन सक्नेछ । | दफा २२ (३) प्राधिकरणले उपदफा (१) बमोजिम पत्रपत्रिकाको वर्गीकरण गर्दा प्रेस काउन्सिल वा अन्य सङ्घ/संस्थाको परामर्श लिन सक्नेछ । | परामर्श जोसँग पनि गर्न सकिने भएकाले । |
| | दफा २३ पत्रपत्रिका दर्ता खारेज नगरिने : दफा १८ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिका अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन ।<br>तर यस व्यवस्थाले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन । | दफा २३ पत्रपत्रिका दर्ता खारेज नगरिने : दफा १८ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिका अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन ।<br>तर यस व्यवस्थाले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य गरेको अदालतबाट प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन । | अधिकारको दुरूपयोग रोकिने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
| --- | --- | --- | --- |
| परिच्छेद-४ | दफा ३१ इजाजतपत्र रद्द गर्न सकिने : (१) दफा २९ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा प्राधिकरणले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । | दफा ३१ इजाजतपत्र रद्द गर्न सकिने : (१) दफा २९ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरित कुनै कार्य गरेको अदालतबाट प्रमाणित भएमा निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । | अधिकारको दुरूपयोग रोकिने भएकाले । |
| | दफा ३३ (ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने । | हटाउने | स्पष्ट नभएकाले । |
| | दफा ३३ (६) सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले सङ्घ, प्रदेश वा अन्तर्राष्ट्रिय प्रसारक माध्यमबाट प्रसारित समाचार तथा समाचारप्रधान सामग्रीका साथै कार्यक्रमलाई प्राधिकरणले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्नेछ । सामुदायिक प्रसारकले आफ्नो कुल प्रसारित सामग्री पुनः प्रसारण गर्न पाउने छैन । | दफा ३३ (६) सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले सङ्घ, प्रदेश वा अन्तर्राष्ट्रिय प्रसारक माध्यमबाट प्रसारित समाचार तथा समाचारप्रधान सामग्रीका साथै कार्यक्रमलाई प्राधिकरणले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्नेछ । कुल प्रसारित सामग्री पुनः प्रसारण गर्न पाउने छैन । | सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले आफूले उत्पादन गरी सामग्री प्रसारण गर्नुपर्ने भएकाले । |
| | दफा ३३ (८) प्रसारक संस्थाले नेटवर्कमार्फत कुनै श्रव्य, श्रव्य-दृश्य वा प्रकाशन तथा प्रसारण गर्नुपर्ने भए तोकिएबमोजिम प्राधिकरणबाट स्वीकृति लिनुपर्नेछ । | दफा ३३ (८) कुनै एक प्रसारक संस्थाले नियमितरूपमा आफूले उत्पादन गरेका सामग्री नेटवर्कमार्फत एकभन्दा बढी आमसञ्चारबाट कुनै श्रव्य, श्रव्य-दृश्य वा प्रकाशन तथा प्रसारण गर्नुपर्ने भए तोकिएबमोजिम प्राधिकरणबाट स्वीकृति लिनुपर्नेछ । | नियमितरूपमा प्रकाशन तथा प्रसारण गर्ने सामग्रीको नियमनका साथै अभिलेख पनि हुने भएकाले । |
| | दफा ३३ (९) म्युजिक रेकर्डिङ कम्पनी वा कार्यक्रम उत्पादन कम्पनीले तोकिए बमोजिम स्वीकृति लिएर मात्र आफ्नो व्यवसाय संचालन गर्नु पर्नेछ । | दफा ३३ (९) म्युजिक रेकर्डिङ्ग कम्पनी वा कार्यक्रम उत्पादन कम्पनी वा समाचार एजेन्सीले तोकिएबमोजिम स्वीकृति लिएर मात्र आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्नेछ । | समाचार एजेन्सी पनि समावेश हुने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| परिच्छेद-५ | दफा ३५ अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण : (१) कसैले अनलाइन सञ्चार माध्यममार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्तिले तोकिएबमोजिमको विवरणसहित प्राधिकरणसमक्ष अभिलेखीकरण गर्नुपर्नेछ । | दफा ३५ अनलाइन सञ्चारमाध्यमको अभिलेखीकरण : (१) कसैले अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्तिले दफा (१८) बमोजिमको विवरणसहित प्राधिकरणसमक्ष अभिलेखीकरण गर्नुपर्नेछ । | |
| | दफा ३६ (२) अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | हटाउनुपर्ने । | आवश्यक नपर्ने भएकाले । |
| | दफा ३७ (ख) सञ्चालक, सम्पादक र समाचार प्रमुखको नाम । | दफा ३७ (ख) सञ्चालक र सम्पादकको नाम । | सम्पादक नै समाचार प्रमुख हुने भएकाले । |
| | दफा ३७ (ग) तोकिएका अन्य विषयहरू । | हटाउनुपर्ने । | स्पष्ट नभएकाले । |
| | दफा ३८ विदेशबाट प्रकाशित अनलाइन न्युज पोर्टल : विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ५० विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ । | दफा ३८ विदेशबाट प्रकाशित अनलाइन न्युज पोर्टल : विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ५० विपरीत भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ । तर रोक लगाएको ७२ घण्टाभित्र अदालतबाट प्रमाणित गराउनुपर्नेछ । | अधिकारको दुरूपयोग रोकिने भएकाले । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| परिच्छेद-६ | दफा ३९ श्रमजीवी पत्रकारको सेवा सर्तको संरक्षण : (१) आमसञ्चार संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश तथा सेवाको सर्त तथा सुविधासम्बन्धी विषय प्रचलित श्रम ऐनअनुकूल हुने गरी विनियमावलीमा समावेश गरी लागु गर्नुपर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको विनियमावली लागु गर्नुअघि आमसञ्चार संस्थाले प्राधिकरणको सहमति लिनुपर्नेछ ।<br>(३) प्राधिकरणले उपदफा (२) बमोजिम सहमति दिन देहायका विषयमा न्यूनतम मापदण्ड तयार गरी सो मापदण्डबमोजिम भएमा सहमति दिनुपर्ने र नभएमा मापदण्डबमोजिम बनाउन लगाउनुपर्नेछ :<br>(क) कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय<br>(ख) हाजिरी र बिदासम्बन्धी<br>(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता<br>(घ) वार्षिक तलव वृद्धि<br>(ङ) उपचार खर्च तथा क्षतिपूर्तिसम्बन्धी<br>(च) कल्याणकारी कोष<br>(छ) आचरण, सजाय र पुनरावेदन<br>(ज) अन्य आवश्यक विषय | हटाउनुपर्ने । | श्रमजीवी पत्रकार ऐन कायम राख्नुपर्छ । आवश्यक परे श्रम ऐनका प्रावधानहरूको मूल मर्मलाई समेत समेट्ने गरी संशोधन गर्नुपर्छ । |
| | १) आमसञ्चार संस्थाले श्रमजीवी पत्रकारलाई नेपाल सरकारबाट समय समयमा तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधाभन्दा कम हुने गरी पारिश्रमिक दिन पाउने छैन ।<br>२) श्रमजीवी पत्रकारहरूको हकहित र सुविधाको सम्बन्धमा कानुनद्वारा गरिएको व्यवस्थाअनुरूप भए/नभएको सम्बन्धमा प्राधिकरणले संस्थाको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा कानुनबमोजिम पारिश्रमिक तथा सेवा/सुविधा उपलब्ध गराएको नदेखिएमा त्यस्तो संस्थालाई सोबमोजिम सेवा/सुविधा उपलब्ध गराउन आदेश दिन र त्यस्तो संस्थालाई आवश्यक कारबाही गर्न सक्नेछ ।<br>३) उपदफा (२) बमोजिम प्राधिकरणले दिएको आदेश सम्बन्धित आमसञ्चार संस्थाले पालना गर्नुपर्नेछ । | हटाउनुपर्ने । | श्रमजीवी पत्रकार ऐन कायम राख्नुपर्छ । आवश्यक परे श्रम ऐनका प्रावधानहरूको मूल मर्मलाई समेत समेट्ने गरी संशोधन गर्नुपर्छ । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
| --- | --- | --- | --- |
| | **दफा ४१ मापदण्ड निर्धारण समिति** : (१) कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको विनियमावलीमा उल्लेख हुनुपर्ने विषयका सम्बन्धमा न्यूनतम मापदण्ड निर्धारण गर्न देहायबमोजिम सदस्यहरू रहेको समिति गठन गर्न सकिनेछ :<br>(क) सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट प्राधिकरणको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - संयोजक ।<br>(ख) नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि एवं श्रमसम्बन्धी विषय हेर्ने मन्त्रालयका रा.प.प्रथम श्रेणीका दुईजना प्रतिनिधि - सदस्य ।<br>(ग) नेपाल पत्रकार महास्घका अध्यक्ष - सदस्य ।<br>(घ) श्रमजीवी पत्रकारहरूमध्येबाट कम्तीमा एकजना महिला रहने गरी प्राधिकरणले तोकेका तीनजना - सदस्य ।<br>(ङ) व्यवस्थापकहरूमध्येबाट प्राधिकरणले मनोनीत गरेका तीनजना - सदस्य ।<br>(च) कर्मचारी वा कामदारमध्येबाट प्राधिकरणले मनोनीत गरेको एकजना - सदस्य ।<br>(छ) श्रम तथा अर्थसम्बन्धी विशेषज्ञहरूमध्येबाट प्राधिकरणले मनोनीत गरेको एकजना - सदस्य ।<br>(ज) प्राधिकरणका सचिव सदस्य - सचिव ।<br>(२) उपदफा (१) बमोजिम समितिको बैठकसम्बन्धी कार्यविधि र समितिका सदस्यहरूको सुविधा तोकिएबमोजिम हुनेछ । | हटाउनुपर्ने । | श्रमजीवी पत्रकार ऐन कायम राख्नुपर्छ । आवश्यक परे श्रम ऐनकाप्रावधानहरूको मूल मर्मलाई समेत समेट्ने गरी संशोधन गर्नुपर्छ । |
| | दफा ४२ श्रमजीवी पत्रकारसम्बन्धी अन्य व्यवस्था : श्रमजीवी पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | हटाउनुपर्ने । | श्रमजीवी पत्रकार ऐन कायम राख्नुपर्छ । आवश्यक परे श्रम ऐनकाप्रावधानहरूको मूल मर्मलाई समेत समेट्ने गरी संशोधन गर्नुपर्छ । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| परिच्छेद-७ | **दफा ४३ स्वनियमनको व्यवस्था :**<br>(१) आमसञ्चार माध्यमले स्वनियमनको सिद्धान्त लागु गर्नुपर्नेछ ।<br>(२) आमसञ्चार सञ्चालक संस्थाले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागि सम्बन्धित विज्ञहरू रहेको एक आमसञ्चार स्वनियमन समिति गठन गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम गठन भएको समितिले सम्बन्धित आमसञ्चार संस्थाको आचारसंहिता निर्माण, गुणस्तर सुधार र आमसञ्चारको प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहिता पालना गर्न/गराउन स्वनियमन र स्वमूल्याङ्कन गर्नेछ ।<br>(४) उपदफा (२) बमोजिम समिति गठन गर्दा त्यस्तो आमसञ्चार संस्थाले समितिमा आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ व्यक्तिहरू राख्नुपर्नेछ ।<br>(५) उपदफा (२) बमोजिमको समितिको गठन तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित आमसञ्चार संस्थाले तोकेबमोजिम हुनेछ ।<br>(६) आमसञ्चार संस्थाले समिति गठन गरी प्राधिकरणलाई प्रकाशन वा प्रसारण सुरू भएको एक महिनाभित्र समितिको पदाधिकारीको नामावलीसहितको जानकारी दिनुपर्नेछ र त्यसको सार्वजनिकीकरण गर्नुपर्नेछ ।<br>हटाउनुपर्ने कानुनमा उल्लेख गर्न आवश्यक छैन । कानुनबाट बाध्यकारी गर्ने व्यवस्था आफैँले स्वनियमन गर्ने सिद्धान्तविपरित हुन जान्छ । | हटाउनुपर्ने । | कानुनमा उल्लेख गर्न आवश्यक छैन । कानुनबाट बाध्यकारी गर्ने व्यवस्था आफैँले स्वनियमन गर्ने सिद्धान्तविपरित हुन जान्छ । |

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| | दफा ४४ आचारसंहिताको स्वघोषणा : (१) आमसञ्चार सञ्चालक संस्थाले आफ्नो र आफ्ना कर्मचारीहरूका लागि आवश्यक आचारसंहिताको निर्माण गरी स्वघोषणासहित सार्वजनिक गर्नुपर्नेछ ।<br>(२) आमसञ्चारले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्नु सम्बन्धित आमसञ्चार संस्थाको कर्तव्य हुनेछ । | हटाउनुपर्ने । | कानुनमा उल्लेख गर्न आवश्यक छैन । कानुनबाट बाध्यकारी गर्ने व्यवस्था आफैँले स्वनियमन गर्ने सिद्धान्तविपरित हुन जान्छ । |
| | दफा ४५ (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यममा ५० प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउने छैन ।<br>(३) आमसञ्चारमा लगानीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | | मिडिया र अरू क्षेत्रमा लगानी गर्न मिल्ने/नमिल्ने प्रस्ट नभएकाले प्रस्ट पार्न आवश्यक भएको । |
| परिच्छेद-९ | दफा ५५ (२) कसैले दफा ५० बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी २५ हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | दफा ५५ (२) कसैले दफा ५० बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी २५ हजार रूपियाँसम्म जरिवाना वा क्षतिपूर्ति वा दुवै हुनेछ । | देवानी कानुनअनुसार मात्र सजाय हुनुपर्ने भएकाले । |

*थप जानकारीका लागि सम्पर्क :*
*cmrnepal@butmedia.org / http://research.butmedia.org*

**टिप्पणी तथा सुझाव**

फागुन, २०७५




# विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## पृष्ठभूमि

नेपाल सरकारले विज्ञापन नियमन गर्नका लागि विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माघमा संसद्मा दर्ता गरेको छ । विज्ञापन निर्माता, विज्ञापन एजेन्सी तथा विज्ञापनका अन्तर्वस्तुहरूलाई नियमन गर्ने छुट्टै प्राधिकरण वा बोर्ड नै चाहिन्छ भनेर सरोकारवालाहरूले आवाज उठाइरहेका बेला विज्ञापन नियमनका लागि यो विधेयक ल्याइएको छ ।

नेपालमा विज्ञापनलाई नियमन गर्न ल्याइएको यो छुट्टै विधेयक हो । यसअघि नेपालमा जारी विभिन्न नीतिगत व्यवस्थाबाट विज्ञापन नियमन गर्ने गरेको पाइन्छ । राष्ट्रिय प्रसारण ऐन २०४९, पत्रकार आचारसंहिता, विज्ञापनसम्बन्धी दीर्घकालीन नीति २०५९, राष्ट्रिय आमसञ्चार नीति २०७३ लगायत अन्य विभिन्न नीतिगत व्यवस्थाबाट विज्ञापनलाई व्यवस्थित र नियमन गर्ने कार्य हुँदै आएको थियो ।

विभिन्न सरोकारवाला निकायसँगको छलफल तथा सुझावसहित एकीकृतरूपमा विज्ञापन नियमन गर्न विधेयक आएको छ । विधेयकमा विभिन्न माध्यम, जस्तै- होर्डिङ बोर्ड, रेडियो, टेलिभिजन, पत्रपत्रिकासँगै नयाँ मिडियामा प्रकाशन तथा प्रसारण गरिने विज्ञापनलाई नियमन गर्नका लागि विभिन्न व्यवस्था राखिएको छ ।

## विधेयकका मुख्य प्रावधान

**विज्ञापन बोर्ड :** विधेयकमा विज्ञापन बोर्डको स्थापनासँगै विज्ञापन नियमन गर्न बोर्डको भूमिका उल्लेख छ । बोर्डमा अध्यक्षसहित ९ जना पदाधिकारी रहने व्यवस्था छ । बोर्डको मुख्य जिम्मेवारीमा विज्ञापनबारे राष्ट्रिय नीति तय गर्ने, सञ्चार माध्यमबाट प्रसारण गरिने विज्ञापन परीक्षण गर्ने, अनुगमन तथा कारवाही गर्नेसम्मको अधिकार तोकिएको छ । यस्तै बोर्डले सञ्चार माध्यमहरूलाई सरकारबाट उपलब्ध सार्वजनिक हितसम्बन्धी विज्ञापन समानुपातिकरूपमा वितरण गर्ने उल्लेख छ ।

**विज्ञापनरहित विदेशी टिभी च्यानल :** विधेयकमा नेपालबाट प्रसारण हुने कुनै पनि विदेशी च्यानल विज्ञापनरहित (क्लिनफिड) हुनुपर्ने व्यवस्था छ । यस्तै विधेयकले विदेशी विज्ञापन 'डबिङ' गरेर प्रसारण गर्न रोक लगाएको छ ।

**अनलाइन माध्यमबाट इमेल र एसएमएसबाट विज्ञापन :** यस विधेयकको मुख्य व्यवस्था भनेकै आमसञ्चार जगतमा प्रविधिले पारेको प्रभाव, जस्तै- अनलाइन तथा इन्टरनेट माध्यमबाट हुने विज्ञापनलाई नियमन गर्ने विषय समेटिएको छ । विधेयकले सम्बन्धित व्यक्तिको मन्जुरीबिना इमेल अथवा मोबाइलमा एसएमएस विज्ञापनमूलक सन्देश पठाउन रोक लगाएको छ । यो नयाँ मिडिया प्रयोगबाट हुन सक्ने डिजिटल विज्ञापन नियमन गर्ने पहिलो कदम हो ।

**विज्ञापन निषेधित क्षेत्र :** विधेयकमा स्थानीय तहले निर्धारण गरेको मापदण्डका आधारमा धार्मिक, सांस्कृतिक वा पुरातात्विक स्थल, शिक्षण वा स्वास्थ्य संस्थाले चर्चेको

क्षेत्रमा निश्चित दूरीभित्र सबै प्रकारका विषय वा कुनै खास प्रकारका विषयमा विज्ञापन गर्न नपाउने गरी निषेधित क्षेत्र तोक्न सक्ने व्यवस्था छ ।

**प्रदेश तथा स्थानीय तहमा विज्ञापन** : स्थानीय तथा प्रदेशस्तरीय सञ्चार माध्यमबाट गरिने विज्ञापनको नियमन तथा अनुगमन स्थानीय तथा प्रदेश तहले गर्ने उल्लेख छ ।

**विज्ञापनमा गर्न नपाइने** : दफा ५ मा २४ वटा बुँदामा विज्ञापन गर्न नपाइने व्यवस्था छ ।

**सूचीकृत हुनुपर्ने** : विज्ञापनसम्बन्धी काम गर्ने विज्ञापन एजेन्सीहरू विज्ञापन बोर्डमा सूचीकृत हुनुपर्नेछ ।

**कसुर र सजाय** : कानुनविपरित विज्ञापन गरेको खण्डमा जरिवाना तथा कैद वा दुवै सजायको व्यवस्था विधेयकमा छ । जरिवाना १ लाखदेखि ५ लाख रूपियाँसम्म गर्न सक्ने उल्लेख छ भने कैद सजाय ३ देखि ५ वर्षसम्म राखिएको छ ।

## विधेयकका मूलभूत समस्या तथा सुझाव

- विज्ञापन बोर्ड गठनमा समावेशी सिद्धान्त आत्मसात् गरेको देखिँदैन । बोर्डमा एकजना मात्र महिलाको प्रतिनिधित्व हुने उल्लेख छ ।
- मन्जुरी नलिइ इमेल वा एसएमएसबाट विज्ञापन गर्न नपाइने, विधेयकको दफा १० को सन्दर्भमा कानुनतः व्याख्या गर्नुपर्ने आवश्यकता देखिन्छ । जस्तै- मन्जुरी कसरी लिन सकिन्छ भन्ने विषयको व्याख्या गर्न आवश्यक छ । Anti-spam कानुनबारे स्पष्ट हुनु आवश्यक देखिन्छ । त्यसमा विज्ञापन पनि पर्छ ।
- विज्ञापनको प्रभावमा मुख्यतः बालबालिका र युवा समूह पर्ने हुँदा यस विधेयकमा सो समूहमा पर्न सक्ने नकारात्मक प्रभावबारे केही उल्लेख छैन । बालबालिका तथा युवाका विषयमा छुट्टै दफा राख्न आवश्यक देखिन्छ । बालबालिका र युवा समूह विषयमा छुट्टै कानूनी व्यवस्था गरिएको अन्तर्राष्ट्रिय अभ्यास पाइन्छ ।
- विज्ञापनरहित व्यवस्था लागु गर्ने विषयमा विधेयक स्पष्ट देखिए पनि समय किटान गरिएको छैन । विधेयकको दफा ६ मा '... नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिदेखि विज्ञापनरहित प्रसारण गर्नुपर्नेछ...' उल्लेख गरिएको छ । विधेयकमै राजपत्रमा प्रकाशित गर्ने समयसीमा उल्लेख गरेको भए कार्यान्वयन हुने समय स्पष्ट हुन्थ्यो ।
- यस्तै मस्यौदाको दफा ६ र दफा १५ को खण्ड (च) आपसमा बाझिएको देखिन्छ । दफा १५ को खण्ड (च) मा विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्डविपरित प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाहीका लागि मन्त्रालयमा सिफारिस गर्ने भन्ने कुरा उल्लेख छ जबकि क्लिनफिड लागु भइसकेको अवस्थामा खण्ड (च) को प्रावधान औचित्यपूर्ण देखिँदैन अथवा यस खण्डको सुरूमा 'क्लिनफिड लागु हुनुपूर्व' भन्ने वाक्यांश थप्न आवश्यक हुन्छ ।

- कसूर तथा सजायको हकमा दफा २५ को सन्दर्भमा कैद सजाय ३ देखि ५ वर्ष गर्न सकिने उल्लेख गरिएकामा देशको सार्वभौमसत्ता, अखण्डतालगायतका विषय दफा ५ को उपदफा २ को खण्ड क, ख, ग मा गम्भीर प्रकृतिको कसुरको हकमा कम सजाय र जरिवाना गरिने व्यवस्था तोकिएको छ भने व्यावहारिकरूपमा हुन सक्ने क्रियाकलाप, जस्तै- जुवा, चिट्ठाबारे विज्ञापनलगायत दफा ५ को उपदफा १ को खण्ड क, ख, ग कसुरमा जरिवाना तथा कैद सजाय बढी देखिन्छ । यसले राष्ट्रघात गर्नेभन्दा अन्य व्यावहारिकरूपमा कानुन उल्लङ्घन गर्नेलाई राज्यले गम्भीररूपमा लिएको देखिन्छ ।
- फौजदारी अभियोग भन्दा देवानी संहिताअनुसार दण्ड तथा जरिवाना गर्ने व्यवस्था राख्न उचित हुन्छ ।
- प्रस्तावित विज्ञापन बोर्डको काम, कर्तव्य र अधिकार दफा १५ (ड) मा सार्वजनिक हितसम्बन्धी सबै विज्ञापन ...समानुपातिकरूपमा वितरण गर्ने उल्लेख छ। सार्वजनिक हितको स्पष्ट व्याख्या गर्न आवश्यक देखिन्छ । सार्वजनिक हितले विशेषगरी लोककल्याणकारी विज्ञापन जनाउने हुँदा बोर्डको क्षेत्राधिकार सार्वजनिक हितभन्दा लोककल्याणकारी विज्ञापन मात्रै वितरण गर्ने भन्ने बुझिने हुँदा सरकारले प्रतिबद्धता जाहेर गरेको सबै सरकारी निकायको सूचना तथा विज्ञापन समानुपातिकरूपमा वितरण गर्ने विषय ओझेलमा पर्न गएको देखिन्छ । सरकारले १० वर्षअघि समानुपातिक विज्ञापन नीति सुझाव कार्यदल २०६५ को प्रतिवेदनमा उल्लिखित सुझावअनुसार विज्ञापन प्राधिकरण स्थापनाको परिकल्पना गरिएको थियो । यस कानुनमा प्राधिकरणको सट्टा बोर्ड व्यवस्था गरे पनि सरकारको निकायबाट गरिने सम्पूर्ण विज्ञापन एकीकृतरूपमा प्रदान गर्ने विषयमा यो कानुन मौन देखिन्छ । विज्ञापन समानुपातिकरूपमा वितरण गर्न सूचना वा विज्ञापनको समानुपातिक वितरण प्रणालीसम्बन्धी निर्देशिका, २०६९ जारी गरिए पनि त्यो लागु हुन सकेन । यो सन्दर्भमा समानुपातिक विज्ञापन प्रणाली लागु गर्ने विषय बोर्डको क्षेत्राधिकारभित्र नपर्ने देखिन्छ ।
- प्रस्तावित विज्ञापन बोर्ड र प्रदेश स्तरमा दफा २३ अन्तर्गत बन्ने अनुगमन तथा नियमनको कार्य गर्ने समितिबीच कुनै प्रकारको सम्बन्ध कायम गर्ने सेतु देखिँदैन । यसले दीर्घकालीन प्रभाव पार्ने सम्भावना रहन्छ । जस्तो- ३ नम्बर प्रदेश सरकारको स्वीकृति लिएर सञ्चालन भएका मिडिया र सङ्घीय सरकारबाट स्वीकृति लिइ सञ्चालित मिडिया एकै ठाउँमा (जस्तै- काठमाडौंमा) रहेर पनि दुईप्रकारको नीति नियमभित्र रही प्रकाशन/प्रसारण गर्दा प्रदेश र सङ्घीय कानुनको अधिकारको टकरावमा मिडिया पर्न सक्छन् । त्यसैले विज्ञापन बोर्ड र प्रदेश सरकारबाट बन्ने समितिबीच समन्वयकारी सम्बन्ध स्थापना हुन आवश्यक छ ।

## दफावार समस्या र सुझाव

| परिच्छेद | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २ | **दफा ६- विज्ञापनरहित प्रकाशन वा प्रसारण गर्नुपर्ने :**<br>१. नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ । | **विज्ञापनरहित प्रसारण गर्नुपर्ने :**<br>१. नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी (लागु हुने मिति उल्लेख गर्नुपर्ने वा...) देखि विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ । | प्रकाशन शब्द हटाउनुपर्ने, यो दफा प्रसारणको विषयसँग मात्र सम्बन्धित भएकाले ।<br>'नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ' भन्ने वाक्य अनिश्चय र अमूर्त भएकाले मिति नै उल्लेख गर्न आवश्यक छ । |
| २ | दफा १०- मन्जुरी नलिइ इमेल वा एसएमएसबाट विज्ञापन गर्न नहुने :<br>१. सम्बन्धित व्यक्तिको मन्जुरीबिना कसैको इमेल वा मोवाइलमा इमेल वा एसएमएसबाट विज्ञापनमूलक सन्देश वा इमेल पठाउन पाइने छैन । | ...................... | कानुनतः यस्ता कार्य रोक लागउने प्रयास उपभोक्ताको हितमा छ । उपभोक्तको मन्जुरी कसरी लिने भन्ने कुरा कानुनतः स्पष्ट हुन आवश्यक छ । यसको व्याख्या तथा कार्यविधि तयार गनुपर्ने हुन्छ । |
| २ | दफा १५ खण्ड (च)- विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्ड विपरित प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाहीका लागि मन्त्रालयमा सिफारिस गर्ने । | क्लिनफिड लागु हुनुपूर्व विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्ड विपरित प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाहीका लागि मन्त्रालयमा सिफरिस गर्ने । | क्लिनफिड लागु हुनुपूर्व भन्ने वाक्यांश थप्न उपयुक्त हुने ।<br>क्लिनफिड लागु भएपछि यो खण्डको औचित्य समाप्त हुन्छ । |
| ३ | दफा १५ (ड)- सञ्चार माध्यमहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा बोर्डमार्फत समानुपातिकरूपमा वितरण गर्ने । | सञ्चार माध्यमहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी लोककल्याणकारी विज्ञापन र सूचना वा विज्ञापन तोकिएको आधारमा बोर्डमार्फत समानुपातिकरूपमा वितरण गर्ने । | लोककल्याणकारी विज्ञापन र सूचना वा विज्ञापन थप गरे स्पष्ट हुन्छ । |

**टिप्पणी तथा सुझाव**

वैशाख, २०७६




# सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## पृष्ठभूमि

सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले दुई पाटो समेट्न खोजेको छ । एउटा हो– हाल विद्युतीय कारोबार ऐनले समेट्दै आएको सूचना प्रविधिको विकास, प्रवर्द्धन र नियमन गर्ने, विद्युतीय अभिलेख तथा हस्ताक्षरको मान्यता, सत्यता र विश्वसनीयतालाई नियमित गर्नेलगायत विषय । अर्को हो– साइबर अपराध र सामाजिक सञ्जालको विषय । यसअघि दोस्रो विषयलाई एकमुष्टरूपमा विद्युतीय कारोबार ऐनको दफा ४७ एकमात्रै दफाको प्रयोग गरिन्थ्यो । दफा ४७ लाई नै टेकेर अनलाइन मिडिया अथवा सामाजिक सञ्जालहरूबाट संप्रेषण भएका सामग्रीलाई लिएर पक्राउदेखि मुद्दा दायर हुँदै आएको छ । पत्रिकामा प्रकाशित सामग्रीलाई अनलाइनमा साभार गर्दा यही ऐनको दफा ४७ मार्फत नै अनलाइनलाई कारबाही हुने तर मूल स्रोतमा प्रकाशित सामग्रीको विषय भने नसमेटिने हुँदा कानुनी प्रक्रियामा विरोधाभाष देखिँदै आएको छ ।

## उद्देश्य

सूचना प्रविधिको विकास, प्रवर्द्धन, नियमनलाई प्रमुख उद्देश्यका रूपमा यस ऐनले ग्रहण गरेको छ । साइबर अपराध नियन्त्रणसँगै सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्यसमेत यस ऐनले लिएको देखिन्छ ।

प्रस्तावित विधेयकको मस्यौदामा रहेका मूलभूत समस्या र सुझावलाई यहाँ प्रस्तुत गरिएको छ ।

## सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका समस्या

सरकारले संसद्मा पेश भइ समितिमा दफावार छलफलमा रहेको सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र पत्रकारितासँग सम्बन्धित निम्नानुसारका समस्या छन् ः

## प्रस्तावनामा नै समस्या

परिच्छेद १ (३) मा भनिएको छ– यो ऐन नेपालभर लागु हुनेछ र यो ऐनको उल्लङ्घन गरी कसुर गर्ने जहाँसुकै रहे/बसेको व्यक्तिसमेतलाई यो ऐन लागु हुनेछ । सूचना प्रविधिले सबैभन्दा पहिले राष्ट्रिय सीमाको दायरालाई तोड्ने गर्छ । सूचना प्रविधिको विशेषता अथवा चुनौती भनेकै जहाँसुकैबाट पनि प्रयोग गर्न सकिने भन्ने हो । जहाँबाट पनि सञ्चालन गर्न सकिने भएकाले यसको व्याख्या गर्दा विशेषरूपमा ख्याल गर्नुपर्ने हुन सक्छ । नेपालभर लागु हुने ऐनअनुसार जहाँसुकै ('जहाँसुकै' शब्द अमूर्त छ) रहे/बसेको व्यक्तिमा यो ऐन लागु हुनेछ भनिएको छ । सूचना प्रविधिको पछिल्लो विकासक्रमले आमसञ्चारकै परम्परागत परिभाषा फेरेको अवस्थामा यसलाई हेर्ने दृष्टिकोणको दायरा पनि फराकिलो हुनुपर्ने देखिएको छ ।

## मूलभूतरूपमा यसमा देखिएका समस्या

- दफा ८६ ले व्यवस्था गरेको अश्लील सामग्री निषेधको विषयमा अश्लीलताको परिभाषा छैन । यसलाई बाल यौनजन्य सामग्री (चाइल्ड पोर्नोग्राफी) र असहमति, जबर्जस्ती गरिएका यौनजन्य सामग्रीका रूपमा स्पष्ट उल्लेख गरिनुपर्छ ।
- दफा ९१ मा सामाजिक सञ्जाल सञ्चालन गर्न दर्ता गर्नुपर्ने प्रावधान राखिएको छ । यसलाई दर्ता गर्ने वा नेपालका लागि सम्पर्क व्यक्ति तोक्ने प्रावधान राखिनुपर्छ । उपदफा ३ मा रहेको दर्ता नभएको व्यक्तिले सञ्चालन गरेको सामाजिक सञ्जालको प्रयोगमा नेपाल सरकारले रोक लगाउन सक्ने प्रावधान छ । यो सबैभन्दा विवादित विषय हो । अभिव्यक्ति स्वतन्त्रता र नियन्त्रण यससँगै जोडिएका छन् । उदाहरणका लागि फेसबुकले नेपालमा दर्ता हुन चाहेन भने के यसको प्रयोगमा निषेध हुने हो ?
- दफा ९२ मा यस ऐनबमोजिमको कसुर ठहरिने विषयवस्तु सामाजिक सञ्जालमा सम्प्रेषण गरेको वा गर्न लागेको विषयमा एक सरकारी प्रशासनिक विभागले त्यस्तो विषयवस्तु वा सूचना हटाउन तत्काल सामाजिक सञ्चालकलाई निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ । यसले विचार र अभिव्यक्तिमाथि पूर्वप्रतिबन्धको अवस्था सिर्जना गर्छ र विधेयकको नियन्त्रणमुखी चरित्र उजागर गर्छ । ऐनबमोजिमको कसुर हो वा हैन ठहर गर्ने विषय अदालतलाई छाड्नुपर्छ । यसको निर्क्योल गर्ने काम सरकार मातहतको विभागका कुनै कर्मचारी कुनै पनि हालतमा हुन सक्दैनन् । यो दफामा कसुरमा मात्र हैन, गर्दै नगरेको कसुरमा समेत कारबाही गर्ने नियत देखिन्छ ।
- दफा ९४ मा सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयषवस्तुका ६ वटा बुँदा उल्लेख छ । यी विषय तत्कालै हटाउन वा हटाउन लगाउनका लागि विभागले सामाजिक सञ्जाल सञ्चालकलाई निर्देशन दिने प्रावधान राखिएको छ । कुनै पनि विषय हो वा हैन ठहर गर्ने काम सरकार वा मातहतको निकायको हैन । कसैको चरित्र हत्या बिनातथ्य वा आधार गरिएको हो कि हैन भनेर अनुसन्धान गर्ने र निर्क्योल गर्ने काम अदालतको हो । त्यसैले विभागले अनुसन्धान र ठहर दुवै काम गर्नु लोकतान्त्रिक हुँदैन । ९४ (१) मा उल्लेख गरिएको 'कुनै व्यक्तिलाई जिस्क्याउने, झुक्याउने, होच्याउने, हतोत्साही गर्ने, हप्काउने, घृणा तथा द्वेष उत्पन्न गराउने वा प्रापकलाई भ्रमित पार्ने आशय' भन्दै आफूअनुकूलका सन्देशमात्र प्रवाह गराउने गरी नियन्त्रणमुखी अवधारणालाई पृष्ठपोषण गर्न खोजेको देखिन्छ ।
- दफा ९८ (२९) मा व्यवस्था भएको सामाजिक सञ्जालमा प्रेषित कसुरजन्य सामग्रीमा हुने सजाय अस्वाभाविक छ र कसुरको गाम्भीर्यसँग समानुपातिक देखिँदैन । उदाहरणका लागि, 'कुनै व्यक्तिलाई जिस्क्याउने, झुक्याउने, होच्याउने, हतोत्साही गर्ने, हप्काउने, घृणा तथा द्वेष उत्पन्न गराउने वा प्रापकलाई भ्रमित पार्ने आशय' कसुरको सजाय ५ वर्ष कैद र १५ लाखसम्म जरिवाना प्रस्ताव गरिएको छ । नेपालका अन्य कानुन हेर्दा

ज्यान मार्ने उद्योग गरेमा १० वर्ष र १ लाख एवं जबर्जस्ती करणीमा ७ देखि १० वर्ष कैदको व्यवस्था छ ।

- विद्यमान अन्य कानुनसँग बाझिएका प्रावधान पनि यसमा छन् । विधेयकको दफा ७६ मा विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गरेमा ५ लाख रूपियाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवैको व्यवस्था गर्न खोजिएको छ भने वैयक्तिक गोपनीयतासम्बन्धी ऐनको दफा १९ मा विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग भएमा दफा २९ को कसुर र सजाय प्रावधानअन्तर्गत ३ वर्षसम्म कैद वा ३० हजार जरिवाना छ ।
- दफा १०३ मा यस ऐनबमोजिमको कसुरसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सूचना प्रविधि अदालतलाई र त्यस्तो अदालत गठन नभएसम्मका लागि सम्बन्धित जिल्ला अदालतलाई क्षेत्राधिकार तोकिएको छ । सामाजिक सञ्जालका लागिमात्र विभागले निर्क्योल गर्ने, कारबाही गर्ने र निर्देशन दिने दोहोरो मापदण्ड लगाउनु हुँदैन ।
- ऐनले सामाजिक सञ्जाललाई मात्र ध्यान दिएको छ । कसैले सामाजिक सञ्जालबिना वेबसाइट बनाइ इन्टरनेटमा आपराधिक गतिविधि गरेमा त्यसलाई कारबाहीको दायरामा ल्याउन कठिन हुने देखिन्छ ।

## बुँदागत समस्या र सुझाव

| बुँदा नम्बर | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १ (३०) | यो ऐन नेपालभर लागु हुनेछ र यो ऐनको उल्लङ्घन गरी कसुर गर्ने जहाँसुकै रहे बसेको व्यक्तिसमेतलाई यो ऐन लागु हुनेछ। | हटाउने | बुँदा १ (१) र १ (२) ले बोल्ने भएकाले हटाउँदा फरक पर्दैन । |
| दफा ५७ | **पृष्ठपोषण लिन सक्ने :** (१) नेपाल सरकारले कानुन तर्जुमा वा नीति निर्माण गर्दा आवश्यकताअनुसार विद्युतीय माध्यमबाट सर्वसाधारणको पृष्ठपोषण लिन सक्नेछ । | **प्रतिक्रिया र सुझाव लिन सक्ने :** (१) नेपाल सरकारले कानुन तर्जुमा वा नीति निर्माण गर्दा आवश्यकताअनुसार विद्युतीय माध्यमबाट सर्वसाधारणको प्रतिक्रिया र सुझाव लिन सक्नेछ । | पृष्ठपोषण शब्दले भन्दा प्रतिक्रिया र सुझाव शब्दले अर्थ राम्रोसँग खुलाउने हुँदा । |

| बुँदा नम्बर | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ५८ (४) | सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नाम गभर्मेन्ट डट एनपीअन्तर्गत दर्ता गर्नुपर्नेछ । | सरकारी निकायका वेबसाइटहरू जिओभी डट एनपी (gov.np) मा दर्ता गर्नुपर्नेछ । | विश्वका कुनै पनि देशमा सरकारी वेबसाइट गभर्मेन्टमा दर्ता हुँदैनन् । यसका लागि छोटकरी शब्द gov प्रयोग हुन्छ । |
| दफा ८६ | कसैले विद्युतीय प्रणालीको माध्यमबाट कुनै अश्लील सामग्रीको उत्पादन, सङ्कलन गर्न, उपलब्ध रहेको जानकारी संप्रेषण गर्न, देखाउन, वितरण गर्न, प्रकाशन गर्न, प्रदर्शन गर्न, प्रसार गर्न वा बिक्री गर्न वा सञ्चय गर्न हुँदैन । | यसलाई बाल यौनजन्य सामग्री (चाइल्ड पोर्नोग्राफी) र असहमति, जबर्जस्ती गरिएका यौनजन्य सामग्रीका रूपमा स्पष्ट उल्लेख गरिनुपर्छ । | अश्लीलको परिभाषा के हो ? यो अमूर्त भएकाले त्यसलाई व्याख्या गर्न आवश्यक छ । |
| दफा ९१ | १. सामाजिक सञ्जाल सञ्चालन गर्न चाहने व्यक्तिले यस ऐनबमोजिम विभागमा दर्ता गर्नुपर्नेछ ।<br>२. यो ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल तोकिएको समयभित्र विभागमा दर्ता हुनुपर्नेछ ।<br>उपदफा (१) बमोजिम नेपालमा दर्ता नभएको व्यक्तिले सञ्चालन गरेको सामाजिक सञ्जालको प्रयोगमा नेपाल सरकारले रोक लगाउन सक्नेछ । | १ र २ मा दर्ता अथवा आफ्नो प्रतिनिधि संस्था या व्यक्ति तोक्ने (सम्पर्क व्यक्ति) प्रावधान बढी व्यावहारिक हुने देखिन्छ ।<br><br>३ मा दर्ता नभएको खण्डमा निषेध हुन सक्ने भन्ने वाक्यले नियन्त्रणमुखी चरित्र देखाउने भएकाले सामाजिक सञ्जालबाट हुन सक्ने आपराधिक गतिविधि नियन्त्रणका लागि सहजकर्ता राख्ने व्यवस्था गर्न सकिन्छ । अथवा गैरकानुनी गतिविधि, आपराधिक क्रियाकलाप, यौन दूराचार जस्ता विषयवस्तुलाई निषेध गर्ने सञ्चालन नीति लिएका सामाजिक सञ्जाललाई निर्वाध प्रयोग हुन दिने प्रावधान राख्न सकिन्छ । | |

| बुँदा नम्बर | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ९२ | कसैले यस ऐनबमोजिम कसुर ठहरिने विषयवस्तु सामाजिक सञ्जालमा सम्प्रेषण गरेको वा गर्न लागेको विषयमा विभागले त्यस्तो विषयवस्तु वा सूचना हटाउन तत्काल सम्बन्धित सामाजिक सञ्जाल सञ्चालकलाई निर्देशन दिन सक्नेछ । | यो प्रावधानले पनि नियन्त्रणमुखी चरित्र नै देखाउने हुँदा सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने (दफा ९४) को प्रावधानलाई सामाजिक सञ्जालका सञ्चालकलाई उनीहरूको नीतिमै समावेश गर्न प्रेरित गर्ने र उनीहरूको नीतिमा ती विषय समेटिएका भए निर्वाध प्रयोग गर्न दिने | उदाहरणका लागि- सामाजिक सञ्जालका नीतिले नाङ्गा तस्बिरलाई निषेध गर्छ भने त्यहाँ उजुरीका लागि अप्सनको व्यवस्था हुन्छ । त्यसलाई प्रेरित गर्ने । |
| दफा ९४ | सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने ६ वटा बुँदा | यीमध्ये अधिकांश विषयलाई फौजदारी संहिताले नै समेटिसकेकाले त्यसअनुसार नै कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्ने देखिन्छ ।<br>(२) मा विभागले सामाजिक सञ्जालमा भएका विषय हटाउन निर्देशन दिने अधिकार नियन्त्रणमुखी भएकाले त्यसको छिनोफानो न्यायिक निकायबाट हुनु नै उपर्युक्त हुन्छ । | |
| दफा १०३ | यस ऐनबमोजिमको कसुरसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा गर्ने अधिकारी दफा ११५ बमोजिमको अदालतलाई हुनेछ । | मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सूचना प्रविधि अदालतलाई र त्यस्तो अदालत गठन नभएसम्मका लागि सम्बन्धित जिल्ला अदालतलाई क्षेत्राधिकार तोकिएको छ । सामाजिक सञ्जालका लागि मात्र विभागले निर्क्योल गर्ने, कारबाही गर्ने र निर्देशन दिने दोहोरो मापदण्ड लगाउनु हुँदैन । | |

# प्रादेशिक नीति
# तथा कानुन

प्रदेश नं. १

**टिप्पणी तथा सुझाव**

माघ, २०७५




# प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७५

## पृष्ठभूमि

प्रदेश १ मा आमसञ्चारसम्बन्धी छुट्टै नीति तयार पारिएको छैन । तर प्रसारण माध्यम नियमन गर्न 'प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५' असार ६ गते पारित भई लागु भइसकेको छ ।* सुरूमा मस्यौदा गरिएको विधेयकमा रेडियो, एफएम र टेलिभिजन बन्द गर्ने अधिकार प्रदेश सरकारलाई दिएको भन्दै नेपाल पत्रकार महासङ्घ प्रदेश समितिदेखि सांसदहरूले समेत विरोध गरेपछि प्रदेश संसद्ले ती प्रावधान संशोधन गर्दै पारित गरेको हो ।

## विधेयकमाथि संशोधन

| बुँदा नम्बर | विधेयकमा व्यवस्था | संशोधनको बेहोरा | ऐनमा व्यवस्था |
|---|---|---|---|
| दफा ११ उपदफा १ | **दफा ११(१) प्रसारणमा रोक लगाउन सकिने** : एकपटकमा ६ महिना नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । | **दफा ११ (१) प्रसारणमा सचेत गराउन सकिने** : 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलोपटक सचेत गराउन सक्नेछ ।<br>(विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई (नेकपा) र केदार कार्की (नेपाली कङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन बेहोरा) ।<br>रोक लगाउने हटाएर जरिवाना गर्ने व्यवस्था हुनुपर्ने (संविधानको धारा १९ को मर्म विपरित) 'प्रसारणपूर्व रोक लगाइने छैन ।'<br>(नेपाली कङ्ग्रेसका सांसद केदार कार्कीले दर्ता गराएका संशोधन बेहोरा) । | **दफा ११ (१) प्रसारणमा सचेत गराउन सकिने** : नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीच सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नौतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सकारकारले पहिलोपटक सचेत गराउन सक्नेछ । |

*यो विधेयकका विषयमा सिएमआर-नेपालले पारित हुनुअघि पनि समीक्षा गरेको थियो ।

| बुँदा नम्बर | विधेयकमा व्यवस्था | संशोधनको बेहोरा | ऐनमा व्यवस्था |
|---|---|---|---|
| दफा ११ उपदफा २ | | दफा ११ उपदफा २ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्यको प्रसारण गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले रू. १० हजारदेखि रू. १ लाखसम्म जरिवाना गर्न सक्नेछ । तर जरिवाना गर्नुअघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ ।<br>(विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई (नेकपा) र केदार कार्की (नेपाली कङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएका संशोधन बेहोरा) । | उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्यको प्रसारण गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजारदेखि १ लाखसम्म जरिवाना गर्न सक्नेछ । तर जरिवाना गर्नुअघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिनुपर्नेछ भनी थप गरिएको छ । |
| दफा १२ उपदफा १ | *दफा १२ उपदफा १ : कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रशारण गरेमा सम्बन्धित मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलोपटक सचेत गराउन सक्नेछ ।* | यो व्यवस्था पूरै हटाउनुपर्ने । (विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई (नेकपा) र केदार कार्की (नेपाली कङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएका संशोधन बेहोरा) ।<br>इजाजतपत्र खारेज गर्न सक्ने व्यवस्था खारेज गर्ने वाक्य हटाइ नियमन गर्ने भन्ने थप्ने (संविधानको धारा १९ को २ को प्रतिकूल रहेको) ।<br>(नेपाली कङ्ग्रेसका सांसद केदार कार्कीले दर्ता गराएका संशोधन बेहोरा)<br>यो व्यवस्था पूरै हटाउनुपर्ने ।<br>(नेकपाका सांसद विमल कार्कीले दर्ता गराएका संशोधन बेहोरा) । | यो प्रावधान हटाइएको । |

| बुँदा नम्बर | विधेयकमा व्यवस्था | संशोधनको बेहोरा | ऐनमा व्यवस्था |
|---|---|---|---|
| दफा १२, उपदफा २ | **दफा १२ उपदफा २ :** उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । | यो व्यवस्था पूरै हटाउनुपर्ने । (विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई (नेकपा) र केदार कार्की (नेपाली कङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएका संशोधन बेहोरा) यो व्यवस्था पूरै हटाउनुपर्ने । (नेकपाका सांसद विमल कार्कीले दर्ता गराएका संशोधन बेहोरा) । | यो प्रावधान हटाइएको । |
| दफा १२, उपदफा ३ | **दफा १२ उपदफा ३** : उल्लिखित उपदफा २ बमोजिम इजाजतपत्र रद्द गर्नुअघि प्रदेश सरकारले यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ । | यो व्यवस्था पूरै हटाउनुपर्ने । (विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई (नेकपा) र केदार कार्की (नेपाली कङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएका संशोधन बेहोरा) यो व्यवस्था पूरै हटाउनुपर्ने । (नेकपाका सांसद विमल कार्कीले दर्ता गराएका संशोधन बेहोरा) । | यो प्रावधान हटाइएको । |
| दफा १६ उपदफा १ (क) | **दफा १६ उपदफा १(क)** : राजनितिक दलहरूलाई प्रतिकूल असर गर्ने गरी विज्ञापन प्रासारण गर्न पाइने छैन । | राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने हटाउनुपर्ने । (नेपाली कङ्ग्रेसका सांसद केदार कार्कीले दर्ता गराएका संशोधन बेहोरा) । | **दफा १५ उपदफा १(क)** : गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने भन्ने थप गरिएको छ । |

प्रदेश संसद्मा प्रतिपक्षी दल नेपाली कङ्ग्रेसका सांसदले मात्रै होइन, सत्तापक्ष नेकपाका सांसदले समेत विधेयकमाथि संशोधन प्रस्ताव हालेका थिए । नेकपाका सांसद विमल कार्की, सावित्राकुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्रकुमार राई र नेपाली कङ्ग्रेस संसदीय दलका

प्रमुख सचेतकसमेत रहेका सांसद केदार कार्कीले संशोधनको सूचना दर्ता गराएका थिए । उनीहरूले दर्ता गराएका सूचनाअनुसार दफा ११ को उपदफा १ मा 'प्रसारणमा रोक लगाउन सकिने' व्यवस्थामा प्रसारणमा सचेत गराउन सकिने हुनुपर्ने जनाउँदै 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलोपटक सचेत गराउन सक्नेछ' उल्लेख गरियो ।

त्यही दफाको उपदफा २ मा 'उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरित कुनै कार्यको प्रसारण गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले रू. १० हजारदेखि रू. १ लाखसम्म जरिवाना गर्न सक्नेछ । तर जरिवाना गर्नुअघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ' भन्ने उल्लेख गरियो ।

त्यस्तै दफा १२ को उपदफा १ मा कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा सम्बन्धित मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलोपटक सचेत गराउन सक्नेछ भनी उल्लेख भएकोमा यो व्यवस्था पूरै हटाउन सुझाव दिइएको थियो । उपदफा २ मा उल्लिखित उपदफा १ बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ र उपदफा ३ मा उल्लिखित उपदफा २ बमोजिम इजाजतपत्र रद्द गर्नुअघि प्रदेश सरकारले यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ भनी उल्लिखित भएको व्यवस्था पूरै हटाउन सुझाव दिइएको थियो । दफा १६ को उपदफा १(क) राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरूको सट्टा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू हुनुपर्ने सुझाव पनि दिइएको थियो ।

त्यस्तै नेपाली कङ्ग्रेसका सांसद केदार कार्कीले दफा ११ रेडियो, एफएम र टेलिभिजन प्रसारणमा रोक लगाउन सक्ने व्यवस्थाको सट्टा यस्तो संशोधनको बेहोरा दर्ता गराएका थिए- 'रोक लगाउने हटाएर जरिवाना गर्ने व्यवस्था हुनुपर्ने (संविधानको धारा १९ को मर्मविपरित प्रसारणपूर्व रोक लगाइने छैन ।' त्यस्तै दफा १२ इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्थाको सट्टा यस्तो व्यवस्था थियो- 'इजाजतपत्र खारेज गर्न सक्ने व्यवस्था खारेज गर्ने वाक्य हटाइ नियमन गर्ने भन्ने थप्ने (संविधानको धारा १९ को २ को प्रतिकूल रहेको ।' त्यस्तै दफा १६ क को विज्ञापन प्रसारणमा राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका

कुराहरूको सट्टा राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने हटाउनुपर्ने भनी संशोधनको बेहोरा हालेका थिए । नेकपाका सांसद विमल कार्कीले धारा १२ को १, २ र ३ मा रहेको व्यवस्था सबै हटाउनुपर्ने संशोधन दर्ता गराएका थिए ।

त्यस्तै नेपाल पत्रकार महासङ्घ १ नम्बर प्रदेश समितिले पनि विधेयकमा समावेश केही प्रावधानप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै दफा ११ र १२ मा उल्लिखित विषय संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको मर्म र भावनाविपरित प्रसारण माध्यमको प्रसारणमा रोक लगाउने र इजाजत रद्द गर्नेसम्मको प्रावधान भनी टिप्पणी गरेको थियो । र, महासङ्घ प्रदेश समितिले यी प्रावधान हटाउन र संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न प्रदेश सरकार र संसद्मार्फत सबै सांसदसँग माग पनि गरेको थियो । जे होस्, महासङ्घ प्रदेश समिति र सांसदहरूले दर्ता गराएका संशोधनको बेहोराअनुसार प्रदेश नम्बर १ को संसद्ले विधेयकलाई संशोधनसहित पारित गरेको हो ।

## निष्कर्ष

प्रदेश नम्बर १ को संसद्ले पत्रकार महासङ्घ प्रदेश समितिको माग र सांसदहरूको संशोधनको बेहोराअनुसार 'प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई संशोधन गर्दै २०७५ असार ६ गते पारित गरेको हो । प्रसारणमा रोक लगाउन सकिने दफा ११ को प्रावधानलाई संशोधन गर्दै पारित विधेयकमा प्रसारणमा सचेत गराउन सकिने व्यवस्था राखिएको छ । त्यस्तै दफा १२ मा रहेको इजाजतपत्र रद्द गर्न सकिने व्यवस्थालाई हटाएर मात्रै विधेयक पारित गरिएको हो । दफा १६ को विज्ञापन प्रसारणसम्बन्धी व्यवस्था पनि संशोधन गरिएको हो । जे होस्, महासङ्घ प्रदेश समिति र सांसदहरूले दर्ता गराएका संशोधनको बेहोराअनुसार प्रदेश नम्बर १ को संसद्ले विधेयक संशोधनसहित पारित गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेको छ ।

प्रदेश नं. २

**टिप्पणी तथा सुझाव**

---

चैत, २०७५




# एकीकृत सञ्चार विधेयक, २०७५

## पृष्ठभूमि

प्रदेश नं. २ ले आमसञ्चारसम्बन्धी छुट्टै नीति तयार पारेको छैन । नेपालको संविधान, २०७२ को धारा २३१ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सभाले एकीकृत सञ्चार विधेयक, २०७५ को मस्यौदा तयार पारेको छ ।

यो सञ्चार विधेयकले आमसञ्चारका अतिरिक्त सञ्चार र सूचनाको क्षेत्रलाई पनि समेटेको छ । मस्यौदामा सञ्चारको अधिकार, मिडिया काउन्सिलसम्बन्धी व्यवस्था, सञ्चार माध्यमसम्बन्धी व्यवस्था, सञ्चार माध्यमको स्वामित्व हस्तान्तरण, सञ्चार रजिस्ट्रार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी व्यवस्था राखिएको छ । यस्तै सञ्चार प्रतिष्ठान, सञ्चारग्रामसम्बन्धी व्यवस्था, सरकारले आमसञ्चार माध्यम चलाउन सक्ने, श्रमजीवी पत्रकार, सूचनाको हक, विज्ञापन प्रकाशन तथा प्रसारण, चलचित्र तथा लोकसञ्चार प्रबर्धन बोर्डलगायतका प्रावधान पनि छ । प्रस्तावित विधेयकको मस्यौदामा रहेका मूलभूत समस्या र सुझाव यहाँ प्रस्तुत छ :

## मस्यौदा विधेयकका मूलभूत समस्या

प्रदेश नं. २ ले तयार पारेको एकीकृत सञ्चार विधेयक, २०७५ मा निम्नानुसारका समस्या छन्ः

- स्वस्थ, मर्यादित, उत्तरदायी तथा जिम्मेवार पत्रकारिताका साथै समग्र पत्रकारिता क्षेत्रको व्यवस्थापन, सहजीकरण र नियमन गर्नका लागि मिडिया काउन्सिल स्थापना गर्ने व्यवस्था राखिएको छ । तर राष्ट्रिय आमसञ्चार नीति २०७३ मा सो कार्य गर्न प्रेस काउन्सिलको भूमिकाबारे उल्लेख गरिएको पाइन्छ । नीतिमा मिडिया काउन्सिल स्थापना गर्ने विषयमा बोलेको पाइन्न । प्रस्तावित मिडिया काउन्सिलले हाल केन्द्रमा रहेको प्रेस काउन्सिल जस्तै काम गर्ने गरी मस्यौदा तयार गरिएको छ । यस अर्थमा नाममात्र परिवर्तन गरिएको भए तापनि अन्तर्राष्ट्रिय अभ्यासअनुसार मिडिया काउन्सिलले समष्टिगतरूपमा मिडियाका विभिन्न विधालाई समेट्छ जसमा पत्रकारिता क्षेत्रमात्र नभइ चलचित्र र मनोरञ्जनात्मक कार्यक्रमलाई समेत समेट्छ । प्रदेशले मात्र छुट्टै मिडिया काउन्सिल बनाउने होइन । त्यसो त सङ्घीय सरकारको आमसञ्चार नीतिले पनि सबै क्षेत्र समेटेको छैन । जस्तै- गैरसमाचार आमसञ्चार माध्यम ।
- राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा आमसञ्चारको अभिलेखीकरण, इजाजत, सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको विवादमा मध्यस्थता, नियमन र संस्थागत विकास, टेलिभिजन सिग्नल र उत्पादन, वितरणसम्बन्धी अनुमति, नवीकरण, नियमन र प्राविधिक अनुगमनका लागि आवश्यक कार्य गर्ने प्रेस रजिस्ट्रारको कार्यालय र न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरिआएका कामहरूसमेत गर्ने गरी आवश्यकताअनुसार राष्ट्रिय आमसञ्चार प्राधिकरण जस्ता निकायहरू स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिने उल्लेख छ । सोहीअनुसार केन्द्रमा आमसञ्चार

माध्यमको अभिलेखीकरण, दर्ता, इजाजत, अनुगमन तथा नियमन गर्नका लागि प्राधिकरण स्थापना गर्ने गरी आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा तयार पारिएको छ । र, प्रेस काउन्सिल नेपालको भूमिकालाई स्वीकार गरिएको छ । र, प्रेस काउन्सिल ऐन, २०४८ लाई खारेज गरिएको छैन । यस्तै नयाँ प्रेस काउन्सिल ऐन बनाउनका लागि प्रेस काउन्सिल नेपालले ऐनको मस्यौदा तयार पारेको छ । त्यसलाई परिमार्जन गर्न तयारी भइरहेको छ ।

- मिडिया काउन्सिलको अध्यक्ष र पदाधिकारीहरू मन्त्रिस्तरीय निर्णयबाट गर्ने उल्लेख छ । सिफारिस गर्ने संयन्त्रबिना मन्त्रिस्तरीय निर्णयबाट हुने नियुक्तिले काउन्सिल स्वशासित संस्था हुन सक्दैन ।
- राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ । आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत पाउँदैन भन्ने प्रावधान राखिएको छ । यसको दुरूपयोग हुन सक्ने सम्भवना हुन्छ ।
- इजाजतपत्र नलिइ वा स्वीकृत नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई जरीवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको छ । १ वर्षसम्म कैद राख्ने प्रावधानले फौजदारी कानुन आकर्षित हुने र त्यसले समस्या सिर्जना गर्ने देखिन्छ ।
- प्रदेशले पत्रकारका लागि प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था राखिएको छ । केन्द्रले पनि प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने र प्रदेशले पनि उपलब्ध गराउँदा पत्रकारले दोहोरो प्रेस प्रतिनिधि प्रमाणपत्र लिनुपर्ने अवस्था आउन सक्छ । किनकि प्रेस काउन्सिल नेपालले तयार पारेको मस्यौदामा प्रेस पास वितरण गर्ने प्रावधान राखिएको छ ।
- प्रदेशका महत्वपूर्ण पर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकारका लागि सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था राखिएको छ । विदेशी पत्रकारको हकमा केन्द्रबाट अस्थायी पास लिएकालाई र नेपाली पत्रकारको सन्दर्भमा केन्द्रबाट प्रेस पास लिएकालाई प्रदेशबाट पनि छोटो अवधिका लागि अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र लिने प्रावधान व्यावहारिक हुँदैन ।
- सरकारले पत्रपत्रिका, रेडियो, टेलिभिजन चलाउने प्रावधान राखिएको छ । लोकतन्त्रमा सरकारले मिडिया सञ्चालन गर्नुहुँदैन ।
- प्रकाशक तथा प्रसारकको काम, कर्तव्य र अधिकार राखिएको छ । जसमा प्रकाशक तथा प्रसारकले सामग्रीबारे आवश्यक छानबिन गरी प्रकाशन तथा प्रसारण गर्नेलगायतका

प्रावधान राखिएको छ । प्रकाशक र प्रसारकको परिभाषा गर्न जरूरी छ । प्रकाशक र प्रसारकले सामग्रीमाथि आवश्यक छानबिन गर्दा सम्पादकीय स्वतन्त्रता हुँदैन ।

- पत्रपत्रिकाको मात्र श्रेणी विभाजन गर्ने प्रावधान राखिएको छ । रेडियो, टिभी, अनलाइनको श्रेणी विभाजन नगरी सुविधा र विज्ञापन उपलब्ध गराउँदा समस्या आउन सक्छ ।
- पत्रपत्रिका, रेडियो, टिभी र अनलाइनको प्राविधिकलगायतका पक्षमा फरक विशेषता हुँदा छुट्टाछुट्टै प्रावधान नराखी समग्रमा हेर्दा पछि समस्या आउन सक्छ ।
- मिडिया काउन्सिल, सञ्चार प्रतिष्ठान, न्यूनतम पारिश्रमिक निर्धारण समिति, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड गठनमा महिलाको ३३ प्रतिशत सुनिश्चित गरिएको छैन । तर न्यूनतम योग्यता तोकेर पर्याप्त सङ्ख्यामा महिला उपलब्ध नहुने अवस्थाका लागि भने उपयुक्त प्रावधान राख्नुपर्ने देखिन्छ ।

## मुख्य सुझाव

- केन्द्रमा प्रेस काउन्सिल नेपाल र प्रदेशमा मिडिया काउन्सिल राख्न मिल्दैन । केन्द्रमा प्रेस काउन्सिल राख्ने हो भने प्रदेशमा पनि प्रेस काउन्सिल राख्नुपर्छ । यदि केन्द्रमा मिडिया काउन्सिल बनाउने हो भने प्रदेशमा पनि त्यसको संयन्त्र बनाउन सकिन्छ ।
- एकीकृत सञ्चार विधेयक राष्ट्रिय आमसञ्चार नीति, २०७३ बाट निर्देशित हुनुपर्छ जसले गर्दा केन्द्र र प्रदेशबीच समन्वय, सहकार्य र सहजीकरण गर्न सहज हुन्छ ।
- मिडिया काउन्सिलको अध्यक्ष र पदाधिकारीहरू प्रदेश सभाको निश्चित संरचनाको सिफारिसमा मन्त्रिस्तरीय निर्णयबाट गर्ने प्रावधान राख्नुपर्छ जसले गर्दा मिडिया काउन्सिलको नियुक्तिमा पारदर्शिता र काउन्सिल स्वायत्त हुन सक्छ ।
- राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएरमात्र प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ । आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत पाउँदैन भन्ने प्रावधान हटाउनुपर्छ ।
- इजाजतपत्र नलिइ वा स्वीकृत नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको छ । मिडियाका लागि फौजदारी कानुन आकर्षित हुने भएकाले १ वर्षसम्म भन्ने प्रावधान हटाउनुपर्छ र देवानी कानुन आकर्षित हुने व्यवस्थामात्र समावेश गर्नुपर्ने हुन्छ । संविधानको प्रस्तावना, सूचनाको हक तथा आधारभूत अधिकारलाई ध्यानमा राख्दा सूचना सङ्कलनका लागि उदार नीति आवश्यक हुन्छ ।

- प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण गर्दा केन्द्रीय संरचनासँग समन्वय र सहकार्य हुन सक्ने गरी अघि बढ्नुपर्छ । किनकि प्रेस काउन्सिल नेपालले पनि प्रस्तावित मस्यौदामा पत्रकारलाई परिचयपत्र वितरण गर्ने प्रावधान राखेको छ । केन्द्रको प्रेस प्रतिनिधि प्रमाणपत्र लिइसकेपछि प्रदेशबाट पुनः प्रेस प्रतिनिधि प्रमाणपत्र लिने व्यवस्था राखिनु हुँदैन । र, केन्द्रका पत्रकार प्रदेशमा आउँदा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र लिनुपर्ने व्यवस्था राख्नु हुँदैन ।
- लोकतन्त्रमा सरकारले मिडिया सञ्चालन गर्नुहुँदैन ।
- प्रकाशक तथा प्रसारकको काम, कर्तव्य र अधिकार राखिएको छ । सम्पादकीय हस्तक्षेप हुने भएकाले सो प्रावधान हटाउनुपर्छ ।
- रेडियो, टिभी, अनलाइनको श्रेणी विभाजन गर्ने प्रावधान राख्न आवश्यक छ ।
- पत्रपत्रिका, रेडियो, टिभी र अनलाइनसँग छुट्टाछुट्टै प्रावधान राख्नुपर्छ । त्यसो नगर्ने हो भने पत्रपत्रिका, रेडियो, टिभी र अनलाइनसम्बन्धी आवश्यक पक्षलाई थप स्पष्ट गर्नुपर्छ ।
- मिडिया काउन्सिल, सञ्चार प्रतिष्ठान, न्यूनतम पारिश्रमिक निर्धारण समिति, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड गठनमा महिलाको ३३ प्रतिशत सुनिश्चित हुने व्यवस्था राख्नुपर्छ । तर न्यूनतम योग्यता तोकेर पर्याप्त सङ्ख्यामा महिला उपलब्ध नहुने अवस्थाका लागि भने उपयुक्त प्रावधान राख्नुपर्ने देखिन्छ । सञ्चार प्रतिष्ठानमा पत्रपत्रिका, रेडियो, टिभी र अनलाइनको विधागत प्रतिनिधित्व अनिवार्य गर्नुपर्छ ।
- 'राष्ट्रिय अखण्डता, नागरिकबीचको सद्भाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक–सामाजिक–राजनीतिक संवेदनशीलतालाई ध्यान दिनुपर्छ । र, मिडियाको स्वनियमनको जिम्मा स्वयं मिडियालाई दिनुपर्छ । अनुगमनका रूपमा स्वनियमनलाई बुझ्नुहुँदैन ।

## बुँदागत समस्या र सुझाव

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ६ | (ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने । | मर्यादित, जवाफदेही र उत्तरदायी पत्रकारिताका लागि पत्रकार आचारसंहिता तयार पार्ने । | मर्यादित, जवाफदेही र उत्तरदायी पत्रकारिताका लागि पत्रकार आचारसंहिता तयार पार्ने । |
| दफा ६ | (ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने । | प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिने । | प्रयत्नशील रहनेले प्रेस स्वतन्त्रता र मर्यादित पत्रकारितामाथिको हस्तक्षेप रोक्न नसक्ने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ७ | १.(क) पत्रकारिता तथा आमसञ्चार विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरी कम्तीमा १० वर्ष कुनै पनि सञ्चारमाध्यमसँग आबद्ध रहेका वा पत्रकारिता क्षेत्रमा कम्तीमा २० वर्षदेखि क्रियाशील रही पत्रपत्रिका, श्रव्य, श्रव्य-दृश्यलगायतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रदेश नं. २ मा स्थायी बसोबास भएका व्यक्तिमध्येबाट सरकार (मन्त्रिपरिषद्स्तरीय निर्णय) बाट मनोनीत व्यक्ति- अध्यक्ष । | पत्रकारिता तथा आमसञ्चार विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरी कम्तीमा १० वर्ष कुनै पनि सञ्चार माध्यमसँग आबद्ध रहेका वा कुनै पनि विषयमा ? उत्तीर्ण गर्नुका साथै पत्रकारिता क्षेत्रमा कम्तीमा १५ वर्षदेखि क्रियाशील रही पत्रपत्रिका, श्रव्य, श्रव्य-दृश्यलगायतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नेपाली नागरिकलाई प्रदेश सभाका सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका व्यक्ति- अध्यक्ष । | नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |
| दफा ७ | १. (ख) छापा र विद्युतीय सञ्चार माध्यमका लागि कम्तीमा १० वर्षदेखि पत्रकारिता गर्ने पत्रकारमध्येबाट सरकार (सञ्चार हेर्ने मन्त्रालयका मन्त्रीस्तरीय निर्णय) ले मनोनीत गरेका १-१ जना गरी २ जना- सदस्य । | छापा र विद्युतीय सञ्चार माध्यमका लागि कम्तीमा १० वर्षदेखि पत्रकारिता गर्ने पत्रकारमध्येबाट प्रदेश सभाको सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका १-१ जना गरी २ जना- सदस्य । | नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |
| दफा ७ | १. (ग) विभिन्न सञ्चार माध्यमका प्रकाशकमध्येबाट सरकार (सञ्चार हेर्ने मन्त्रालयका मन्त्रिस्तरीय निर्णय) ले मनोनीत गरेका १ जना- सदस्य । | विभिन्न सञ्चार माध्यमका प्रकाशकमध्येबाट प्रदेश सभाका सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका १ जना- सदस्य । | नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |
| दफा ७ | १. (ङ) कुनै पनि सञ्चार माध्यममा कम्तीमा ५ वर्षदेखि पत्रकारिता गर्ने महिलामध्येबाट सरकार (सञ्चार हेर्ने मन्त्रालयका मन्त्रिस्तरीय निर्णय) ले मनोनीत गर्ने १ जना-सदस्य । | कुनै पनि सञ्चार माध्यममा कम्तीमा ५ वर्षदेखि पत्रकारिता गर्ने महिलामध्येबाट प्रदेश सभाका सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका १ जना- सदस्य । | नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १७ | **काउन्सिल पदाधिकारीलाई चेतावनी, निलम्बन तथा पदमुक्त हुने** : काउन्सिलको उद्देश्यअनुरूप काम नगरेको पाइएमा वा पदीय दायित्वअनुसार कार्य तथा आचरण गरेको नपाइएमा वा कुनै किसिमका अनियमिततामा छानबिन आवश्यक देखिएमा सरकारको सञ्चारसम्बन्धी काम हेर्ने मन्त्रालयले त्यस्ता पदाधिकारीलाई चेतावनी दिने वा निलम्बन गरी आवश्यक कारबाही अघि बढाउन सक्नेछ । साथै, त्यस्ता पदाधिकारीविरूद्ध यथेष्ठ प्रमाण सङ्कलन भएपछि आवश्यक प्रक्रिया पूरा गरी मन्त्रालयले पदमुक्तसमेत गर्न सक्नेछ । तर यसरी कारबाही गर्दा त्यस्ता पदाधिकारीको स्पष्टीकरण दिने अधिकार हनन गरिने छैन र निलम्बन वा पदमुक्त भएपछि न्यायिक प्रक्रियामा जान रोक लागेको मानिने छैन । | **पदबाट हटाउन सक्ने** : प्रदेश संसद्को सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ सदस्य उपस्थित भइ बसेको बैठकको दुईतिहाइ बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको आधारमा पदमा रहिरहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रदेश संसद्को बैठकबाट पारित भएमा पदाधिकारी पदबाट हट्नेछ । तर त्यस्तो आरोप लागेका पदाधिकारीलाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन । | आरोप पुष्टि भएपछि मात्र पदबाट हटाउन सकिने भएकाले । |
| दफा १८ | (१) सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्तिले सञ्चार माध्यम सञ्चालन गर्नका लागि तोकिएको विवरणहरू खुलाइ तोकिएको विधि र प्रक्रियाअनुरूप निर्धारित दस्तुरसहित मिडिया काउन्सिलसमक्ष दरखास्त दिनुपर्नेछ ।<br>तर सरकारको कार्यालय, सरकारको स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित सङ्घ/संस्था, फर्म, कम्पनी वा कुनै राजनीतिक दल वा सङ्गठनको मुखपत्रका रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन । | सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्तिले सञ्चार माध्यम सञ्चालन गर्नका लागि तोकिएको विवरणहरू खुलाइ तोकिएको विधि र प्रक्रियाअनुरूप निर्धारित दस्तुरसहित मिडिया काउन्सिलसमक्ष दरखास्त दिनुपर्नेछ । तर सरकारको कार्यालय, सरकारको स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित सङ्घ/संस्था, फर्म, कम्पनी वा कुनै राजनीतिक दल वा सङ्गठनको मुखपत्रका रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन । अभिलेखका लागि जानकारी भने गराउनुपर्नेछ । | अभिलेख राख्दा यस्ता पत्रपत्रिका कसले प्रकाशित गर्छ भन्ने जानकारी हुने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २१ | (२) उपदफा (१) बमोजिम तोकिएकोबमोजिम नगर्ने सञ्चार माध्यमलाई सरकार वा सरकारको स्वामित्वमा रहेका संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन । | उपदफा (१) बमोजिम तोकिएअनुसार प्रक्रिया पूरा गरेका सञ्चार माध्यमलाई सरकार वा सरकारको स्वामित्वमा रहेका संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइनेछ । | नियन्त्रणभन्दा पनि सहजीकरण हुने भएकाले । |
| दफा २१ | राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै सामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित तथा प्रसारित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएरमात्र प्रकाशित तथा प्रसारित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ । | हटाउने । | यसको दुरूपयोग हुन सक्ने भएकाले । |
| दफा २१ | (२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत हुँदैन । | हटाउने । | यसको दुरूपयोग हुन सक्ने भएकाले । |
| दफा २५ | प्रकाशनमा प्रतिबन्ध । | प्रकाशन तथा प्रसारण गर्न नपाइने । | प्रतिबन्ध भन्ने शब्द र लोकतन्त्रबीच मर्म र भावनाबीच तालमेल नमिल्ने भएकाले । |
| दफा २६ | प्रकाशनमा निषेध । | हटाउनुपर्छ । | दुरूपयोग हुने भएकाले । |
| दफा २८ | प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने : | प्रकाशन गर्न नपाइने सामग्रीहरूको निकासी, बिक्री वितरण आदि गर्न नहुने : | प्रकाशन नपाइने भन्दा उचित हुने भएकाले । |
| दफा २८ | कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गर्न हुँदैन । | कसैले पनि प्रकाशन गर्न नपाइने सामग्री प्रकाशन निकासी गर्न हुँदैन । | प्रकाशन नपाइने भन्दा उचित हुने भएकाले । |
| दफा २८ | (ख) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानीजानी छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन । | कसैले पनि प्रकाशन गर्न नपाइने प्रकाशन छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन । | प्रकाशन नपाइने भन्दा उचित हुने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ३० | **प्रकाशक तथा प्रसारकको काम, कर्तव्य र अधिकार** : प्रकाशक तथा प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानबिन गरी प्रकाशन तथा प्रसारण गर्ने/गराउने ।<br>ख) राजनीतिकरूपमा निष्पक्ष भइ समाचार सम्पादन तथा प्रसारण गर्ने/गराउने ।<br>ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका लेख तथा समाचार प्रकाशन तथा श्रव्य वा श्रव्य-दृश्य सामग्री प्रसारण नगर्ने तथा गर्न नलगाउने ।<br>घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने वा दलित, जनजाति, अल्पसङ्ख्यक समुदायप्रति अवहेलनाजन्य सामग्री प्रकाशन तथा प्रसारण नगर्ने वा गर्न नलगाउने ।<br>ङ) गलत तथा भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने ।<br>च) प्रकाशन तथा प्रसारण संस्थाले तोकिदिएबमोजिम अन्य कार्य गर्ने । | **प्रसारण संस्थाको काम, कर्तव्य र अधिकार** : प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता प्रत्याभूत गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने ।<br>ख) निष्पक्ष समाचारको सम्पादन तथा प्रसारण गर्ने र गराउने ।<br>ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू नगर्ने/नगराउने ।<br>घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने ।<br>च) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको सङ्कलन तथा प्रसारण गर्न/गराउन नहुने । | पत्रकारलाई आचारसंहिताले निर्देशित गर्ने भएकाले । छानबिन गर्ने शब्द राख्न उपयुक्त नहुने भएकाले । |
| दफा ३१ | सजाय : (१) कसैले दफा ५९ को उपदफा (२) बमोजिम सञ्चारमाध्यम सञ्चालन इजाजतपत्र नलिइ वा दफा ६९ को उपदफा (३) बमोजिम स्वीकृति नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा तोकिएको अनुमतिपत्र दस्तुर असुल गरी सो दस्तुर बराबरको रकम जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | कसैले दफा ५९ को उपदफा (२) बमोजिम सञ्चार माध्यम सञ्चालन इजाजतपत्र नलिइ वा दफा ६९ को उपदफा (३) बमोजिम स्वीकृति नलिइ कुनै सामग्री प्रकाशन तथा प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा तोकिएको अनुमतिपत्र दस्तुर असुल गरी सो दस्तुर बराबरको रकम जरिवाना हुनेछ । | प्रेसलाई देवानी संहितामात्र आकर्षित हुने व्यवस्था सुनिश्चित गर्नुपर्ने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ३६ | **प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था :**<br>(१) कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चारसम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम र कार्यक्षेत्रसमेत उल्लेख गरी तोकिएबमोजिमको विवरण सञ्चार रजिस्ट्रारसमक्ष पठाउनुपर्नेछ ।<br>तर विदेशी राष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्चस्तरीय प्रतिनिधिमण्डल भ्रमणमा आउँदा साथमा आउने पत्रकारहरू वा सरकारको निमन्त्रणामा प्रदेश वा नेपालको भ्रमणमा आउने पत्रकारहरूका लागि उक्त भ्रमण अवधिभरका लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी सरकारले छूट दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको विवरण पठाउने प्रेस वा सञ्चारसम्बन्धी संस्थाका प्रतिनिधिहरूलाई सरकारले प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।<br>(३) प्रदेशका महत्वपूर्ण पर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकारका लागि सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।<br>(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस संलग्न राखी तोकिएको अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ । प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोहीबमोजिम दरखास्त दिन सक्नेछ । तर स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्त गर्न चाहने व्यक्तिले कम्तीमा १० वर्ष पत्रकारिता गरेको प्रमाणित हुने दस्तावेज निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।<br>(५) उपदफा (४) बमोजिमको दरखास्त प्राप्त भएपछि तोकिएको अधिकारीले त्यस्तो दरखास्तउपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिइ तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।<br>(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानुनको अधीनमा रही आफ्नो कार्यक्षेत्रभित्र समाचार सङ्कलन गर्न सक्नेछ ।<br>(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | | केन्द्रमा प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण गर्ने निकायसँग समन्वय गरेर मात्र अघि बढ्न आवश्यक देखिएको ।<br><br>(केन्द्रसँग समन्वय गरेर प्रदेशस्तरमा प्रेस प्रमाणपत्र वितरण गर्दा प्रेस पास नदोहोरिने र अस्थायी प्रेस पास लिन आवश्यक नपर्ने भएकाले) ।<br><br>१० वर्ष तोक्दैमा उद्देश्य पूरा हुन गाह्रो छ। तोकिएको अवधिमा गरेको प्रमाणित गरिएपछि आउने अन्योल टर्न सक्छ । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ४० | **अनाधिकृततवरले सञ्चालन गरेमा** : (१) कसैले यस ऐनबमोजिम प्रमाणपत्र नलिइकन कुनै सञ्चार माध्यम सञ्चालन गरेमा त्यस्तो व्यक्तिलाई १० हजार रूपियाँसम्म जरिवाना हुन सक्नेछ र त्यस्तो सञ्चार माध्यम बन्द गराउन सक्नेछ । | हटाउने । | दफा (३७) ले सम्बोधन गर्ने भएकाले । |
| दफा ४१ | **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमा** : कसैले यस ऐनद्वारा प्रतिबन्ध लगाइएको वा निषेध गरेको कुनै कुरा प्रकाशन वा प्रसारण गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोहीबमोजिम सजाय हुनेछ र सो नभएमा १० हजार रूपियाँसम्म जरिवाना हुनेछ । | कसैले यस ऐनद्वारा प्रकाशन तथा प्रसारण गर्न नपाइने कुनै कुरा प्रकाशन वा प्रसारण गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोहीबमोजिम सजाय हुनेछ र सो नभएमा १० हजार रूपियाँसम्म जरिवाना हुनेछ । | प्रकाशन तथा प्रसारण गर्न नपाइने व्यवस्था राख्दा उचित हुने भएकाले । |
| दफा ४२ | प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गरेमा : | प्रकाशन गर्न नपाइने प्रकाशन निकासी, बिक्री वितरण आदि गरेमा : | प्रकाशन तथा प्रसारण गर्न नपाइने । |
| दफा ४२ | कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गरेमा निजलाई काउन्सिलले ५ हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | कसैले प्रकाशन गर्न नपाइने प्रकाशन निकासी गरेमा निजलाई काउन्सिलले ५ हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन नियन्त्रणसमेत गर्न सक्नेछ । | प्रकाशन तथा प्रसारण गर्न नपाइने व्यवस्था राख्दा उचित हुने भएकाले र जफत शब्दका ठाउँमा नियन्त्रण शब्द राख्न उचित देखिएकाले । |
| दफा ४१ | कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानीजानी छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा काउन्सिलले त्यस्तो व्यक्तिलाई ५ हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | कसैले प्रकाशन गर्न नपाइने प्रकाशन छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा काउन्सिलले त्यस्तो व्यक्तिलाई ५ हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन नियन्त्रणसमेत गर्न सक्नेछ । | प्रकाशन तथा प्रसारण गर्न नपाइने भन्दा उचित हुने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ४३ | **निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा** : कसैले निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले ५ हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | हटाउने । | प्रतिबन्धित प्रकाशन गर्न नपाइने व्यवस्था रहेकाले निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गर्ने व्यवस्था राख्न आवश्यक नभएको । |
| दफा ४९ | **क्षतिपूर्ति पाउने** : (१) यस ऐनबमोजिम जफत गरिएको प्रकाशन प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहरेमा वा जुन अभियोगबापत जफत भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउनेछ : | प्रकाशन गर्न नपाइने प्रकाशन नठहरेमा वा जुन अभियोगबापत नियन्त्रण भएको भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउनेछ : | जफत र निषेधित प्रकाशनको व्यवस्था गर्न आवश्यक नभएको र प्रकाशन गर्न नपाइने प्रकाशन भन्दा उचित देखिएको । |
| दफा ४९ | (२) मूल्य तोकिएको प्रकाशन जफत भएकामा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउन सक्ने वास्तविक मोल बराबरको रकममा नबढाइ तर किताबको हकमा प्रकाशक वा किताबधनीले किताब फिर्ता बुझी लिएमा क्षतिपूर्ति पाउने छैन । | मूल्य तोकिएको प्रकाशन नियन्त्रण भएकामा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउन सक्ने वास्तविक मोल बराबरको रकममा नबढाइ तर किताबको हकमा प्रकाशक वा किताबधनीले किताब फिर्ता बुझी लिएमा क्षतिपूर्ति पाउने छैन । | जफत भन्ने शब्दको ठाउँमा नियन्त्रण भन्ने शब्द उचित हुने भएकाले । |
| दफा ५४ | **सञ्चार प्रतिष्ठानको गठन** : (१) सरकारले सञ्चार प्रतिष्ठान गठन गर्नेछ र प्रतिष्ठानमा देहायका व्यक्तिहरू रहने छन् :<br>(क) कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अध्ययन/अध्यापन तथा पत्रकारिताको क्षेत्रमा कम्तीमा २० वर्षदेखि क्रियाशील प्रदेश २ मा स्थायी बसोबास भएका नेपाली नागरिकमध्येबाट सरकारबाट मनोनीत व्यक्ति- अध्यक्ष । | कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अध्ययन/अध्यापन तथा पत्रकारिताको क्षेत्रमा कम्तीमा २० वर्षदेखि क्रियाशील प्रदेश २ मा स्थायी बसोबास भएका नेपाली नागरिकमध्येबाट प्रदेश सभाका सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका व्यक्ति- अध्यक्ष । | नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ५४ | कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता क्षेत्रका विभिन्न विधामा कम्तीमा १० वर्षदेखि क्रियाशील वा पत्रकारिता क्षेत्रमा कम्तीमा २० वर्षदेखि क्रियाशील प्रदेश नम्बर २ मा स्थायी बसोबास भएका नेपाली नागरिकमध्येबाट सरकार (सञ्चार हेर्ने मन्त्रालयका मन्त्रिस्तरीय निर्णय) ले मनोनीत गरेका ३ जना- सदस्य । | कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता क्षेत्रका विभिन्न विधामा कम्तीमा १० वर्षदेखि क्रियाशील प्रदेश नम्बर २ मा स्थायी बसोबास भएका नेपाली नागरिकमध्येबाट प्रदेश सभाका सभामुखको अध्यक्षतामा रहेको समितिको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गरेका ३ जना - सदस्य । | प्राज्ञिक विश्वासनीयताका लागि स्नातक तह उत्तीर्ण राख्नु उपयुक्त हुने भएकाले नियुक्तिमा पारदर्शिता र संस्था स्वायत्त हुन सक्ने भएकाले । |
| दफा ६१ | **प्रतिष्ठान पदाधिकारीलाई चेतावनी, निलम्बन तथा पदमुक्त हुने** : प्रतिष्ठानको उद्देश्यअनुरूप काम नगरेको पाइएमा वा पदीय दायित्वअनुसार कार्य तथा आचरण गरेको नपाइएमा वा कुनै किसिमका अनियमिततामा छानबिन आवश्यक देखिएमा सरकारको सञ्चारसम्बन्धी काम हेर्ने मन्त्रालयले त्यस्ता पदाधिकारीलाई चेतावनी दिने वा निलम्बन गरी आवश्यक कारबाही अघि बढाउन सक्नेछ । साथै त्यस्ता पदाधिकारीविरूद्ध यथेष्ठ प्रमाण सङ्कलन भएपछि आवश्यक प्रक्रिया पूरा गरी मन्त्रालयले पदमुक्तसमेत गर्न सक्नेछ । तर यसरी कारबाही गर्दा त्यस्ता पदाधिकारीको स्पष्टीकरण दिने अधिकार हनन गरिने छैन र निलम्बन वा पदमुक्त भएपछि न्यायिक प्रक्रियामा जान रोक लागेको मानिने छैन । | **पदबाट हटाउन सक्ने** : प्रदेश संसद्को सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ सदस्य उपस्थित भइ बसेको बैठकको दुईतिहाइ बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको आधारमा पदमा रहिरहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रदेश संसद्को बैठकबाट पारित भएमा त्यस्ता पदाधिकारी पदबाट हट्ने छन् । तर त्यस्तो आरोप लागेका पदाधिकारीलाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन । | आरोप पुष्टि भएपछि मात्र पदबाट हटाउन सकिने भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ६३ | (१) सरकारले प्रकाशन तथा प्रसारणसम्बन्धी आमसञ्चारका माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन) चलाउन सक्नेछ । सो कार्यका लागि सम्बन्धित कानुनी प्रक्रिया पूरा गर्नुपर्नेछ ।<br>(२) सरकारले सञ्चालन गर्ने आमसञ्चारका माध्यमको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमनका लागि एक प्रकाशन तथा प्रसारण समिति रहनेछ ।<br>(३) समितिको गठन विधि, काम, कर्तव्य र अधिकार सरकारले यसै कानुनको मातहत रही नियमावली बनाएर तोक्न सक्नेछ । | हटाउने । | लोकतन्त्रमा सरकारले सञ्चार माध्यम सञ्चालन गर्न उपयुक्त नहुने भएकाले । |
| दफा ६९ | **(९) विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने** : विशेष सजायको आदेश दिनुभन्दा पहिले व्यवस्थापकले दफा २८ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी यस सम्बन्धमा उचित म्याद दिइ स्पष्टीकरण माग्नुपर्नेछ ।<br>(!)) | **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने** : विशेष सजायको आदेश दिनुभन्दा पहिले व्यवस्थापकले उपदफा ८ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी यस सम्बन्धमा उचित म्याद दिइ स्पष्टीकरण माग्नुपर्नेछ । | उपदफा ८ हुनुपर्ने ठाउँमा २८ भएकाले । |
| दफा ६९ | **(१०) सजाय गर्न सक्ने** : दफा ८ वा दफा ९ बमोजिम सफाइ वा स्पष्टीकरण नै नदिएमा वा सोअनुसार दिएको सफाइ वा स्पष्टीकरण सन्तोषजनक नभइ त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नुपर्ने भएमा व्यवस्थापकले दफा २६ बमोजिमको कुनै सजाय गर्न सक्नेछ । | दफा ८ वा दफा ९ बमोजिम सफाइ वा स्पष्टीकरण नै नदिएमा वा सोअनुसार दिएको सफाइ वा स्पष्टीकरण सन्तोषजनक नभइ त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नुपर्ने भएमा व्यवस्थापकले उपदफा ६ बमोजिमको कुनै सजाय गर्न सक्नेछ । | उपदफा ६ बमोजिम हुनुपर्नेमा २६ अनुसार भएकाले । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ७० | (ग) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन<br>(घ) सरकारी भ्रमण दलमा सहभागी नगराउने<br>(१८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारले मिडिया काउन्सिलसँगको परामर्शमा राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कुनै सञ्चार प्रतिष्ठानको हकमा यस ऐनको कुनै व्यवस्था लागु हुने छैन । | हटाउने । | प्रतिबन्ध लगाए जस्तो हुने भएकाले । |
| | (१९) उपदफा (१८) बमोजिम सरकारले यस ऐनको कुनै व्यवस्था कुनै सञ्चार प्रतिष्ठानको हकमा लागु नहुने गरी तोक्दा देहायका आधार लिन सक्नेछ :<br>(क) पत्रपत्रिकाको बिक्री सङ्ख्या<br>(ख) रेडियो यन्त्रको क्षमता<br>(ग) केबुल टेलिभिजनको ग्राहक सङ्ख्या<br>(घ) हिट्स हुने अनलाइन पत्रिका सङ्ख्या<br>(ङ) कार्यक्रम उत्पादन सङ्ख्या<br>(च) समाचार वितरण सङ्ख्या | हटाउने । | राजपत्रको सूचनाले ऐनमा भएका प्रावधानहरूलाई कमजोर बनाउने भएकाले । र, दुरूपयोगसमेत हुन सक्ने भएकाले । |
| परिच्छेद १७ | सूचनाको हमसम्बन्धी व्यवस्था । | सूचनाको हकसम्बन्धी व्यवस्था । | हक हुनुपर्नेमा हम भएकाले । |

प्रदेश नं. ३

**टिप्पणी तथा सुझाव**

कात्तिक, २०७५




# प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक

## पृष्ठभूमि

नेपालको संविधान (२०७२) ले प्रदान गरेको अधिकारअनुसार प्रदेश नं. ३ को सरकारले प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधयेक, २०७५ को मस्यौदा तयार पारेको छ ।* विधेयकको मस्यौदामा परिभाषा, प्रसारणसम्बन्धी व्यवस्था, पत्रपत्रिकासम्बन्धी व्यवस्था, अनलाइन सञ्चार माध्यमसम्बन्धी व्यवस्था, सञ्चार रजिस्ट्रारसम्बन्धी व्यवस्था, सञ्चारसम्बन्धी अन्य व्यवस्था, सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था र विविध गरी आठ परिच्छेद छन् । विधेयक तयार पारे पनि प्रदेश नं. ३ मा आमसञ्चारसम्बन्धी छुट्टै नीति भने तयार पारिएको छैन ।

## मस्यौदा नीतिका मूलभूत समस्या

**प्रदेश नं. ३ ले तयार पारेको मस्यौदा विधेयकमा निम्नानुसारका समस्या छन् :**

- दफा नं. ७ मा कुनै संस्थालाई प्रसारण गर्ने अनुमति राज्यको स्वेच्छामा राखिएको छ ।
- दफा नं. १० (३) रिले स्टेसन राख्नका लागि सर्त राखिएको छ र सर्त के हो भन्नेबारे खुलाइएको छैन ।
- दफा नं. ११ मा प्रसारणमा रोक लगाउन सकिने प्रावधान राखिएको छ ।
- दफा नं. १२ मा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने व्यवस्था छ ।
- दफा नं. १४ मा कार्यक्रम उत्पादन तथा प्रसारणका प्राथमिकताका क्षेत्र तोकिएको छ ।
- दफा नं. १६ मा मूलतः राजनीतिक प्रकृतिको विज्ञापन दिन नपाइने व्यवस्था छ ।
- दफा नं. १७ मा प्रसारकको काम, कर्तव्य र अधिकार तोकिएको छ ।
- दफा नं. २६ मा अखबारलाई प्रतिबन्ध लगाउन सक्ने बाटो खुला गरिएको छ ।
- दफा नं. ३० मा विदेशबाट प्रकाशन हुने अनलाइनलाई प्रदेशभित्र प्रतिबन्ध लगाउन सकिने व्यवस्था छ ।
- दफा नं. ४५ मा प्रदेशको राष्ट्रिय चाडवाड वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश आउने पत्रकारका लागि अस्थायी प्रेस पास दिने व्यवस्था राखिएको छ ।
- दफा नं. ४७ (१) मा इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गर्नेलाई १ वर्षसम्म कैद राख्न सक्ने व्यवस्था छ ।
- दफा नं. ४७ (२) मा प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा एक वर्षसम्म कैद राख्न सकिने व्यवस्था छ ।
- दफा नं. ५२ मा कुनै पनि पुस्तक प्रकाशन भई बिक्री वितरण गर्नुअघि दुई प्रति सञ्चार रजिस्ट्रारसमक्ष पेश गर्नुपर्ने प्रावधान छ ।

---

*प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी विधेयक, २०७५ मङ्सिर ११ गते पारित भएको हो ।

## मुख्य सुझाव

- लोकतान्त्रिक शासन व्यवस्थामा आमसञ्चार माध्यमको विकास, बिस्तार र अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनको मूल मर्मलाई आत्मसात् गरेर प्रदेश सञ्चार माध्यम व्यवस्थापनसम्बन्धी नीति, ऐन कानुन बनाउन आवश्यक छ । नीति तथा ऐन कानुनले मिडिया र पत्रकारलाई जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ । त्यसका लागि नियन्त्रण नभई सहजीकरण गर्ने सिद्धान्तबाट निर्देशित हुन जरूरी छ ।
- कार्यकारीले प्रकाशन तथा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्ने र त्यसमाथि अन्य प्रकृतिको प्रतिबन्ध लगाउने कार्य लोकतन्त्र विरोधी हो । त्यस्ता प्रावधान हटाउनुपर्छ । मिडियाले गलत काम गरेका छन् भने अदालतबाट प्रमाणीत भएको खण्डमा कारबाही गर्न सकिन्छ ।
- लोकतान्त्रिक परिपाटीमा सञ्चार माध्यमलाई आवश्यक नियमन गर्न गर्न सकिन्छ तर नियन्त्रण गर्न मिल्दैन । यही मान्यताअनुसार मस्यौदामा भएका आपत्तिजनक प्रावधान हटाइनुपर्छ ।
- पत्रकारले समाचार तथा समाचारमूलक सामग्रीमा के गर्ने/नगर्ने भन्ने आचारसंहिताले निर्देशित गर्छ । त्यसैले कानुनमा नै त्यस्ता प्रावधान राख्नुहुँदैन ।
- पत्रकारलाई फौजदारी अभियोग लगाउन सक्ने बाटो खुला गरिएको छ । पत्रकारलाई फौजदारी नभएर देवानी कानुन आकर्षित हुने व्यवस्था गनुपर्छ ।
- इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको प्रयोग र त्यसबाट हुन सक्ने लाभलाई प्राथमिकता दिनुपर्छ तर त्यसको नकारात्मक पक्ष देखाएर नियन्त्रण गर्ने मनस्थिति सर्वथा नाजायज छ ।
- राष्ट्रिय अखण्डता, नागरिकबीचको सद्भाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतालाई मिडियाले ख्याल गर्नुपर्छ । मिडियाले स्वघोषणा गरी स्वनियमन गर्नुपर्छ । राज्यले नियन्त्रणकारी भूमिका खेल्नु हुँदैन ।
- सञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय र जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ । हस्तक्षेपकारी नीतिबाट राज्य पछि हट्नुपर्छ ।
- बिक्री वितरण गर्नुअघि सञ्चार रजिस्ट्रारलाई पुस्तक बुझाउनुपर्ने प्रावधान हटाउनुपर्छ । जानकारी दिने व्यवस्था राख्नुपर्छ । यसो गर्दा अभिलेखका लागि सहयोग पुग्छ ।
- श्रमजीवी पत्रकारसम्बन्धी धेरै कुरा स्पष्ट गरिएको छैन । त्यसमा थप प्रावधानहरू राखी स्पष्ट पार्न आवश्यक छ ।

## दफागत समस्या र सुझाव

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ७.१ | दफा ५ बमोजिमको निवेदन पर्न आएमा सञ्चार रजिस्ट्रारले उक्त निवेदनउपर आवश्यक छानबिन गर्दा इजाजतपत्र दिन मनासिब देखेमा निवेदकलाई तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न ४५ दिनभित्र तोकिएको दस्तुर लिइ इजाजतपत्र दिनेछ । | दफा ५ बमोजिमको निवेदन पर्न आएमा सञ्चार रजिस्ट्रारले उक्त निवेदनउपर आवश्यक छानविन गर्दा इजाजतपत्र दिन मनासिब देखेमा निवेदकलाई तोकिएका सर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न ४५ दिनभित्र तोकिएको दस्तुर लिइ इजाजतपत्र दिनेछ । छानबिन, सर्तहरू र मनासिवका आधार पहिले नै तोकिएको हुनुपर्छ । | छानबिन गर्दा के के हुने ? त्यसलाई स्पष्टसँग उल्लेख गर्नुपर्छ। सर्तहरू के के हुन ? त्यसबारे पनि स्पष्ट गर्नुपर्छ। मनासिवका आधार पनि खुलाउनुपर्छ । |
| ९.२ | उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक छानबिन गर्दा निवेदकलाई टेलिभिजनसम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखेमा तोकिएबमोजिमको दस्तुर लिइ तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न दिनेछ । | उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक छानबिन गर्दा निवेदकलाई टेलिभिजनसम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखेमा तोकिएबमोजिमको दस्तुर लिइ तोकिएका सर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न दिनेछ । छानबिन, सर्तहरू र मनासिवका आधारहरू पहिले नै तोकिएको हुनुपर्छ । | छानबिन गर्दा के के हुने ? त्यसलाई स्पष्टसँग उल्लेख गर्नुपर्छ । सर्त के के हुन ? त्यसबारे पनि स्पष्ट गर्नुपर्छ। मनासिवका आधार पनि खुलाउनुपर्छ । |
| १०.३ | अन्य प्रदेशमा प्रचलित कानुनबमोजिम प्रसारण इजाजत लिइ कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटरलगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिएबमोजिमको सर्त पालना गर्नुपर्नेछ । | अन्य प्रदेशमा प्रचलित कानुनबमोजिम प्रसारण इजाजत लिइ कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटरलगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिएबमोजिमको सर्त पालना गर्नुपर्नेछ । सर्तहरू पहिले नै तोकिएको हुनुपर्छ । | सर्तहरू के के हुन् भन्ने स्पष्ट पार्नुपर्छ । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ११ | **प्रसारणमा रोक लगाउन सकिने :** संविधानको व्यवस्था र राष्ट्र हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । | हटाउनुपर्ने । | नेपालको संविधान, २०७२ को धारा १७ र १९ विपरित हुने भएकाले । साथै सञ्चार माध्यम स्वनियमनमा विश्वास गर्छन् भन्ने मान्यता रहेकाले । |
| १२ | **इजाजतपत्र रद्द गर्न सकिने :**<br>१) कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलोपटक सचेत गराउन सक्नेछ ।<br>२) उपदफा (१) बमोजिम सचेत गराउँदासमेत यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।<br>३) उपदफा (२) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको मौका दिनुपर्नेछ । | इजाजतपत्र रद्द गर्न सक्नेछ भन्ने प्रावधान हटाउनुपर्ने । | लोकतान्त्रिक मान्यता विपरित हुने भएकाले । |
| १६ | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा प्रदेश सरकारले निर्वाचन आयोगको अनुमति लिइ कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रमलगायतको जानकारी गराउन यस दफाले बन्देज लगाएको मानिने छैन । | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा प्रदेश सरकारले निर्वाचन आयोग आचारसंहितामा रही कुनै पनि राजनीतिक दलले विज्ञापन प्रसारण गर्न पाउनेछन् । | राजनीतिक दलले दलीय संस्कार तथा सार्वजनिक मर्यादाअनुसार जानकारीमूलक सामग्री विज्ञापनका रूपमा दिन सक्ने छूट सञ्चार माध्यमलाई हुनुपर्छ । किनभने सञ्चार माध्यम राजनीतिक सञ्चारको हिस्सा पनि हो । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १७ | **प्रसारकको काम, कर्तव्य र अधिकार** ः प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछन् ः<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने ।<br>ख) निष्पक्ष र तथ्यमा आधारित समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने ।<br>ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रम प्रसारण गर्न /गराउन नहुने ।<br>घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने ।<br>ङ) लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुनै पनि कुरा प्रसारण गर्न वा गराउन नहुने ।<br>च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नुपरेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबङ्ग्याइ प्रसारण गर्नुपर्ने ।<br>छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्री प्रसारण गर्न नहुने<br>ज) प्रसारण संस्थाले तोकिदिएबमोजिम अन्य कार्य गर्ने । | **प्रसारक संस्थाको काम, कर्तव्य र अधिकार** ः प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ः | प्रसारक संस्थाले संस्थालाई जनाउने भएकाले र परिभाषित गरिएको प्रसारकलाई आचारसंहिताले पनि निर्देशित गर्ने भएकाले । |
| २१ | तर सरकारको स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनीतिक दल वा सङ्गठनको मुखपत्रका रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफाबमोजिम अभिलेख गराउन पर्ने छैन । | तर सरकारको स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनीतिक दल वा सङ्गठनको मुखपत्रका रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफाबमोजिम अभिलेख गराउनुपर्ने छैन । जानकारी दिन सक्नेछन् । | जानकारी दिँदा सङ्ख्या थाहा हुने भएकाले । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २३ | **पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्या** : (१) दफा २१ बमोजिम अभिलेखीकरण भइ प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ सङ्ख्या तोकिएबमोजिम हुनेछ । | हटाउनुपर्ने । | लोकतान्त्रिक परिपाटीमा सञ्चार माध्यमको विषयवस्तु, आकार र पृष्ठ यस्तै हुनुपर्छ भनेर राज्यले निर्देशन दिनु जायज मानिँदैन । |
| २६ | तर यस व्यवस्थाले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन । | सञ्चार माध्यमले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल नपार्ने गरी, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना नहुने गरी वा अपराध गर्न दुरूत्साहन हुने गरी वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल नहुने गरी, श्रमप्रति अवहेलना नहुने गरी र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई प्रोत्साहन नहुने गरी प्रकाशन/प्रसारण गर्नुपर्छ । | प्रकाशन/प्रसारणमा प्रतिबन्ध लगाउनु लोकतान्त्रिक मूल्य/मान्यताको प्रतिकूल हुने भएकाले । प्रतिबन्ध भनेको मृत्युदण्डसरह हो । मुद्दा चलालउन सकिन्छ । जरिवाना गर्न सकिन्छ । तर प्रतिबन्ध लगाउनु हुँदैन । |
| ३० | **विदेशबाट प्रकाशित अनलाइन न्युज पोर्टल** : विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्युज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४६ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा सञ्चार रजिस्ट्रारले त्यस्तो सामग्रीलाई प्रदेशभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ । | | रोक्न कति सम्भव हुन्छ ? त्यसको विकल्पमा दण्ड जरिवानाको दायरामा ल्याउने, मुद्दा चलाउनेलगायत विकल्पमा जान उपयुक्त हुन्छ । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ४५ | (३) प्रदेशको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरूका लागि सञ्चार रजिस्ट्रारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने ब्यवस्था गर्न सक्नेछ । | हटाउने । | केन्द्रबाट प्रेस प्रतिनिधि प्रमाणपत्र लिएकाले पुनः प्रमाणपत्र लिनुपर्ने झन्झट थपिने भएकाले । |
| ४७ | **दण्ड सजाय** :<br>(१) कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबर रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) कसैले दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | **दण्ड सजाय** :<br>(१) कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबर रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना हुनेछ ।<br>(२) कसैले दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी २५ हजार रूपियाँसम्म जरिवाना हुनेछ । | मिडिया र पत्रकारलाई फौजदारी कानुनको दायरामा ल्याउनु हुँदैन । |
| ५२ | **किताबको अभिलेखीकरण गराउनुपर्ने** : (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब बिक्री वितरण गर्नुअघि त्यस्तो किताबको दुई प्रति बिनामूल्य अभिलेखीकरणका लागि सञ्चार रजिस्ट्रारमा बुझाउनु पर्नेछ । | **किताबको अभिलेखीकरण गराउनुपर्ने** : (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब दुई प्रति बिनामूल्य अभिलेखीकरणका लागि सञ्चार रजिस्ट्रारमा बुझाउनु पर्नेछ । | बिक्री वितरण गर्नुअघि बुझाउन उपयुक्त नहुने तर अभिलेखीकरणका लागि सहयोग पुग्ने भएकाले । |

गण्डकी प्रदेश

**टिप्पणी तथा सुझाव**

असोज, २०७५




# प्रदेश सञ्चार नीति, २०७५

नेपालको संविधानले कानुन बनाउने अधिकार सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्थापिकालाई दिएको छ । संविधानले सङ्घलाई दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन र हुलाकसम्बन्धी अधिकार दिएको छ । प्रदेशलाई रेडियो, एफएम, टेलिभिजन सञ्चालनसम्बन्धी अधिकार दिएको छ । सञ्चार माध्यमसम्बन्धी सङ्घ र प्रदेशको साझा अधिकार राखिएको छ । त्यस्तै स्थानीय तहलाई एफएम सञ्चालनसम्बन्धी अधिकार दिइएको छ । सङ्घ, प्रदेश र केन्द्रलाई पत्रपत्रिकासम्बन्धी साझा अधिकार दिइएको छ । संविधानमा उल्लेख भएको प्रदेशको अधिकारअन्तर्गत प्रदेशले रेडियो एफएम सञ्चालनको अधिकार, सामुदायिक तथा प्रादेशिक टेलिभिजन सञ्चालन, केवुलमा आधारित टेलिभिजन नियमन तथा अनुगमन गर्ने अधिकार र प्रदेशभित्रका पत्रपत्रिकाको अभिलेखीकरण गर्नेसम्बन्धी कानुन बनाउन सक्छ । प्रदेशले निर्माण गर्ने कानुनलाई समेत दिशानिर्देश गर्ने गरी गण्डकी प्रदेशले प्रदेश सञ्चार नीति, २०७५ निर्माण गरेको हो ।*

## मस्यौदा नीतिका मूलभूत समस्या

प्रदेश नं. ४ ले तयार पारेको आमसञ्चार नीति, २०७५ को मस्यौदामा निम्नानुसारका समस्या छन् :

- यो नीतिको मस्यौदा राष्ट्रिय आमसञ्चार नीति, २०७३ लाई आधार मानेर बनाइएको पाइन्छ । राष्ट्रिय आमसञ्चार नीतिलाई प्रदेशअनुकूल बनाउने र त्यसमा भएका समस्यासमेत हटाइ थप अधिकार प्रदान गर्नुपर्नेमा नीतिको मस्यौदामा कतिपय प्रावधान नियन्त्रण गर्नेखालका राखिएको छ ।
- अनलाइन माध्यमका बारेमा सैद्धान्तिक र व्यावहारिक पक्षमा मिडिया नीति प्रस्ट हुन सकेको छैन । अनलाइन माध्यमको अधिकतम उपयोग गरी लोकतान्त्रिक मूल्य/मान्यतालाई संस्थागत, सङ्घीयताको कार्यान्वयन, राज्यका विभिन्न निकायको निगरानी, नागरिकलाई सहजरूपमा सेवा प्रवाहलगायतका काम गर्न सकिन्छ । तर नीतिको मस्यौदामा अनलाइन माध्यमप्रति अनुदार हुनुका साथै यसको विकास र विस्तारमा कार्यक्रमहरू स्पष्ट छैनन् ।
- नीतिको मस्यौदामा प्रदेशका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच पुऱ्याइ राज्य र जनताबीचको दूरी घटाउने भनिएको छ । दूरी घटाउनु राम्रो हो तर प्रस्तुत कार्यक्रमले दूरी घटाउने स्पष्ट खाका दिँदैन ।
- इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको सम्भावित दुरूपयोग नियन्त्रण गर्न सक्ने प्रावधान राखिएको छ तर यो कुन अवस्थामा कसरी गरिन्छ भन्ने स्पष्ट हुनुपर्छ ।
- 'राष्ट्रिय अखण्डता, नागरिकहरूबीचको सद्भाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतामा नकारात्मक प्रभाव नपर्ने गरी' भन्ने प्रावधानमा स्पष्ट र वस्तुपरक कारण उल्लेख गरिनुपर्छ । अन्यथा नियन्त्रणको गन्ध आउँछ ।

---

*प्रदेश सञ्चार नीति, २०७५ असोज महिनामा पारित भएको हो ।

- आमसञ्चारका माध्यमहरूको वर्गीकरणका लागि रेडियो र टेलिभिजनको हकमा उसले प्राप्त गरेको प्रसारण क्षमतालाई साना, मझौला वा ठूला सञ्चार माध्यमका रूपमा वर्गीकरण गरिनेछ र त्यस्ता माध्यमहरूको सामुदायिक वा व्यावसायिक उद्देश्यका आधारमा 'सर्त' र सहुलियत किटान गरिनेछ भन्ने उल्लेख छ । 'सर्त' तोक्ने प्रावधान वस्तुनिष्ठ हुनुपर्छ ।
- मस्यौदा नीतिमा 'कुनै एक व्यक्ति, परिवार वा समूहलाई अनलाइन माध्यमबाहेक छापा, श्रव्य दृश्य र श्रव्य माध्यम गरी तीनै माध्यममा लगानी गर्न रोक लगाइ सञ्चार माध्यममा एकाधिकार कायम गर्न दिइने छैन' भन्ने उल्लेख छ । जुन प्रावधान राष्ट्रिय सञ्चार नीति, २०७३ सँग बाझिएको छ । राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा छापा र विद्युतीय एउटै प्रकृतिको राष्ट्रियस्तरको प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व धारण वा सञ्चालन गरेको एक व्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णायक हिस्सा नहुने गरी निश्चित सर्तसहित लगानीको सीमा तोक्ने सम्बन्धमा आवश्यक कानुन व्यवस्था गर्ने उल्लेख छ ।
- प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेश स्तरका सरकारी सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्न 'प्रदेश सञ्चार बोर्ड' गठन गरिनेछ र सो बोर्डलाई पूर्ण स्वायत्तताका साथ काम गर्ने वातावरण मिलाइनेछ भन्ने व्यवस्था छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया सञ्चालन गर्नुहुँदैन ।
- 'श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षाका लागि सेवा, सर्त तथा सुविधासम्बन्धी कानुन तर्जुमा गरी सञ्चारगृहहरूमा कानुन कार्यान्वयन गराइनेछ र कानुन कार्यान्वयन भए/नभएको सम्बन्धमा भरपर्दो अनुगमनको व्यवस्था मिलाइनेछ' भन्ने उल्लेख छ । पत्रकारहरूको पेशगत सुरक्षाका लागि श्रमजीवी पत्रकार ऐन कायमै छ ।
- संविधानमा फ्रिक्वेन्सी वितरणको अधिकार सङ्घलाई दिइएको छ । तर नीतिको मस्यौदामा कुनै एक व्यक्ति, संस्था वा सञ्चालकले एकभन्दा बढी फ्रिक्वेन्सी उपयोग गर्न नपाउने व्यवस्था मिलाउने, फ्रिक्वेन्सी प्राप्त गरेको मितिले प्रत्येक १२ वर्षमा प्रदेश सरकारले फ्रिक्वेन्सी फिर्ता लिने, फ्रिक्वेन्सी प्राप्त गरेपछि नियमित प्रसारणमा नगई खरिद बिक्री गर्ने मनसायलाई निरूत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्री वा हस्तान्तरण भए फ्रिक्वेन्सी स्वतः प्रदेश सरकारअन्तर्गत ल्याइने व्यवस्था गरिएको छ । सङ्घीय सरकारको राष्ट्रिय आमसञ्चार नीति २०७३ मा भने प्रत्येक १८ वर्षमा फ्रिक्वेन्सी फिर्ता लिने व्यवस्था छ । यो विरोधाभाष मिलाउनुपर्छ ।
- एफएम रेडियोको नेटवर्किङमार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहनसहनमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व अनिवार्यरूपमा प्रदेश सरकारबाट अनुमति लिनुपर्ने जुन व्यवस्था गरिएको छ यसको उद्देश्य स्पष्ट हुनुपर्छ ।
- मस्यौदा नीतिमा दर्ता नभई सञ्चालनमा रहेका अनलाइन माध्यमहरूलाई निषेध गर्ने र

स्रोत पुष्टि हुन नसक्ने तथा कसैको चरित्र हत्या हुने गरी वा गलत लाभ लिने गरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रेरित गर्ने गरी प्रकाशन भएका सामग्रीहरूमाथि पूर्णतः प्रतिबन्ध लगाइ प्रेस रजिस्ट्रारको कार्यालयसँग परामर्श लिइ साइबर सुरक्षासम्बन्धी कानुनअनुसार कारबाहीको व्यवस्था मिलाइने प्रावधान राखिएको छ । अनलाइन सञ्चार माध्यम र पत्रकारिता गर्ने अनलाइनलाई एउटै तरिकाले हेरिएको छ जुन आफैँमा समस्याग्रस्त छ । त्यसैगरी साइबर सुरक्षाअनुसार फौजदारी कारबाहीको व्यवस्था गरिएको छ । त्यसले पत्रकारलाई समेत फौजदारी अभियोग लगाउन सक्ने बाटो खुला गरेको छ यो आफैँमा गलत छ ।

## मुख्य सुझाव

- लोकतान्त्रिक शासन व्यवस्थाअनुरूप आमसञ्चार माध्यमको विकास, विस्तार र अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनको मूल मर्मलाई आत्मसात गरेर प्रदेश नीति तयार पार्न आवश्यक छ । नीतिले मिडिया र पत्रकारलाई जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ, त्यसका लागि नियन्त्रण नभई सहजीकरण गर्ने सिद्धान्तबाट निर्देशित हुन जरूरी छ ।
- राष्ट्रिय आमसञ्चार नीतिसँग नबाझिने तर प्रदेशमा थप अवसर सिर्जना गर्ने गरी नीति बनाउन आवश्यक छ । त्यसका लागि मिडियाको भूमिका र आधिकार कटौती हुने प्रावधान हटाउनुपर्छ ।
- अनलाइन माध्यमबारे सैद्धान्तिक र व्यावहारिकरूपमा प्रष्ट हुन आवश्यक छ । अनलाइन माध्यमलाई नियन्त्रण होइन, विस्तार र व्यवस्थित गर्ने मान्यताबाट निर्देशित हुन आवश्यक छ ।
- पत्रकारलाई फौजदारी अभियोग लगाउन सक्ने बाटो खुला गरिएको छ । पत्रकारलाई फौजदारी नभएर देवानी कानुन आकर्षित हुने व्यवस्था गर्न आवश्यक छ ।
- नीतिमा प्रदेशका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच पुर्‍याउने र नागरिकलाई सशक्तीकरण गर्ने प्रावधान राख्न आवश्यक छ ।
- आमसञ्चारका माध्यमहरूमा थप लगानीका लागि प्रोत्साहित गर्दै लगानीलाई पारदर्शी बनाई यसलाई व्यावसायिक एवं प्रतिस्पर्धी बनाउन प्रोत्साहित गर्ने नीति उल्लेख गर्न जरूरी छ ।
- इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको प्रयोग र त्यसबाट हुन सक्ने लाभलाई प्राथमिकता दिन जरूरी छ न कि दुरूपयोग नियन्त्रणलाई ।
- 'राष्ट्रिय अखण्डता, नागरिकबीचको सद्भाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतालाई मिडियाले ख्याल गर्नुपर्छ । र, मिडियाको स्वनियमनको जिम्मा स्वयं मिडियालाई दिनुपर्छ । अनुगमनका रूपमा स्वनियमनलाई बुझ्नुहुँदैन ।
- आमसञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय र जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ जसले गर्दा मिडियासँग सम्बन्ध पनि रहिरहन्छ र हस्तक्षेप पनि हुँदैन ।

- आमसञ्चारका माध्यमहरूको वर्गीकरण गरी सामुदायिक मिडियालाई सहुलियत प्रदान गर्नुपर्छ । व्यावसायिक मिडियालाई प्रवर्द्धन गर्ने र तिनीहरूको सुरक्षाको प्रत्याभूत गर्नुपर्छ ।
- मस्यौदा नीतिमा 'कुनै एक व्यक्ति, परिवार वा समूहलाई अनलाइन माध्यमबाहेक छापा, श्रव्य दृश्य र श्रव्य गरी तीनै माध्यममा लगानी गर्न रोक लगाइ सञ्चार माध्यममा एकाधिकार कायम गर्न दिइने छैन' भन्ने उल्लेख छ जुन प्रावधान राष्ट्रिय सञ्चार नीति, २०७३ सँग बाझिएको छ । राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा भएको व्यवस्थालाई ध्यान दिइ अनलाइनबाहेक छापा वा प्रसारण माध्यममा लगानी भएका कुनै एक व्यक्ति, परिवार वा समूहले अर्को माध्यममा निर्णायक हिस्सा नहुने गरी लगानी गर्न सक्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।
- समाचार संस्था खोल्न निजी क्षेत्रलाई प्रोत्साहत गरिनेछ भन्ने व्यवस्था राख्न जरूरी छ । सरकारले सरकारी स्तरमा समाचार संस्था खोल्ने प्रावधान हटाउन आवश्यक छ ।
- फ्रिक्वेन्सी वितरणको अधिकार सङ्घलाई भएकाले प्रदेश सरकारको फ्रिक्वेन्सी नीति सङ्घीय सरकारसँग मेल खाने गरी राख्न आवश्यक छ ।
- प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेशस्तरका सरकारी सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्न 'प्रदेश सञ्चार बोर्ड' गठन गरिनेछ र सो बोर्डलाई पूर्ण स्वायत्तताका साथ काम गर्ने वातावरण मिलाइनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसलाई हटाउन आवश्यक छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया सञ्चालन गर्न हुँदैन ।
- 'श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षाका लागि सेवा, सर्त तथा सुविधासम्बन्धी श्रमजीवी पत्रकार ऐनअनुसार गरिने व्यवस्था गर्नुपर्छ किनकि पत्रकारहरूको पेशागत सुरक्षाका लागि श्रमजीवी पत्रकार ऐन कायमै छ । आवश्यक परे प्रदेशस्तरमा श्रमजीवी पत्रकार ऐन बनाउन सकिन्छ । र, त्यसमा थप प्रावधान राख्न सकिन्छ ।
- एफएम रेडियोको नेटवर्किङमार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहनसहनमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारलाई जानकारी दिने व्यवस्था गर्न आवश्यक छ ।
- मस्यौदा नीतिमा प्रदेशमा पत्रकारिता गर्ने अनलाइन माध्यमहरूको दर्ताको व्यवस्था गर्न सकिन्छ । अनलाइनलाई निषेध गर्ने र सामग्रीहरूमाथि पूर्ण प्रतिबन्ध लगाइने व्यवस्था परिमार्जन गर्न आवश्यक छ । मिडियालाई नियन्त्रण र पूर्ण प्रतिबन्ध लगाउन हुँदैन । गलत काम मिडियाले गरेका छन् भने अदालतबाट प्रमाणित भएको खण्डमा कारबाही गर्न सकिन्छ ।
- अनलाइन माध्यम र पत्रकारिता गर्ने अनलाइन माध्यमलाई फरक-फरक तरिकाले हेर्न आवश्यक छ । अनलाइन माध्यमहरूलाई जिम्मेवार तथा जवाफदेही हुन र पत्रकारिता गर्न खोलिएका अनलाइन माध्यमहरूलाई पत्रकारिताको आचारसंहिता र मूल्य/मान्यतालाई पालना गर्न प्रोत्साहन गर्ने व्यवस्था गर्न आवश्यक छ ।

## बुँदागत समस्या र सुझाव

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १.२. | आमसञ्चार माध्यमहरूको अधिकतम उपयोगद्वारा प्रदेशभित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच विस्तार गरी राज्य र जनताबीचको दूरी घटाउने । | आमसञ्चार माध्यमहरूको अधिकतम उपयोगद्वारा प्रदेशभित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच पुऱ्याउने । | सूचनाको पहुँच पुऱ्याउनु मुख्य कुरा हो । त्यसको प्रभाव के पर्छ भन्ने अर्को पाटो भएकाले । |
| १.९. | १.९. पछिल्लो समय तीव्ररूपमा विकास एवं विस्तार भइरहेको इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको सम्भावित दुरूपयोग नियन्त्रण गरी यसका सकारात्मक लाभहरूको प्रबर्धन गर्ने । | इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमलाई व्यवस्थित र प्रबर्धन गरिनेछ । | दुरूपयोग हुन्छ र त्यसलाई नियन्त्रण गरिनुपर्छ भन्ने परिकल्पना भन्दा त्यसलाई व्यवस्थित र प्रबर्धन गर्दा डिजिटल मिडियाबाट बढी लाभ लिन सकिने भएकाले |
| २.३. | राष्ट्रिय अखण्डता, नागरिकबीचको सद्भाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतामा नकारात्मक प्रभाव नपर्ने गरी सञ्चार माध्यमहरूले प्रवाह गर्ने विषयवस्तुमा स्वनियमनका आधारमा पूर्ण स्वतन्त्रता हुनेछ । | सञ्चार माध्यमहरूलाई स्वनियमनका लागि प्रोत्साहन गरिनेछ । | नकारात्मक प्रभाव नपर्ने उल्लेख हुनासाथ प्रेसका अधिकार कुण्ठित हुन सक्ने सम्भावना रहेकाले । |
| २.४. | प्रदेशभित्र सञ्चालन हुने छापाखाना र प्रसारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी आमसञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय र जवाफदेही बनाइनेछ । | प्रदेशभित्र सञ्चालन हुने छापा माध्यम, प्रसारण माध्यम र अनलाइनमा श्रमजीवी पत्रकार ऐन र नियमावली लागु गरिनेछ । कर्मचारीहरूको हकमा श्रम ऐन र नियमावली लागु गरिनेछ । छापाा माध्यम, प्रसारण माध्यम र अनलाइनमा विनियमावली बनाइ लागु गर्नुपर्नेछ । | ऐन, नियमावली र विनियमावलीमा नै जनशक्तिको योग्यता र क्षमता निर्धारण गर्न सकिने भएकाले । राज्यले पत्रकारको योग्यता र क्षमता निर्धारण गर्ने होइन । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २.६. | आमसञ्चारका माध्यमहरूको वर्गीकरणका लागि रेडियो र टेलिभिजनको हकमा उसले प्राप्त गरेको प्रसारण क्षमतालाई साना, मझौला वा ठूला सञ्चार माध्यमका रूपमा वर्गीकरण गरिनेछ र त्यस्ता माध्यमको सामुदायिक वा व्यावसायिक उद्देश्यका आधारमा सर्त र सहुलियत किटान गरिनेछ । | आमसञ्चारका माध्यमहरूको वर्गीकरणका लागि रेडियो र टेलिभिजनको हकमा उसले प्राप्त गरेको प्रसारण क्षमतालाई साना, मझौला वा ठूला सञ्चार माध्यमका रूपमा वर्गीकरण गरिनेछ र त्यस्ता माध्यमको सामुदायिक वा व्यावसायिक उद्देश्यका आधारमा सहुलियत किटान गरिनेछ । | सर्त राख्नासाथ प्रेसका अधिकारमा अवरोध सिर्जना हुन सक्ने भएकाले । |
| २.८. | प्रदेशभित्र सञ्चालित आमसञ्चार माध्यममा विदेशी लगानीको निर्णायक भूमिका हुने गरी आउनसक्ने सम्भावित लगानीलाई नियन्त्रण एवं व्यवस्थापन गर्न प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ । आमसञ्चार माध्यममा कार्यरत पत्रकार तथा कर्मचारीहरू अनिवार्यरूपमा नेपाली नागरिक हुनुपर्नेछ । | प्रदेशभित्र सञ्चालित आमसञ्चार माध्यममा विदेशी लगानीको निर्णायक भूमिका राख्न पाइने छैन । मिडियामा हुने विदेशी लगानीको अनुगमन गरिनेछ । विदेशी लगानी भएका मिडियामा कार्यरत पत्रकार तथा कर्मचारीहरू अनिवार्यरूपमा नेपाली नागरिक हुनुपर्नेछ । | नीतिगतरूपमा नै स्पष्ट गर्दा लगानी पनि आउन सक्ने र नियन्त्रण गर्न आवश्यक नपर्ने भएकाले । सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९ मा 'नेपाली पत्रकारिताको क्षेत्रमा पर्याप्त मात्रामा स्वदेशी लगानी प्रवाहित भइरहेको हुँदा छापा माध्यमको विकासका लागि विदेशी लगानी स्वीकार नगर्ने' उल्लेख छ । |
| २.१०. | कुनै एक व्यक्ति, परिवार वा समूहलाई अनलाइन माध्यमबाहेक छापा, श्रव्य दृश्य र श्रव्य गरी तीनै माध्यममा लगानी गर्न रोक लगाइ सञ्चार माध्यममा एकाधिकार कायम गर्न दिइने छैन । | कुनै एक व्यक्ति, परिवार वा समूहले अनलाइन माध्यमबाहेक छापा वा प्रसारण माध्यममा निर्णायक लगानी गर्न सक्नेछन् । त्यसभन्दा बढी माध्यममा निर्णायक हिस्सा लगानी गर्न पाइने छैन । | छापा वा प्रसारण माध्यमको अनलाइन माध्यम अनिवार्य जस्तै भएकाले ती दुईवटा मिडियामा पूर्ण र त्यसभन्दा बाहेकमा निर्णायक हिस्सा लगानी गर्ने व्यवस्था नहुँदा मिडियामा एकाधिकार नहुने भएकाले । सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९ मा कुनै पनि व्यक्ति, संस्था वा कम्पनीलाई प्रकाशन गृह, समाचार एजेन्सी, रेडियो प्रसारण संस्था र टेलिभिजन प्रसारण संस्थामध्ये बढीमा कुनै दुईटा माध्यम सञ्चालन गर्न अनुमति दिने र यसरी अनुमति दिँदा दोस्रो माध्यममा कुल लगानीको ४० प्रतिशतसम्म मात्र लगानी गर्न पाउने प्रावधान छ । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २.११. | सञ्चार माध्यमहरूको प्रोत्साहनका लागि प्रदान गरिने लोककल्याणकारी विज्ञापनको प्रभावकारी र न्यायपूर्ण वितरणका लागि कानुन बनाइ व्यवस्थित गरिनेछ । यस्ता विज्ञापनमा ग्रामीण क्षेत्रबाट सञ्चालित सेवामूलक आमसञ्चार माध्यमहरूलाई प्राथमिकता दिइनेछ । | सञ्चार माध्यमलाई प्रदान गरिने लोककल्याणकारी विज्ञापन कानुन बनाइ औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । | बढी पहुँच यसको पहिलो सैद्धान्तिक आधार हुनुपर्छ । |
| २.१२. | जनताको सूचनाको अधिकार र राज्यको नागरिकप्रतिको दायित्व बहनका लागि प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेश स्तरका सरकारी सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्न 'प्रदेश सञ्चार बोर्ड' गठन गरिनेछ र सो बोर्डलाई पूर्ण स्वायत्तताका साथ काम गर्ने वातावरण मिलाइनेछ । | | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |
| २.१८. | श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षाका लागि सेवा, सर्त तथा सुविधासम्बन्धी कानुन तर्जुमा गरी सञ्चार गृहहरूमा कानुन कार्यान्वयन गराइनेछ र कानुन कार्यान्वयन भए/नभएको सम्बन्धमा भरपर्दो अनुगमनको व्यवस्था मिलाइनेछ । कानुन कार्यान्वयन नगर्ने सञ्चार माध्यमहरूलाई प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका सुविधाबाट वञ्चित गराइने व्यवस्था मिलाइनेछ । | प्रदेशबाट प्रकाशन तथा प्रसारण हुने आमसञ्चार माध्यमहरूमा श्रमजीवी पत्रकार ऐन लागु गरिनेछ । कानुन कार्यान्वयन भए/नभएको अनुमगन गर्ने व्यवस्था मिलाइनेछ । | श्रमजीवी पत्रकार ऐनले नै पत्रकारलाई निर्देशित गर्न सक्ने र त्यसलाई आवश्यकताअनुसार संशोधन गर्न सकिने भएकाले । |
| ३.१. | फ्रिक्वेन्सी वितरणको हालको व्यवस्थामा संशोधन गर्दै कुनै एक व्यक्ति, संस्था वा सञ्चालकले एकभन्दा बढी फ्रिक्वेन्सी उपयोग गर्न नपाउने व्यवस्था मिलाइनेछ । साथै फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोतका रूपमा विकास गर्न फ्रिक्वेन्सी प्राप्त गरेको मितिले प्रत्येक १२ वर्षमा प्रदेश सरकारले फ्रिक्वेन्सी फिर्ता लिनेछ । र, सोही फ्रिक्वेन्सीलाई प्रतिस्पर्धा एवं निश्चित मापदण्डका आधारमा पुनः नयाँ सरह वितरणको व्यवस्था गर्न सक्ने गरी मापदण्ड विकास गरिनेछ । यो व्यवस्था प्रदेश राजपत्रमा सूचना छापिएको मितिदेखि लागु हुनेछ । | फ्रिक्वेन्सी वितरणको हालको व्यवस्थामा संशोधन गर्दै यो प्रावधानलाई सङ्घीय सरकारलाई प्राप्त अधिकारका आधारमा प्रदेशले व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ । | फ्रिक्वेन्सी वितरण गर्ने अधिकार प्रदेशलाई नभई सङ्घलाई भएकाले |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ३.१.२ | फ्रिक्वेन्सी प्राप्त गरेपश्चात् नियमित प्रसारणमा नगई खरिद बिक्री गर्ने मनसायलाई निरूत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्री वा हस्तान्तरण भए फ्रिक्वेन्सी स्वतः प्रदेश सरकार मातहत ल्याइनेछ । यसैगरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म नवीकरण नभएको अवस्थामा समेत सो फ्रिक्वेन्सी स्वतः सरकार मातहत आउने व्यवस्था गरिनेछ । | | फ्रिक्वेन्सी वितरण गर्ने अधिकार प्रदेशलाई नभई सङ्घलाई भएकाले । यो प्रावधानलाई सङ्घीय सरकारलाई प्राप्त अधिकारका आधारमा मिलाउन आवश्यक छ । |
| ३.१.३. | फ्रिक्वेन्सी स्पेक्ट्रम कम भएका ठाउँमा फ्रिक्वेन्सी उपलब्धतालाई सहज बनाउन आवश्यक अध्ययन गरिनेछ । प्रसारण क्षेत्रका इजाजत प्राप्त संस्थाले परस्पर पूर्वाधार तथा भू-उपग्रहको सहप्रयोग तथा साझेदारी गर्न चाहेमा त्यस्ता प्रयासलाई प्रोत्साहन गरिनेछ । | यो प्रावधान हटाउन आवश्यक छ । | यो अधिकार प्रदेशलाई नभई सङ्घलाई भएकाले |
| ३.२.२. | प्रदेश सञ्चार बोर्डमार्फत सञ्चालन हुने सञ्चार माध्यमहरूलाई जुनसुकै प्राकृतिक प्रकोपका समयमा समेत निर्वाध सञ्चालन हुन सक्ने गरी आवश्यक भौतिक व्यवस्था एवं स्रोत साधनको व्यवस्था मिलाइनेछ । | | यो प्रावधान ठीक भए पनि यसरी सञ्चालित मिडियाको समयावधि तोक्न आवश्यक छ । |
| ३.३.३. | एफएम रेडियोको नेटवर्किङमार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहनसहनमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व अनिवार्यरूपमा प्रदेश सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था मिलाइनेछ । | एफएम रेडियोको नेटवर्किङमार्फत प्रदेशमा प्रसारण हुने समाचारमूलक तथा अन्य कार्यक्रमहरूले प्रदेशको भाषा, संस्कृति र रहनसहनलाई सम्मान गर्नुपर्नेछ । नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारलाई जानकारी दिनुपर्नेछ । | प्रकाशनपूर्व प्रतिबन्धका साथै नियन्त्रण गर्न सक्ने सम्भावनालाई सुधार गर्न जरूरी भएकाले । |
| ३.५.२. | प्रदेश सञ्चार बोर्ड मातहत प्राप्त हुन आएका सूचना एवं समाचारहरूको उपयोग गर्ने गरी प्रदेश सरकारले समाचार संस्थाका रूपमा विकास गर्ने र निजी सञ्चार माध्यमहरूलाई उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइनेछ । | | लोकतन्त्रमा सरकारले समाचार संस्था सञ्चालन गर्न हुँदैन । समाचार संस्था स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक हुन्छ । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ३.७.३. | दर्ता नभई सञ्चालनमा रहेका अनलाइन माध्यमहरूलाई निषेध गरिनेछ । स्रोत पुष्टि हुन नसक्ने तथा कसैको चरित्र हत्या हुने गरी वा गलत लाभ लिने गरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रेरित गर्ने गरी प्रकाशन भएका सामग्रीहरूमाथि पूर्णतः प्रतिबन्ध लगाउँदै भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा प्रेस रजिस्ट्रारको कार्यालयसँग परामर्श लिइ साइबर सुरक्षासम्बन्धी कानुनअनुसार कारबाहीको व्यवस्था मिलाइनेछ । | पत्रकारिता गर्ने उद्देश्यका अनलाइन माध्यमलाई दर्ता गराउनुपर्नेछ । त्यस्ता अनलाइनले कानुन र पत्रकार आचारसंहिता पालना गर्नुपर्नेछ । | पत्रकारिता गर्ने अनलाइन र अरू अनलाइनबीच फरक हुन्छ । पत्रकारिता गर्ने अनलाइनले गलत गरे त्यसको छानबिन गरी प्रेस काउन्सिल नेपालले कारबाहीको प्रक्रिया अघि बढाउन सक्छ । त्यसैले फौजदारी कारबाही गर्ने प्रावधान राख्नुहुँदैन । |
| ३.९.३. | आमसञ्चार माध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रवाहित गर्न नपाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ । | आमसञ्चार माध्यमले दलीय संस्कार र सार्वजनिक मर्यादाअनुसार रहेर राजनीतिक दलका सूचनामूलक जानकारी विज्ञापन सामग्री प्रवाहित गर्न सक्नेछन् । तर त्यसो गर्दा दलहरूको हैसियतअनुसार समय निर्धारण गर्न आवश्यक हुन्छ । निर्वाचनको समयमा निर्वाचन आयोगको आचारसंहिता पालन गर्नुपर्छ । | राजनीतिक दलहरूले दलीय संस्कार र सार्वजनिक मर्यादाअनुसार आफ्ना जानकारीमूलक सामग्रीहरू विज्ञापनका रूपमा आमसञ्चार माध्यमहरूलाई दिन सक्ने व्यवस्था हुनुपर्छ । किनकि आमसञ्चार माध्यमहरू राजनीतिक सञ्चारको प्रचार/प्रसार गर्ने माध्यम हुनुपर्छ । |
| ३.९.४. | आमसञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ । | आमसञ्चार माध्यमले नेपालको भाषिक, धार्मिक, सांस्कृतिक, वैचारिक विविधतालाई सम्मान गर्दै ब्रान्ड, उत्पादन वा सेवाको विविधतालाई सम्मान गर्नुपर्छ । | लोकतन्त्रमा विविधतालाई सम्मान भएपछि एकाधिकार नहुने भएकाले । |

प्रदेश नं. ५

**टिप्पणी तथा सुझाव**

असोज, २०७५




# प्रदेश नं. ५
# प्रदेश सञ्चार नीति, २०७५

नेपालको संविधान (२०७२) ले प्रदान गरेको अधिकारअनुसार प्रदेश नं. ५ को सरकारले प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५ को मस्यौदा तयार पारेको छ ।* सञ्चार नीतिको मस्यौदा तयार पार्न आन्तरिक मामिला मन्त्रालयले सचिव मानबहादुर बिकेको संयोजकत्वमा ४ सदस्यीय कानुन मस्यौदा समिति गठन गरेको थियो । केन्द्रले तयार पारेको मस्यौदामाथि गृहकार्य र पत्रकारहरूसँग अन्तर्क्रिया गरी मस्यौदा तयार पारी सार्वजनिक गरिएको हो । प्रदेश नं. ५ को सञ्चार नीतिको मस्यौदामा पृष्ठभूमि, लक्ष्य, उद्देश्य, आधारभूत नीति र विषयगत नीतिको प्रावधान राखिएको छ । विषयगत नीतिअन्तर्गत प्रसारण सेवा, प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान, निजी एवं व्यावसायिक प्रसारण, सामुदायिक प्रसारण, सूचना बैङ्क, छापा सञ्चार माध्यम, विद्युतीय सञ्चार माध्यम, चलचित्र, विज्ञापन, टेलिभिजन सिग्नल र केबुल वितरणसम्बन्धी व्यवस्था राखिएको छ । त्यस अतिरिक्ति विविध पनि राखिएको छ ।

## मस्यौदा नीतिका मूलभूत समस्या

प्रदेश नं. ५ ले तयार पारेको प्रदेश सञ्चार नीति, २०७५ को मस्यौदामा निम्नानुसारका समस्या छन् :

- पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्रको तुलनामा अनलाइन माध्यमप्रति नीति अनुदार छ । विद्युतीय माध्यमले नकारात्मक पक्षलाई प्रोत्साहन गर्छ कि भन्ने शङ्का धेरै गरिएको छ । विद्युतीय माध्यमको सही प्रयोग गरी धेरै पक्षमा परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास कम गरिएको छ ।
- प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारको मातहतमा मिडिया सञ्चालन गर्ने प्रावधान राखिएको छ । त्यसैले प्रदेशस्तरीय सञ्चार माध्यमका साविकका क्षेत्रीय संरचनाहरूलाई प्रदेश संरचनामा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने उल्लेख छ ।
- खास-खास विषयवस्तुमा संवेदनशीलता अपनाउन स्वनियमनमा जोड दिइनेछ भन्ने उल्लेख छ । एकातिर अरू विषयमा स्वनियमन गौण हुन सक्ने सम्भावना रहन्छ भने अर्कोतिर स्वनियमनका नाममा स्वनियन्त्रण हुन सक्ने सम्भावना पनि रहन्छ ।
- सञ्चारका माध्यमको वर्गीकरण गरी सर्त र सहुलियत निर्धारण गरिनेछ भनिएको छ । सर्त राख्दा समस्या आउन सक्छ ।
- निर्णायक भूमिका हुने गरी सञ्चार माध्यममा विदेशी लगानी रोकिएको छ जुन दीर्घकालीन नीतिसँग बाझ्छ जसमा छापा माध्यममा विदेशी लगानी स्वीकार गरिएको छैन ।
- स्वायत्त निकायका रूपमा 'प्रदेश सूचना तथा सञ्चार प्रतिष्ठान' स्थापना गर्ने उल्लेख छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया सञ्चालन गर्नुहुँदैन ।
- श्रमजीवी पत्रकार र कर्मचारीको श्रम विवादमा मध्यस्थता, सञ्चार माध्यमहरूमा आचारसंहिता तथा स्वनियमनको प्रवर्धन तथा सञ्चार माध्यमहरूविरूद्धको उजुरी

*प्रदेश सञ्चार नीति, २०७५ असोज २१ गते पारित भएको हो ।

सुनुवाइ, सञ्चारकर्मीको क्षमता विकासलगायतका आवश्यक कार्य गर्ने व्यवस्था मिलाइने उल्लेख छ । पत्रकारको पेशागत सुरक्षाका लागि श्रमजीवी पत्रकार ऐन कायमै छ ।

- कानुन पालना नगर्ने सञ्चार माध्यमहरूलाई आवश्यक कारबाही गरिने व्यवस्था राखिएको छ । सञ्चार माध्यमहरूलाई कानुन पालना गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।
- प्रदेश सरकारले सञ्चालन गर्ने सार्वजनिक सेवा प्रसारणको समेत व्यवस्थापन गर्न 'प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान' स्थापना गर्ने उल्लेख छ । तर लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया चलाउन हुँदैन ।
- फ्रिक्वेन्सी राष्ट्रिय स्रोत भएकाले यसको खरिद बिक्रीलाई निरूत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्री वा हस्तान्तरण भए पनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद, बिक्री वा हस्तान्तरण भएको मानिने छैन । यसैगरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म नवीकरण नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन भन्ने उल्लेख छ । फ्रिक्वेन्सी वितरण गर्ने अधिकार प्रदेशलाई नभई सङ्घलाई भएकाले यो प्रावधान सङ्घीय सरकारलाई प्राप्त अधिकारका आधारमा मिलाउन आवश्यक छ ।
- एफएम रेडियोको सञ्जाल (नेटवर्किङ) मार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहनसहनमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारबाट अनुमति लिनुपर्ने जुन व्यवस्था गरिएको छ, यसको उद्देश्य स्पष्ट हुनुपर्छ ।
- जुनसुकै विद्युतीय सञ्चार माध्यम दर्ता गरेरमात्र सञ्चालन गर्नुपर्नेछ । दर्ता नगरिकन सञ्चालित अनलाइन सञ्चार माध्यमलाई कारबाही गरिनेछ भन्ने व्यवस्था छ । अनलाइन सञ्चार माध्यम र पत्रकारिता गर्ने अनलाइनलाई एउटै तरिकाले हेरिएको छ जुन आफैँमा समस्याग्रस्त छ ।
- स्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिने गरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन र प्रसारण गर्न पाइने छैन । भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा साइवर सुरक्षासम्बन्धी कानुनअनुसार कारबाहीको व्यवस्था मिलाइनेछ भन्ने व्यवस्था छ । यसो गर्दा साइबर सुरक्षाअनुसार पत्रकारलाई पनि फौजदारी कारबाही हुन सक्छ । यो आफैँमा गलत छ ।

## मुख्य सुझाव

- लोकतान्त्रिक शासन व्यवस्थाअनुरूप आमसञ्चार माध्यमको विकास, बिस्तार र अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनको मूल मर्मलाई आत्मसात गरेर प्रदेश नीति तयार पार्न आवश्यक छ । नीतिले मिडिया र पत्रकारलाई जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ,

त्यसका लागि नियन्त्रण नभई सहजीकरण गर्ने सिद्धान्तबाट निर्देशित हुन जरूरी छ ।

- अनलाइन माध्यमका बारेमा सैद्धान्तिक र व्यावहारिकरूपमा प्रष्ट हुन आवश्यक छ । अनलाइन माध्यमलाई नियन्त्रण होइन, बिस्तार र व्यवस्थित गर्ने मान्यताबाट निर्देशित हुन आवश्यक छ । अनलाइन माध्यम र अनलाइन पत्रकारिता गर्ने अनलाइनलाई फरकफरक तरिकाले हेर्न आवश्यक छ । अनलाइन माध्यमहरूलाई जिम्मेवार तथा जवाफदेही हुन र पत्रकारिता गर्न खोलिएका अनलाइन माध्यमहरूलाई पत्रकारिताको आचारसंहिता र मूल्य/मान्यता पालना गर्न प्रोत्साहन गर्ने व्यवस्था गर्न आवश्यक छ ।
- पत्रकारलाई फौजदारी अभियोग लगाउन सक्ने बाटो खुला गरिएको छ । पत्रकारलाई फौजदारी नभएर देवानी कानुन आकर्षित हुने व्यवस्था गनुपर्छ ।
- इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमको प्रयोग र त्यसबाट हुन सक्ने लाभलाई दुरूपयोग नियन्त्रणलाई भन्दा प्राथमिकता दिन जरूरी छ ।
- 'राष्ट्रिय अखण्डता, नागरिकबीचको सदभाव, राष्ट्रिय सुरक्षालगायत प्रादेशिक आर्थिक-सामाजिक-राजनीतिक संवेदनशीलतालाई मिडियाले ख्याल गर्नुपर्छ । र, मिडियाको स्वनियमनको जिम्मा स्वयं मिडियालाई दिनुपर्छ । अनुगमनका रूपमा स्वनियमनलाई बुझ्नुहुँदैन ।
- आमसञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय र जवाफदेही बनाउन प्रोत्साहन गर्नुपर्छ जसले गर्दा मिडियासँग सम्बन्ध पनि रहिरहन्छ र हस्तक्षेप पनि हुँदैन ।
- व्यावसायिक मिडियालाई प्रवर्द्धन गर्ने र तिनीहरूको सुरक्षाको प्रत्याभूत गर्नुपर्छ ।
- फ्रिक्वेन्सी वितरणको अधिकार सङ्घलाई भएकाले प्रदेश सरकारको फ्रिक्वेन्सी नीति सङ्घीय सरकारसँग मेल खाने गरी राख्न आवश्यक छ ।
- प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेशस्तरका सरकारी सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्न 'प्रदेश सञ्चार बोर्ड' गठन गरिनेछ र सो बोर्डलाई पूर्ण स्वायत्तताका साथ काम गर्ने वातावरण मिलाइनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसलाई हटाउन आवश्यक छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिडिया सञ्चालन गर्न हुँदैन ।
- 'श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षाका लागि सेवा, सर्त तथा सुविधासम्बन्धी श्रमजीवी पत्रकार ऐनअनुसार गरिने व्यवस्था गर्नुपर्छ किनकि पत्रकारहरूको पेशागत सुरक्षाका लागि श्रमजीवी पत्रकार ऐन कायमै छ । आवश्यक परे प्रदेशस्तरमा श्रमजीवी पत्रकार ऐन बनाउन सकिन्छ । र, त्यसमा थप प्रावधानहरू राख्न सकिन्छ ।
- एफएम रेडियोको नेटवर्किङमार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा र संस्कृतिमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारलाई जानकारी दिने व्यवस्था गर्न आवश्यक छ ।
- सामग्रीहरू प्रकाशन गर्न नपाइने व्यवस्था परिमार्जन गर्न आवश्यक छ । मिडियालाई

नियन्त्रण र पूर्ण प्रतिबन्ध लगाउन हुँदैन । गलत काम मिडियाले गरेका छन् भने अदालतबाट प्रमाणित भएको खण्डमा कारबाही गर्न सकिन्छ ।

## बुँदागत समस्या र सुझाव

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २.२ | प्रदेशभित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच बिस्तार गरी प्रदेश सरकार र जनताबीच नजिकको सम्बन्ध कायम गर्ने । | आमसञ्चार माध्यमहरूको अधिकतम उपयोगद्वारा प्रदेशभित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच पुऱ्याउने । | सूचनाको पहुँच पुऱ्याउनु मुख्य कुरा हो । त्यसको प्रभाव के पर्छ भन्ने अर्को पाटो भएकाले । |
| २.९. | विद्युतीय माध्यमबाट समाजमा पर्ने नकारात्मक प्रभाव रोकी यसका सकारात्मक लाभहरूको प्रवर्धन गर्ने । | विद्युतीय माध्यमहरूको सदुपयोग गरी सामाजिकरूपान्तरणका लागि प्रवर्धन गरिनेछ । | दुरूपयोग हुन्छ र त्यसलाई नियन्त्रण गरिनुपर्छ भन्ने परिकल्पनाभन्दा विद्युतीय माध्यमको प्रयोगबाट सकारात्मक लाभ लिन सकिने भएकाले |
| ३.२. | सरकार र जनताबीच सम्बन्धको माध्यमका रूपमा सञ्चार क्षेत्रलाई विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । प्रदेशस्तरीय सञ्चार माध्यमको स्थापना र विकास गर्ने क्रममा सञ्चार माध्यमका साविकका क्षेत्रीय संरचनाहरूलाई प्रदेश संरचनामा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । | सरकार र जनताबीच सम्बन्धको माध्यमका रूपमा सञ्चार क्षेत्रलाई विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |
| ३.३. | राष्ट्रिय अखण्डता, नागरिकबीचको सदभाव, राष्ट्रिय सुरक्षा, प्रदेशको विविधता र मौलिकताको संरक्षण/संवर्धनमा सञ्चार माध्यमले प्रवाह गर्ने विषयवस्तुमा संवेदनशीलता अपनाउन स्वनियमनमा जोड दिइनेछ । | सञ्चार माध्यमहरूलाई स्वनियमनका लागि प्रोत्साहन गरिनेछ । | निश्चित विषयमा संवेदनशीलता अपनाउने भन्नासाथ प्रेसका अधिकार कुण्ठित हुन सक्ने सम्भावना रहेकाले |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ३.४. | प्रदेशभित्र सञ्चालन हुने छापा माध्यम र प्रसारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी तिनलाई जवाफदेही बनाइनेछ । | प्रदेशभित्र सञ्चालन हुने छापा माध्यम, प्रसारण माध्यम र अनलाइनमा श्रमजीवी पत्रकार ऐन र नियमावली लागु गरिनेछ । कर्मचारीहरूका हकमा श्रम ऐन र नियमावली लागु गरिनेछ । छापा माध्यम, प्रसारण माध्यम र अनलाइनमा विनियमावली बनाइ लागु गर्नुपर्नेछ । | ऐन, नियमावली र विनियमावलीमा नै जनशक्तिको योग्यता र क्षमताको निर्धारण गर्न सकिने भएकाले । राज्यले पत्रकारको योग्यता र क्षमता निर्धारण गर्ने होइन । |
| ३.६. | सञ्चारका माध्यमको वर्गीकरण गरी सर्त र सहुलियत निर्धारण गरिनेछ । | सञ्चारका माध्यमको वर्गीकरण गरी सहुलियत निर्धारण गरिनेछ । | सर्त राख्नासाथ प्रेसका अधिकारमा अवरोध सिर्जना हुन सक्ने भएकाले |
| ३.८. | विदेशी लगानीको निर्णायक भूमिका हुनेगरी सञ्चार माध्यम सञ्चालन गर्न कानुनीरूपमा रोक लगाइनेछ । सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी तथा कर्मचारी नेपाली नागरिक हुनुपर्नेछ । | प्रदेशभित्र सञ्चालित आमसञ्चार माध्यममा विदेशी लगानीको निर्णायक भूमिका राख्न पाइने छैन । मिडियामा हुने विदेशी लगानीको अनुगमन गरिनेछ । | अनुगमन गर्दा वैदेशिक लगानीलाई व्यवस्थित गर्न सहज हुने भएकाले |
| ३.१०. | सञ्चार माध्यमको प्रोत्साहनका लागि प्रदान गरिने लोककल्याणकारी विज्ञापनको प्रभावकारी र न्यायपूर्ण वितरणका लागि व्यवस्था मिलाइनेछ । | सञ्चार माध्यमलाई प्रदान गरिने लोककल्याणकारी विज्ञापन कानुन बनाइ औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । | बढी पहुँच यसको पहिलो सैद्धान्तिक आधार हुनुपर्छ । |
| ३.११. | जनताको सूचनाको अधिकार र राज्यको नागरिकप्रतिको दायित्व बहन गर्न प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी सार्वजनिक सेवा प्रसारणसमेतको व्यवस्था गर्न एक स्वायत्त निकायका रूपमा प्रदेश सूचना तथा सञ्चार प्रतिष्ठान स्थापना गरिनेछ । | | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ३.१२. | सञ्चार माध्यममा सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार र कर्मचारीको श्रम विवादमा मध्यस्थता, सञ्चार माध्यमहरूमा आचारसंहिता तथा स्वनियमनको प्रवर्धन तथा सञ्चार माध्यमहरूविरूद्धको उजुरी सुनुवाइ, सञ्चारकर्मीको क्षमता विकासलगायतका आवश्यक कार्य गर्ने व्यवस्था मिलाइनेछ । | सञ्चार माध्यममा सरकारी विज्ञापनको समानुपातिक वितरण गरिनेछ । प्रदेशबाट प्रकाशन तथा प्रसारण हुने आमसञ्चार माध्यमहरूमा श्रमजीवी पत्रकार ऐन लागु गरिनेछ । कानुन कार्यान्वयन भए/नभएको अनुमगन गर्ने व्यवस्था मिलाइनेछ । | समानुपातिक विज्ञापनसम्बन्धी नीति बनिसकेकाले त्यसलाई ऐन बनाइ कार्यान्वयन गर्न आवश्यक छ । श्रमजीवी पत्रकार ऐनले नै पत्रकारलाई निर्देशित गर्न सक्ने र त्यसलाई आवश्यकताअनुसार संशोधन गर्न सकिने भएकाले |
| ३.१६. | कानुन पालना नगर्ने सञ्चार माध्यमहरूलाई प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका सुविधाबाट वञ्चित गरी आवश्यक कारबाही गरिनेछ । | कानुनको दायरामा रही कानुन पालना गरेका सञ्चार माध्यमहरूलाई प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका सुविधा उपलब्ध गराइनेछ । | मिडियाले कानुन पालना गर्छन् भन्ने परिकल्पना रहेकाले |
| ४.१.१. | फ्रिक्वेन्सी बाँडफाँटको अधिकार सङ्घीय सरकारलाई भएकाले प्रदेश सरकारको सिफारिसमा मात्र फ्रिक्वेन्सी वितरण गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकलाई एकभन्दा बढी फ्रिक्वेन्सी सिफारिस गरिने छैन । फ्रिक्वेन्सी प्राप्त गर्नुपूर्व प्रदेश सरकारको सिफारिस अनिवार्य गरिनेछ । | फ्रिक्वेन्सी बाँडफाँटको अधिकार सङ्घीय सरकारलाई भएकाले प्रदेश सरकारको सिफारिसमा मात्र फ्रिक्वेन्सी वितरण गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकले एउटा मात्र फ्रिक्वेन्सी पाउने गरी सिफारिस गरिनेछ । | सिफारिस गर्ने व्यवस्था भएकाले अनिवार्य भनिरहन आवश्यक नपर्ने भएकाले । |
| ४.१.२. | फ्रिक्वेन्सी राष्ट्रिय स्रोत भएकाले यसको खरिद बिक्रीलाई निरूत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्री वा हस्तान्तरण भए पनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद, बिक्री वा हस्तान्तरण भएको मानिने छैन । यसैगरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म नवीकरण नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन । यस्ता फ्रिक्वेन्सीहरूलाई पुनः नयाँ सरह वितरण गर्न सङ्घीय सरकारलाई सिफारिस गरिनेछ । | | फ्रिक्वेन्सी वितरण गर्ने अधिकार प्रदेशलाई नभई सङ्घलाई भएकाले यो प्रावधानलाई सङ्घीय सरकारलाई प्राप्त अधिकारका आधारमा मिलाउन आवश्यक छ । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ४.२.१. | प्रदेश सरकारले सञ्चालन गर्ने सार्वजनिक सेवा प्रसारणको समेत व्यवस्थापन गर्न 'प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान' स्थापना गरिनेछ । साविकका सार्वजनिक सञ्चार माध्यमका क्षेत्रीय प्रकाशन र प्रसारण केन्द्रहरूलाई सम्भव भएसम्म प्रदेश मातहत ल्याइ प्रतिष्ठानमार्फत व्यवस्थापन गरिनेछ । | | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |
| ४.२.२. | प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानमा सूचना तथा सञ्चार क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई नियुक्त गरी सार्वजनिक उत्तरदायित्वसहितको स्वतन्त्र र व्यावसायिक संस्थाका रूपमा विकास गर्ने व्यवस्था गरिनेछ । | | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |
| ४.२.३. | प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानद्वारा सञ्चार माध्यमलाई जुनसुकै अवस्थामा पनि सञ्चालन हुन सक्ने गरी व्यवस्था मिलाइनेछ । | | प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारले मिडिया सञ्चालन गर्न जरूरी छैन । |
| ४.३.३. | एफएम रेडियोको सञ्जाल (नेटवर्किङ) मार्फत हुने प्रसारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहनसहनमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ । | एफएम रेडियोको नेटवर्किङमार्फत प्रदेशमा प्रसारण हुने समाचारमूलक तथा अन्य कार्यक्रमले प्रदेशको भाषा, संस्कृति र रहनसहनलाई सम्मान गर्नुपर्नेछ । नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारलाई जानकारी दिनुपर्नेछ । | प्रकाशनपूर्व प्रतिबन्धका साथै नियन्त्रण गर्न सक्ने सम्भावनालाई सुधार गर्न जरूरी भएकाले । |
| ४.३.४. | सञ्चार माध्यमबाट प्रसारण हुने कार्यक्रमको गुणस्तरीयता र जवाफदेहिता बहन गर्ने संस्कृतिको विकास गर्न प्रसारकको योग्यतासम्बन्धी व्यवस्था गरिनेछ । | सञ्चार माध्यमबाट प्रसारण हुने कार्यक्रमको गुणस्तरीयता र जवाफदेहिता बहनका लागि प्रोत्साहिन गर्ने । | जोकोही नागरिक प्रसारक हुन सक्ने भएकाले प्रसारकको योग्यता तोक्ने व्यवस्था हटाउन आवश्यक देखिएको । |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ४.५.१. | प्रदेशभित्र भएका घटनालाई सूचनाका रूपमा सङ्कलन गरी सञ्चार माध्यमलाई उपलब्ध गराउने व्यावसायिक प्रयोजनका लागि सूचना बैङ्क स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । | प्रदेशभित्र भएका घटनालाई सूचनाका रूपमा सङ्कलन गरी सञ्चार माध्यमलाई उपलब्ध गराउने व्यावसायिक प्रयोजनका लागि समाचार संस्था स्थापना गरी सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । | सूचना बैङ्कले नभई समाचार संस्थाले समाचार सङ्कलन गरी विभिन्न सञ्चार माध्यमलाई उपलब्ध गराउने भएकाले |
| ४.७.१. | जुनसुकै विद्युतीय सञ्चार माध्यम दर्ता गरेरमात्र सञ्चालन गर्नुपर्नेछ । दर्ता नगरिकन सञ्चालित अनलाइन सञ्चार माध्यमलाई कारबाही गरिनेछ । | पत्रकारिता गर्ने उद्देश्यका अनलाइनले दर्ता गराउनुपर्नेछ । त्यस्ता माध्यमले कानुन र पत्रकार आचारसंहिता पालना गर्नुपर्नेछ । | पत्रकारिता गर्ने अनलाइन र अरू अनलाइनबीच फरक हुन्छ । |
| ४.७.३. | स्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिने गरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन र प्रसारण गर्न पाइने छैन । भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा साइबर सुरक्षासम्बन्धी कानुनअनुसार कारबाहीको व्यवस्था मिलाइनेछ । | स्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिनेगरी वा आममानिसमा हिंसा, आतङ्कलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन र प्रसारण गर्न हुँदैन । | पत्रकारिता गर्ने अनलाइनले गलत गरे त्यसको छानविन गरी प्रेस काउन्सिल नेपालले कारबाहीको प्रक्रिया अघि बढाउन सक्छ । त्यसले फौजदारी कारबाही गर्ने प्रावधान राख्नुहुँदैन । |
| ४.७.५. | सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोगलाई निरूत्साहित गर्न इन्टरनेट सेवाप्रदायकलाई विशेष उपाय अवलम्बन गर्ने व्यवस्था गरिनेछ । | सूचना तथा सञ्चार प्रविधिको सदुपयोगलाई प्रोत्साहित गर्न इन्टरनेट सेवाप्रदायकलाई विशेष उपाय अवलम्बन गर्ने व्यवस्था गरिनेछ । | सकारात्मक |
| ४.७.६. | युट्युबलगायतका अन्य विद्युतीय च्यानललाई समेत नियमनको दायरामा ल्याइ यसका सकारात्मक लाभको प्रबर्धन गर्न र दुरूपयोग नियन्त्रण गर्न सङ्घीय सरकार र अन्य प्रादेशिक सरकारसँग समन्वय गरिनेछ । | हटाउने | आवश्यक नभएको |

| बुँदा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ४.९.३. | सञ्चार माध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रसारण गर्न नपाउने गरी कानुनी व्यवस्था गरिनेछ । | आमसञ्चार माध्यमले दलीय संस्कार र सार्वजनिक मर्यादाअनुसार रहेर राजनीतिक दलका सूचनामूलक जानकारी, विज्ञापन सामग्री प्रवाहित गर्न सक्नेछन् । तर त्यसो गर्दा दलहरूको हैसियतअनुसार समय निर्धारण गर्न आवश्यक हुन्छ । निर्वाचनको समयमा निर्वाचन आयोगको आचारसंहिता पालन गर्नुपर्छ । | राजनीतिक दलहरूले दलीय संस्कार र सार्वजनिक मर्यादाअनुसार आफ्ना जानकारीमूलक सामग्रीहरू विज्ञापनका रूपमा आमसञ्चार माध्यमहरूलाई दिन सक्ने व्यवस्था हुनुपर्छ । किनकि आमसञ्चार माध्यमहरू राजनीतिक सञ्चारको प्रचार/प्रसार गर्ने माध्यम हुनुपर्छ । |
| ४.९.४. | सञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ । | आमसञ्चार माध्यमले नेपालको भाषिक, धार्मिक, सांस्कृतिक, वैचारिक विविधताको सम्मान गर्दै ब्रान्ड, उत्पादन वा सेवाको विविधतालाई सम्मान गर्नुपर्छ । | लोकतन्त्रमा विविधताको सम्मान हुने तर एकाधिकार नहुने भएकाले । |

*http://research.butmedia.org / cmrnepal@butmedia.org / mediapolicy.org.np*

प्रदेश नं. ५

**टिप्पणी तथा सुझाव**

माघ, २०७५




# प्रदेश नं. ५ छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

## पृष्ठभूमि

प्रदेश नं. ५ ले प्रदेश सञ्चार नीति, २०७५ तयार पारेको छ । प्रदेश प्रसारण विधेयक पनि तयार पारेको छ । यी दुवै छलफलको क्रममै छन् ।*

त्यस अतिरिक्त प्रदेश नं. ५ ले छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पनि ल्याएको छ । विधेयकमा छापाखाना, किताब, पत्रपत्रिकासम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी प्रेस रजिस्टार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार, सजाय र विविधसहित ७ वटा परिच्छेद छन् ।

## मस्यौदा विधेयकका मूलभूत समस्या

प्रदेश नं. ५ ले तयार पारेको छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा निम्नानुसारका समस्या छन् :

- दफा ३ को (२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले उक्त दरखास्तउपर आवश्यक छानबिन गरी तोकिएको दस्तुर लिइ दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनुपर्नेछ भन्ने व्यवस्था छ । छानबिन गरी भन्ने शब्दले छापाखाना स्थापना गर्नमा नै नियन्त्रण गर्ने सम्भावना देखाउँछ । छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा ३ मा यही काम स्थानीय अधिकारीले गर्ने व्यवस्था छ ।
- दफा ५ को उपदफा (१) मा कितावको प्रकाशकले आफूले प्रकाशन गरेको किताब बिक्री वितरण गर्नुभन्दा अघि त्यस्तो किताबको दुई प्रति बिनामूल्य दर्ता अधिकारीलाई बुझाउनुपर्ने व्यवस्था राखिएको छ । बिक्री वितरण गर्नुभन्दा अघि पुस्तक दिनुपर्ने प्रावधानले सो किताब प्रकाशन गर्न नदिन दर्ता अधिकारीलाई तजबिजी अधिकार प्रदान गर्न खोजेको देखिन गइ प्रकाशनपूर्वको प्रतिबन्ध अर्थात प्रि–सेन्सरसिप लगाउनेतर्फ उद्यत गराइ अभिव्यक्ति स्वतन्त्रता बन्देज गराउने समस्या ल्याउन सक्छ । यही व्यवस्था छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा ५ मा समेत छ ।
- दफा १५ मा किताब वा पत्रपत्रिका प्रकाशनमा प्रतिबन्धको प्रावधान राखिएको छ । लोकतन्त्रमा प्रतिबन्ध शब्दको प्रयोग गर्नु यसै पनि उपयुक्त हुँदैन । त्यतिमात्र नभई यो संविधान र प्रचलित कानुनको समेत बर्खिलाप हुन जान्छ । यसै विषयमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १४ मा 'देहायका कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन' भन्ने शब्दावली प्रयोग गरिएको छ ।
- दफा १६ मा राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी

* प्रदेश सञ्चार नीति, २०७५ असोज २१ गते पारित भएको हो भने प्रदेश प्रसारण विधेयक, २०७५ चैतमा पारित भएको छ ।

वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएरमात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत हुँदैन भन्ने प्रावधान राखिएको छ । यसको दुरूपयोग हुन सक्ने सम्भावना रहन्छ । छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १५ को उपदफा १ र २ मा रहेका यी व्यवस्थालाई जस्ताको तस्तै प्रदेश ऐनमा राख्नुपर्ने आवश्यकता देखिँदैन ।

- दफा १७ मा प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने प्रावधान राखिएको छ । यसै पनि लोकतन्त्रमा प्रतिबन्धित, निषेधित जस्ता शब्द प्रयोग गर्नु उपयुक्त हुँदैन । त्यसमाथि पनि यही व्यवस्था छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १७ मा छ ।
- दफा १९ को उपदफा (२) मा राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरूका लागि प्रदेश सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था राखिएको छ । यसले केन्द्रबाट प्रेस प्रतिनिधि प्रमाणपत्र लिएकाले पनि प्रदेशको छुट्टै प्रेस प्रतिनिधि प्रमाणपत्र लिनुपर्ने झन्झट हुन्छ । विदेशी पत्रकारका हकमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा २० को उपदफा (३) मा उल्लिखित व्यवस्थाको हुबहु राखेर प्रदेश सरकार भनेको अर्कै देशको सरकार हो जस्तो भान पर्ने गरी स्वदेशकै पत्रकारहरूलाई अन्यथा व्यवहार गर्नु मनासिव र शोभनीय हुन सक्दैन ।
- दफा २२ मा कसैले दफा ५ बमोजिम बुझाउनुपर्ने किताब नबुझाएमा दर्ता अधिकारीले बुझाउनुपर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरिवाना गर्न सक्नेछ भन्ने प्रावधान राखिएको छ । पुस्तक नबुझाएमा कारबाही गर्ने प्रावधान राख्नु उपयुक्त हुँदैन । छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा ५ को उपदफा (१) कार्यान्वयनको हकमा सोही ऐनको दफा २३ मा रहेको व्यवस्थामा स्थानीय अधिकारीको ठाउँमा दर्ता अधिकारी बनाएर बाँकी हुबहु नक्कल गरी कारबाहीको व्यवस्था गर्नु आवश्यक छैन । यसो गर्नैपर्ने भएमा सङ्घीय ऐन संशोधन गरेर त्यसमा भएको व्यवस्था खारेज गर्नु आवश्यक हुन्छ । अन्यथा सङ्घीय र प्रादेशिक दुवै तहका अधिकारीलाई चित्त बुझाउँदै हिँड्नुपर्ने झमेला आइलाग्छ ।
- निषेधित प्रकाशन, प्रकाशनमा प्रतिबन्ध, जफत जस्ता शब्दहरू प्रयोग गरिएका छन् । भाषिक दृष्टिले पनि यी शब्दले स्वतन्त्रतालाई स्वतः खुम्च्याउने गर्छन् भने त्यसैलाई टेकेर दुरूपयोग गर्ने सम्भावना रहन्छ ।

## मुख्य सुझाव

- संविधान र सङ्घीय कानुनमा समेत उल्लेख भइसकेका व्यवस्था प्रदेश कानुनमा पुनः उल्लेख गर्नुपर्ने आवश्यकताबारे विचार गर्नु आवश्यक देखिन्छ । कानुनको सङ्ख्या

बढाउने कि कानुनको चुस्त र जनोपयोगी कार्यान्वयन गर्ने भन्नेमा राज्यका सबै तहका सरकारको ध्यान जान आवश्यक छ । अन्यथा, सङ्घीय कानुनको नक्कल गरेर प्रदेश कानुन बनाएजस्तै स्थानीय तहहरूले पनि कानुन बनाएर लागु गराउनेतिर गए भने मुलुक ७६१ वटा सरकारले कार्यान्वयन गर्ने कानुनी जञ्जालमा फस्ने खतरा रहन्छ ।

- सङ्घीय ऐनमा भएका व्यवस्थालाई प्रादेशिक ऐनमा सीमित गर्दै जाने वा नक्कल गर्दै जाने कानुनी व्यवस्थाले न कानुनको विकासमा कुनै योगदान पुग्छ न त कानुनी शासन स्थापनामा नै । । बरू कानुनी झन्झटमात्र थपिने होइन कि कुनै एउटा पत्रिका प्रकाशकले समाचार सङ्कलन र पत्रपत्रिका वितरणका लागि तथा किताब प्रकाशकले आफ्नो प्रकाशनको देशव्यापी वितरणका लागि प्रदेशैपिच्छे अनुमति लिँदै हिँड्नुपर्ने अवस्था आइलाग्छ । यस्तो अवस्थाले संविधानप्रदत्त सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रतालाई निरूत्साहित मात्रै गर्छ ।
- छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ मा रहेका पत्रकारितासम्बन्धी व्यवस्थालाई जस्ताको तस्तै नक्कल गरेर प्रदेश सभाले बनाउने ऐनमा राख्नुपर्ने आवश्यकता छैन । कारण- सङ्घीय कानुनमा भएका व्यवस्था प्रदेश सरकारले समेत पालना गर्नु/गराउनुपर्ने कर्तव्य/अधिकार हुन्छ ।
- छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ मा किताबका सम्बन्धमा रहेका व्यवस्थालाई स्थानीय अधिकारीको ठाउँमा दर्ता अधिकारी बनाएर बाँकी हुबहु नक्कल गरी प्रदेश कानुनमा व्यवस्था गर्नु आवश्यक छैन । यसो गर्नैपर्ने भएमा सङ्घीय ऐन संशोधन गरेर त्यसमा भएको व्यवस्था खारेज गर्नु आवश्यक हुन्छ । अन्यथा सङ्घीय र प्रादेशिक दुवै तहका अधिकारीहरूलाई चित्त बुझाउँदै हिँड्नुपर्ने झमेला आइलाग्छ ।
- छापाखाना दर्ताका लागि दरखास्त दिएपछि छानबिन गर्ने प्रावधान हटाउन आवश्यक छ । त्यसमा आवश्यक कागजात हेरी भन्ने प्रावधान राख्न आवश्यक देखिन्छ ।
- प्रकाशकले आफूले प्रकाशन गरेको किताब बिक्री वितरण गर्नुभन्दा अघि दुई प्रति बिनामूल्य दर्ता अधिकारीलाई बुझाउनुपर्ने प्रावधान हटाउनुपर्छ । र, जानकारी दिने व्यवस्था राख्नुपर्छ ।
- किताब वा पत्रपत्रिका प्रकाशनमा प्रतिबन्धको सट्टा प्रकाशन गर्न नपाइने भन्दा उपयुक्त हुन्छ ।
- राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने व्यवस्था हटाउनुपर्छ ।
- प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन, जफतलगायतका शब्द लोकतन्त्रमा प्रयोग गर्नु उपयुक्त हुँदैन ।
- राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकार हरूका लागि प्रदेश सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था हटाउनुपर्छ ।

## बुँदागत समस्या र सुझाव

| दफा नं. | | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|
| २ | ख) | 'किताव' भन्नाले समग्र वा खण्ड खण्डरूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको प्रत्येक पुस्तक पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्शा, मानचित्र आदिसमेतलाई जनाउँछ । | 'किताव' भन्नाले समग्र वा खण्ड खण्डरूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको पुस्तक पुस्तिका, विवरणपत्र, स्वरलिपि, नक्शा, मानचित्र आदिसमेतलाई जनाउँछ । | पर्चा पुस्तकभित्र नपर्ने भएकाले । |
| २ | च) | 'निषेधित प्रकाशन' भन्नाले दफा १५ बमोजिम निषेधित गरिएको कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ । | दफा १६ हुनुपर्नेमा १५ भएको छ । यसलाई हटाउने | दुरूपयोग हुन सक्ने भएकाले |
| २ | ट) | 'प्रतिबन्धित प्रकाशन' भन्नाले दफा १४ बमोजिम प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ । | 'प्रकाशन गर्न नपाइने' भन्नाले दफा १५ बमोजिम प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ । | लोकतन्त्रमा प्रतिबन्धित प्रकाशन राख्न उपयुक्त नहुने भएकाले । |
| २ | त) | 'समाचारपत्रिका' भन्नाले सार्वजनिक समाचार वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नसमेटिने समाचारसम्बन्धी कागजपत्र सम्झनुपर्छ । | हटाउने | समाचारपत्रको परिभाषा भएकाले समाचारपत्रिकाको परिभाषा आवश्यक नभएको । |
| २ | थ) | 'सम्पादक' भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन तथा सम्पादन गर्ने उत्तरदायित्व भएको व्यक्ति सम्झनुपर्छ । | 'सम्पादक' भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन तथा सम्पादन गर्ने उत्तरदायित्व भएको प्रमुख व्यक्ति सम्झनुपर्छ । | उत्तरदायित्व भएको व्यक्ति मात्र भन्दा त्यस्ता व्यक्ति एकभन्दा बढी पनि हुन सक्ने हुँदा प्रमुख व्यक्ति भन्नु उपयुक्त हुने भएकाले । |
| ३ | | (२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले उक्त दरखास्तउपर आवश्यक छानबिन गरी तोकिएको दस्तुर लिइ दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनुपर्नेछ । | (२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले उक्त दरखास्त अनुसार तोकिएको दस्तुर लिइ दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न तोकिए बमोजिम प्रमाणपत्र दिनुपर्नेछ । | आवश्यक छानबिन गरी भन्ने शब्द राख्न उपयुक्त नहुने भएकाले । |
| ५ | | **किताव दर्ता गर्ने** : (१) कितावको प्रकाशकले आफूले प्रकाशन गरेको किताव बिक्री वितरण गर्नुभन्दा अघि त्यस्तो कितावको दुई प्रति बिनामूल्य दर्ता अधिकारीलाई बुझाउनुपर्नेछ । | **जानकारी दिनुपर्ने** : (१) कितावको प्रकाशकले आफूले प्रकाशन गरेको किताव जानकारीका लागि अधिकारीलाई बुझाउनुपर्नेछ । | बिक्री वितरण गर्नुभन्दा अघि पुस्तक बुझाउने प्रावधान उपयुक्त नहुने भएकाले । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ७ | **१. पत्रपत्रिका दर्ता गर्नुपर्ने** : (१) सार्वजनिकरूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकको नाम, किसिम, भाषा, आकार, पृष्ट सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थानसमेत खुलाइ पत्रपत्रिका दर्ता गर्नका लागि तोकिएबमोजिम दर्ता अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ । तर प्रदेश सरकारअन्तर्गत कार्यालय, प्रदेशको स्वामित्व भएको सङ्गठित संस्था, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित सङ्घ/संस्था, फर्म, कम्पनीका प्रकाशन वा कुनै राजनीतिक दल वा सङ्गठनको स्मारिका वार्षिक प्रतिवेदन वा मुखपत्रका रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन । | **१. पत्रपत्रिका दर्ता गर्नुपर्ने** : (१) सार्वजनिकरूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ट सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थानसमेत खुलाइ पत्रपत्रिका दर्ता गर्नका लागि तोकिएबमोजिम दर्ता अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ । तर, प्रदेश सरकारअन्तर्गत कार्यालय, प्रदेशको स्वामित्व भएको सङ्गठित संस्था, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित सङ्घ/संस्था, फर्म, कम्पनीका प्रकाशन वा कुनै राजनीतिक दल वा सङ्गठनको स्मारिका, वार्षिक प्रतिवेदन वा मुखपत्रका रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन । तर जानकारी दिनुपर्नेछ । | जानकारी मात्र दिंदा पनि विवरण राख्न सकिने भएकाले । |
| १५ | (२) **प्रकाशनमा प्रतिबन्ध** : देहायका कुराहरू किताव वा पत्रपत्रिकामा प्रकाशित गर्न पाइने छैन :<br>(क) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,<br>(ख) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,<br>(ख) १) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने,<br>(ग) विभिन्न जात/जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र<br>(घ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने । | **प्रकाशन गर्न नपाइने** : देहायका कुराहरू किताव वा पत्रपत्रिकामा प्रकाशित गर्न पाइने छैन :<br>(क) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,<br>(ख) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,<br>(ख) १) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने,<br>(ग) विभिन्न जात/जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र,<br>(घ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने । | लोकतन्त्रमा प्रतिबन्ध भन्ने शब्द उपयुक्त नहुने भएकाले । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १६ | **उपप्रकाशनमा निषेध** : (१) राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएरमात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत हुँदैन । | हटाउने । | यसको दुरूपयोग हुन सक्ने भएकाले । |
| १७ | **२) प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने** : कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा निकासी गर्न हुँदैन । | **प्रकाशन गर्न नपाइने सामग्रीको निकासी, बिक्री वितरण आदि गर्न नहुने** : कसैले पनि प्रकाशन गर्न नपाइने सामग्रीको प्रकाशन जानी जानी छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न जा निकासी गर्न हुँदैन । | लोकतन्त्रमा प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जस्ता शब्द उपयुक्त नुहने भएकाले । |
| १९ | (२) राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिका लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरूका लागि प्रदेश सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ । | हटाउने । | केन्द्रबाट प्रेस प्रतिनिधि प्रमाणपत्र लिने व्यक्तिले पनि प्रदेशमा छुट्टै लिनुपर्ने प्रावधान झन्झट थप्ने भएकाले । |
| २२ | **किताव नबुझाएमा** : कसैले दफा ५ बमोजिम बुझाउनुपर्ने किताव नबुझाएमा दर्ता अधिकारीले बुझाउनुपर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरिवाना गर्न सक्नेछ । | हटाउने । | पुस्तक बुझाउनुपर्ने प्रावधान राख्न उचित नहुने भएकाले । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| २५ | **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमा** : कसैले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको वा दफा १५ बमोजिम निषेध गरेको कुनै कुरा प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोहीबमोजिम सजाय हुनेछ र सो नभएमा दश हजार रूपियाँसम्म जरिवाना गरिनेछ । | **प्रकाशन गर्न नपाइने प्रकाशन प्रकाशित गरेमा** : कसैले दफा १५ बमोजिम प्रकाशन गर्न नपाइने सामग्री प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोहीबमोजिम सजाय हुनेछ र सो नभएमा दश हजार रूपियाँसम्म जरिवाना गरिनेछ । | लोकतन्त्रमा प्रतिबन्ध र निषेधित जस्ता शब्द उचित नहुने भएकाले । |
| २६ | **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गरेमा** : (१) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गरेमा निजलाई दर्ता अधिकारीले पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । (२) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | **प्रकाशन गर्न नपाइने प्रकाशन निकासी, बिक्री वितरण आदि गरेमा** : (१) कसैले प्रकाशन गर्न नपाइने सामग्री निकासी गरेमा निजलाई दर्ता अधिकारीले पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशनलाई नियन्त्रणमा लिन सक्नेछ । (२) कसैले प्रकाशन गर्न नपाइने प्रकाशन जानी जानी छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशनलाई नियन्त्रणमा लिन सक्नेछ । | लोकतन्त्रमा जफत भन्ने शब्द उपयुक्त नहुने भएकाले । |
| २७ | **निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा** : कसैले निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा त्यस्तो व्यक्तिलाई दर्ता अधिकारीले पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | **प्रकाशन गर्न नपाइने सामग्री अनुवाद तथा उद्धरण गरेमा** : कसैले प्रकाशन गर्न नपाइने सामग्री प्रकाशन अनुवाद तथा उद्धरण गरेमा त्यस्तो व्यक्तिलाई दर्ता अधिकारीले पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन नियन्त्रणसमेत गर्न सक्नेछ । | लोकतन्त्रमा जफत भन्ने शब्द उपयुक्त नहुने भएकाले । |
| २८ | **विदेशी प्रकाशन पैठारी गरेमा** : कसैले दफा १६ बमोजिम रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रूपियाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ । | यसलाई हटाउने | दफा १६ को दुरूपयोग हुन सक्ने भएकाले । |

प्रदेश नं. ५

**टिप्पणी तथा सुझाव**

चैत, २०७५




# प्रदेश नं. ५ प्रदेश प्रसारण विधेयक, २०७५

## पृष्ठभूमि

प्रदेश नम्बर ५ ले प्रदेश प्रसारण विधेयक, २०७५ ल्याएको छ ।* विधेयकमा प्रसारण संस्थाहरूको इजाजत, प्रसारण माध्यमका कार्यक्रम र विज्ञापनहरूको उत्पादन, सञ्चालन, प्रसारण, नियमन र अनुगमन, भू-उपग्रह प्रसार केन्द्र स्थापनालगायतका प्रावधान राखिएको छ । प्रस्तावित विधेयकको मस्यौदामा रहेका मुलभूत समस्या र तिनको समाधानका लागि सुझाव यहाँ प्रस्तुत गरिएको छ :

## मस्यौदा विधेयकका मूलभूत समस्या

**प्रदेश नम्बर ५ ले तयार पारेको प्रदेश प्रसारण विधेयक, २०७५ मा निम्नानुसारका समस्या छन् :**

- प्रस्तुत मस्यौदा विधेयकमा भाषागत र लेखनशैलीगत त्रुटि-कमजोरी ठाउँ-ठाउँमा भेटिन्छन् । मस्यौदा विधेयकलाई कानुनी भाषा-शैली र नेपाली व्याकरण एवम् शुद्धाशुद्धिका दृष्टिले सम्पादन गराउनु आवश्यक देखिन्छ ।
- विधेयकको प्रस्तावनामा यो विधेयक के-के प्रयोजनका लागि ल्याइएको हो भन्ने कुरा सिलसिलाबद्धरूपमा अलग-अलग वाक्यांश र वाक्यमा छुट्टयाएर प्रष्ट बुझिने गरी लेखिएको छैन । यो पनि भाषा-शैली सम्पादनका क्रममै सुधार्नुपर्छ ।
- दफा २ को परिभाषामा उल्लेख गरिए जसरी इजाजतपत्र 'कुनै कार्यक्रमको प्रसारणको लागि' दिइँदैन । इजाजतपत्र समग्रमा सञ्चार माध्यम वा सञ्चार प्रणाली स्थापना र सञ्चालनका लागि दिइन्छ ।
- दफा २ को परिभाषामा 'प्रसारक' भन्नाले 'प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउनेछ' भनी लेखिएको विवरणले प्रसारकको पूर्ण दायरालाई समेट्दैन । यसले कार्यक्रम सञ्चालक, उत्पादक र सम्पादकलाई मात्रै समेट्छ । तर प्रसारक भनेको त्यतिमात्र होइन, समग्र प्रसारण संस्था र त्यसका प्रबर्धक तथा सञ्चालकहरू पनि हुन् ।
- दफा २ को परिभाषामा 'प्रसारण संस्था' भन्नाले 'यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजत प्राप्त व्यक्ति, सङ्गठित संस्था, सरकारी निकाय वा स्थानीय तह सम्झिनुपर्छ' भनिएको छ । सो शब्दले 'सामाजिक सञ्जाल वा अन्य विद्युतीय माध्यमबाट आमजनताका लागि प्रसारण गरिने च्यानलसमेत जनाउनेछ' भनी थप व्याख्या पनि गरिएको छ । यसमा परिभाषित विवरण 'प्रसारक' को परिभाषाका लागि सुहाउँदो देखिन्छ । र, प्रसारण संस्थाका रूपमा चाहिँ रेडियो, टेलिभिजन र अनलाइन माध्यमहरू भनी उल्लेख गर्नुपर्छ ।

---

*प्रदेश प्रसारण विधेयक, २०७५ चैत २७ गते पारित भएको हो ।

- दफा ५ को 'इजाजतको लागि निवेदन दिनुपर्ने' भन्ने व्यवस्थामा रेडियो, टेलिभिजन र अनलाइन माध्यम भनेर पनि खुलाउनुपर्छ ।
- दफा ६ को 'इजाजतपत्र दिन सकिने' व्यवस्थाअन्तर्गत प्रदेश सरकारले इजाजतपत्रका लागि आएका निवेदनउपर 'आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएका सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ' भनी उल्लेख गरिएको छ । सर्तहरूसहित इजाजत दिने अस्पष्ट कानुनी व्यवस्थाले समस्या ल्याउन सक्छ ।
- दफा ७ को 'प्रसारणमा रोक लगाउन सकिने' व्यवस्थाअन्तर्गत 'राष्ट्र र राष्ट्रिय हित, मानवीय संवेदनशीलता, सामाजिक नैतिकता र मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ' भनी गरिएको व्यवस्था अनुदार र अनुचित छ । यस्तो प्रावधानको दुरूपयोग हुनसक्ने सम्भावना रहन्छ ।
- दफा ८ को 'प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने' प्रावधानअन्तर्गत 'कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ' भनी गरिएको व्यवस्था पनि अनुदार र अनुचित छ । सञ्चार माध्यमको इजाजतपत्र रद्द गर्ने प्रावधान संविधानको व्यवस्थाको समेत विपरीत देखिन्छ । यस्तो प्रावधानको दुरूपयोग गरेर प्रसारण माध्यमहरूमाथि नियन्त्रण कायम गर्न सकिन्छ ।
- दफा ९ को 'भू-उपग्रह प्रसार केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्था' अन्तर्गत उफदफा २ मा उल्लेख भएअनुसार 'स्वदेशी र विदेशीको संयुक्त लगानीमा खोलिएको कम्पनीमा कम्तीमा ३० प्रतिशत लगानी स्वदेशी व्यक्ति वा संस्थाको हुनुपर्नेछ' भन्ने प्रावधानले नेपालका प्रसारण माध्यममा विदेशीको बहुसङ्ख्यक सेयरका लागि बाटो खोल्ने र त्यस्तो अवस्था दीर्घकालीनरूपमा नेपालका प्रसारण माध्यमको स्वतन्त्र अस्तित्व तथा मुलुकको राष्ट्रिय हितमा नहुन सक्ने देखिन्छ ।
- दफा ९ (३) मा गरिएको प्रदेश सरकारले 'निवेदनमाथि आवश्यक जाँचबुझ गरी निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने स्वीकृति दिन मनासिब देखेमा तोकिएका सर्तहरू पालना गर्ने सर्तमा तोकिएका कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी स्वीकृति दिन सक्नेछ' भन्ने व्यवस्थामा सर्तहरू राखेर अनुमति दिइनु उपयुक्त देखिँदैन । निवेदन स्वीकृतिका लागि पूरा गर्नुपर्ने प्रावधानहरू राख्न भने सकिन्छ ।
- दफा ११ को 'कार्यक्रम उत्पादन तथा प्रसारण' सम्बन्धी व्यवस्थामा प्रसारण संस्थाले कुनै कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा प्राथमिकता दिनुपर्ने भन्दै ९ वटा विषय

तोकिएको छ । यसरी कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकता तोक्नु राम्रो होइन । संस्थाको स्वविवेकमा छाडिदिनुपर्छ ।

- दफा १४ (२) को 'प्रदेश सरकारले विपद वा अन्य कुनै जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नुपरेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनुपर्नेछ' भन्ने प्रावधानलाई प्रष्ट पार्न जरूरी छ । यसरी प्रसारण संस्थालाई निःशुल्क सूचना प्रसारण गर्न बाध्य पार्नुहुँदैन । जरूरी सार्वजनिक सूचना भनेरमात्र हुँदैन । त्यस्तो जरूरी सार्वजनिक सूचना भनेको के हो भन्ने पनि प्रष्ट पार्नुपर्छ ।
- दफा १५ (१) को (क) मा 'राजनैतिक दललाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने' भनी उल्लेख गरिएको प्रावधान अनुपयुक्त छ । त्यसको सट्टा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने भनी उल्लेख गर्नु उपयुक्त हुन्छ ।
- दफा १७ मा 'प्रसारकको काम, कर्तव्य र अधिकार' शीर्षकमा ४ वटा काम, कर्तव्य, अधिकार तोकिएका छन् भने सोही दफामा प्रसारकले ध्यान दिनुपर्ने भनी ५ वटा विषय उल्लेख गरिएका छन् । चाहे काम, कर्तव्य र अधिकारका विषय हुन् वा ध्यान दिनुपर्ने पक्ष, ती विषयलाई त्यसरी ऐनमा तोकिनु उपयुक्त हुँदैन । पत्रकारले के गर्न हुने र के गर्न नहुने भन्ने कुरा पत्रकार आचारसंहितामा उल्लेख गरिने विषय हो । ऐनमा यस्ता विषय उल्लेख गर्नु उपयुक्त हुँदैन । प्रसारण संस्थाको काम, कर्तव्य र अधिकारमा भने त्यस्ता प्रावधान राख्न सकिन्छ ।
- दफा १८ को 'सजाय' सम्बन्धी व्यवस्थामा उल्लेख भएको 'प्रसारण संस्थाको इजाजतपत्र नलिइ वा स्वीकृति नलिइ कुनै कार्यक्रम प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क वराबरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ' भन्ने प्रावधान उपयुक्त छैन । त्यस्तै, सोही दफामा उल्लेख भएको 'कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले दश हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ' भन्ने प्रावधान पनि उपयुक्त छैन । सञ्चार माध्यममाथि फौजदारी कानुन आकर्षित हुने वातावरण बनाउनु हुँदैन ।

## मुख्य सुझाव

- दफा २ (ङ) मा प्रसारकको दायरालाई फराकिलो बनाउनुपर्छ । प्रसारण संस्था उल्लेख गरेमा त्यसबारे थप स्पष्ट हुन सक्छ ।
- दफा ६ मा निवेदनउपर आवश्यक जाँचवुझ गरी निवेदकलाई तोकिएका सर्त पालना

गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ भनी उल्लेख गरिएको प्रावधान सच्याउन आवश्यक छ । सर्तहरू इजाजतपत्रसँगै तोक्ने कार्यले स्वेच्छाचारिता जन्मने र त्यसको दुरूपयोग हुने सम्भावनालाई बढावा दिन्छ । त्यसैले पनि तोकिएका सर्त के के हुन् भन्ने कुरा ऐनमा नै खुलाउनुपर्छ । र, त्यस्तो सर्त संविधान र विद्यमान कानुनअनुसार हुनुपर्छ ।

- दफा ७ मा उल्लिखित प्रसारणमा रोक लगाउन सकिने प्रावधान सच्याउन आवश्यक छ । यसरी सच्याउँदा नेपालको सार्वभौमसत्ता भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीच सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई प्रोत्साहन गर्ने कार्यक्रम प्रसारण गर्नुहुँदैन भन्ने प्रावधान राख्न सकिन्छ ।
- दफा ८ मा कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ भनी गरिएको व्यवस्था सच्याउन आवश्यक छ । कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई सचेत गराउन सक्नेछ भन्ने प्रावधान राख्न आवश्यक छ । र, सचेत गराउँदा पनि पटक-पटक उल्लङ्घन गरेको अवस्थामा सजाय गर्न सकिने प्रावधान राख्न सकिन्छ । तर सजाय गर्नुअघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिनुपर्नेछ भन्ने प्रावधान राख्नु उपयुक्त हुन्छ ।
- दफा ९ को उपदफा ३ मा प्रदेश सरकारले निवेदनमाथि आवश्यक जाँचबुझ गरी निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने स्वीकृति दिन मनासिब देखेमा तोकिएको सर्तहरू पालना गर्ने सर्तमा तोकिएको कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी स्वीकृति दिन सक्नेछ भनी उल्लिखित प्रावधान सच्याएर निवेदन स्वीकृतिका लागि पूरा गर्नुपर्ने प्रावधानहरू राख्न सकिन्छ ।
- दफा ११ को कार्यक्रम उत्पादन तथा प्रसारणसम्बन्धी व्यवस्थामा प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा प्राथमिकता दिनुपर्ने भन्दै तोकिएका ९ वटा विषयका सम्बन्धमा कानुनमा कार्यक्रम उत्पादन तथा प्रसारणका प्राथमिकता तोक्नु भन्दा पनि प्रसारण संस्थाको स्वविवेकमा छाडिदिनुपर्छ ।
- दफा १४ को उपदफा २ मा प्रदेश सरकारले विपद् वा अन्य कुनै जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नुपरेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनुपर्नेछ भनी

राखिएको प्रावधानलाई प्रष्ट पार्नु जरूरी छ । यसरी प्रसारण संस्थालाई निःशुल्क सूचना प्रसारणका लागि वाध्य पार्न हुँदैन । जरूरी सार्वजनिक सूचना भनेरमात्र हुँदैन, त्यस्तो जरूरी सार्वजनिक सूचना भनेको के हो भन्ने पनि प्रष्ट पार्नुपर्छ ।

- दफा १५ को (क) मा राजनीतिक दललाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने भनी उल्लेख गरिएको प्रावधानको सट्टा गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने भनी उल्लेख गर्नु उपयुक्त हुन्छ ।
- दफा १७ मा प्रसारकको काम, कर्तव्य र अधिकार शीर्षकमा उल्लेख भएका ४ वटा काम, कर्तव्य र अधिकार तथा सोही दफामा प्रसारकले ध्यान दिनुपर्ने भनी उल्लेख भएका ५ वटा विषयका सम्बन्धमा काम, कर्तव्य र अधिकारका विषय हुन् वा ध्यान दिनुपर्ने पक्ष, ऐनमा तोकिनु उपयुक्त हुँदैन । पत्रकारले के गर्न हुने र के गर्न नहुने भन्ने कुरा पत्रकार आचारसंहितामा उल्लेख गरिने विषय हो, ऐनमा यस्ता विषय उल्लेख गरिरहनु पर्दैन । प्रसारण संस्थाको काम, कर्तव्य र अधिकारमा भने यस्ता प्रावधान राख्न सकिन्छ ।
- दफा १८ मा प्रसारण संस्थाको इजाजतपत्र नलिइ वा स्वीकृति नलिइ कुनै कार्यक्रम प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० वमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भनी उल्लेख गरिएको प्रावधान उपयुक्त छैन । त्यस्तै सोही दफामा कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ भनी उल्लेख गरिएको प्रावधान पनि उपयुक्त छैन । प्रसारण संस्था वा पत्रकारले गल्ती गरेमा कारबाही गर्नुहुँदैन भन्ने होइन तर त्यस्तो कारबाही गर्दा फौजदारीसंहिता नभइ देवानीसंहिताअनुसार हुनुपर्छ ।

## बुँदागत समस्या र सुझाव

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ६ | **इजाजतपत्र दिन सकिने** : प्रदेश सरकारले इजाजतपत्रका लागि आएका निवेदनउपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ । | निवेदन हेरी आवश्यक कागजातका आधारमा इजाजतपत्र दिन सक्नेछ । | जाँचबुझ शब्द हटाउनुपर्ने । तोकिएका सर्तहरू राख्न नहुने । आवश्यक कागजातका बारेमा स्पष्ट पार्नुपर्ने । |

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ७ | **प्रसारणमा रोक लगाउन सकिने :** राष्ट्र र राष्ट्रिय हित, मानवीय संवेदनशीलता, सामाजिक नैतिकता र मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाइ कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । | प्रावधान हटाउने । | प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले । |
| दफा ८ | **प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने :** कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ । | कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई सचेत गराउन र जरिवाना गर्न सक्नेछ । | रद्द गर्ने प्रावधान राख्नु उचित नहुने । सचेत गराउने र त्यसलाई अवज्ञा गरे जरिवाना गर्नु उचित हुने । |
| दफा ९ | **भू-उपग्रह प्रसार केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्था :** प्रदेश सरकारले निवेदनमाथि आवश्यक जाँचबुझ गरी निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने स्वीकृति दिन मनासिब देखेमा तोकिएका सर्तहरू पालना गर्ने सर्तमा तोकिएका कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी स्वीकृति दिन सक्नेछ । | प्रदेश सरकारले निवेदनमाथि आवश्यक जाँचबुझ गरी निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने स्वीकृति दिन सक्नेछ । | सर्त तोक्ने कुराले स्वेच्छाचारिता हुने र त्यस्ता सर्तको दुरूपयोग हुने सम्भावना रहन्छ । |

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ११ | **कार्यक्रम उत्पादन तथा प्रसारण** : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्छ :<br>क) कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रम ।<br>ख) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने किसिमको कार्यक्रम ।<br>ग) प्रदेशका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रम ।<br>घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिवृद्धि गराउने विषयका कार्यक्रम ।<br>ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रम ।<br>च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रम ।<br>छ) नेपाल र छिमेकी मुलुक तथा मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रम ।<br>ज) लोकगीत र लोक संस्कृतिको प्रबर्द्धन हुने कार्यक्रम ।<br>झ) स्थानीय तथा प्रदेश स्तरमा भए/गरेका महत्वपूर्ण गतिविधि । | हटाउनुपर्ने । | कार्यक्रम उत्पादन तथा प्रसारणमा कानुनले प्राथमिकता तोक्नुभन्दा मिडियाको स्वविवेकमा छाडिदिंदा उचित हुने भएकाले । |
| दफा १४ | **विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने** : उपदफा (१) मा जे उल्लेख भए तापनि प्रदेश सरकारले विपद् वा अन्य कुनै जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नुपरेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनुपर्नेछ । | उपदफा (१) मा जे उल्लेख भए तापनि प्रदेश सरकारले विपद्सम्बन्धी जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नुपरेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनुपर्नेछ । | 'अन्य कुनै जरूरी सार्वजनिक सूचना' भनेको के हो भन्ने कुरा प्रष्ट पार्नु जरूरी छ । प्रसारण संस्थालाई जुनसुकै सूचना निःशुल्क प्रसारणका लागि बाध्य पारिनुहुँदैन । |

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १५ | **विज्ञापन प्रसारण गर्न नपाइने :**<br>(१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न/गराउन पाउने छैन :<br>क) राजनीतिक दललाई प्रतिकूल असर पर्ने विषय ।<br>ख) अश्लील किसिमका सामग्री ।<br>ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री ।<br>घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका कुरा ।<br>ङ) कुनै जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्री । | (१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायका कुराहरूको विज्ञापन प्रसारण गर्न/गराउन पाउने छैन :<br>क) गलत र भ्रामक विवरण राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकूल असर पर्ने विषय ।<br>ख) अश्लील किसिमका सामग्री ।<br>ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री ।<br>घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका कुरा ।<br>ङ) कुनै जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्री । | तथ्यगतरूपमा प्रस्तुत भइ राजनीतिक दलहरूले विज्ञापन गर्न पाउनुपर्ने भएकाले । |

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १७ | **प्रसारकको काम, कर्तव्य र अधिकार :**<br>(१) प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्यताबारे आवश्यक छानबिन गरी पुष्टि भएपछि निर्धारित समयमा प्रसारण गर्ने/गराउने<br>ख) राजनीतिकरूपमा निष्पक्ष भइ समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने<br>ग) कानुनले संरक्षण गरेको व्यक्तिको गोपनीयता र सामाजिक संवेदनशीलता आकलन गरेरमात्र प्रसारण सामग्री प्रसारण गर्ने/गराउने ।<br>घ) कुनै विवादास्पद विषयमा प्रसारण गर्नुपरेमा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई तथ्यगत ढङ्गले प्रसारण गर्ने/गराउने ।<br>ङ) प्रसारण संस्थाले तोकिदिएबमोजिम अन्य कार्य गर्ने ।<br><br>(२) उपदफा (१) मा जे उल्लेख भए तापनि प्रसारण गर्दा प्रसारकले निम्न कुरामा ध्यान दिनुपर्नेछ :<br>क) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने/नगराउने<br>ख) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा जातीय विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने/नगराउने<br>ग) लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुनै कुराको प्रसारण नगर्ने/नगराउने<br>घ) गलत वा भ्रामक समाचार सङ्कलन तथा प्रसारण नगर्ने/नगराउने ।<br>ङ) प्रचलित कानुनले प्रसारण गर्न रोक लगाएका सामग्री प्रसारण नगर्ने/नगराउने । | **प्रसारण संस्थाको काम, कर्तव्य र अधिकार :**<br>(१) प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्यताबारे प्रत्याभूत गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने<br>ख) निष्पक्ष भइ समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने<br>ग) कानुनले संरक्षण गरेको व्यक्तिको गोपनियता र सामाजिक संवेदनशीलता आकलन गरेरमात्र प्रसारण सामग्री प्रसारण गर्ने/गराउने ।<br>घ) कुनै विवादास्पद विषयमा प्रसारण गर्नुपरेमा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई तथ्यगत ढङ्गले प्रसारण गर्ने/गराउने ।<br><br>(२) उपदफा (१) मा जे उल्लेख भए तापनि प्रसारण गर्दा प्रसारकले निम्न कुरामा ध्यान दिनुपर्नेछ :<br>क) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने/नगराउने<br>ख) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा जातीय विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने/नगराउने<br>ग) लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुनै कुराको प्रसारण नगर्ने/नगराउने<br>घ) गलत वा भ्रामक सामाचारको सङ्कलन तथा प्रसारण नगर्ने/नगराउने । | पत्रकारलाई आचारसंहिताले निर्देशित गर्ने हुनाले छानबिन शब्द राख्न उपयुक्त नहुने भएकाले । प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने हटाउँदा उपयुक्त हुने । |

| बुँदा नं. | विद्यमान प्रावधान | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा १८ | **सजाय** : प्रसारण संस्थाको इजाजतपत्र नलिइ वा स्वीकृति नलिइ कुनै कार्यक्रम प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपियाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ । | प्रसारण संस्थाको इजाजतपत्र नलिइ वा स्वीकृति नलिइ कुनै कार्यक्रम प्रसारण गरे/गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिवाना सजाय हुनेछ ।<br>कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । | पत्रकार र मिडियालाई फौजदारी कानून नभइ देवानी संहिता अनुसार मात्र सजाय हुनुपर्ने । |

कर्णाली प्रदेश

**टिप्पणी तथा सुझाव**

फागुन, २०७५




# सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५

## पृष्ठभूमि

कर्णाली प्रदेशले आमसञ्चार वा सञ्चारसम्बन्धी छुट्टै नीति तयार पारेको छैन । मिडियासम्बन्धी कानुन बनाउने क्रममा कर्णाली प्रदेशले प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५ तयार पारेको छ ।*

विधेयक ल्याउनुपर्ने कारणमा कर्णाली प्रदेशभित्र निष्पक्ष, स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनतासमक्ष बिस्तार गर्न रेडियो, एफएम तथा टेलिभिजनको अनुमति, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले भन्ने उल्लेख छ ।

विधेयकमा प्रसारण अनुमति, सञ्चालन, प्रसारण, रेखदेख र नियमन, इजाजत नलिइ प्रसारण गर्न नहुने, इजाजतपत्रका लागि निवेदन दिनुपर्ने, निवेदनका साथ संलग्न गर्नुपर्ने कागजात, इजाजतपत्र दिन सकिने, प्रसारणपूर्व विवरण पेश गर्नुपर्ने प्रावधान छ ।

यस्तै प्रसारण केन्द्र स्थापनासम्बन्धी विशेष व्यवस्था, नवीकरणसम्बन्धी व्यवस्था, प्रसारणमा रोक लगाउन सकिने, प्रसारण तथा वितरण शुल्क, कार्यक्रम उत्पादन तथा प्रसारण, विज्ञापन प्रसारण गर्न नपाइने, प्रसारकको काम, कर्तव्य र अधिकार, आर्थिक दायित्वका सम्बन्धमा स्वीकृति लिनुपर्ने, सजाय, पुनरावेदन, प्रसारण संस्थाको सुरक्षा, अधिकार प्रत्यायोजन र नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारको प्रावधान पनि विधेयकमा छ ।

## विधेयकमा रहेका मूलभूत समस्या

- विधेयकको नाम प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुन व्यवस्था गर्न बनेको विधेयक, २०७५ छ । सार्वजनिक प्रसारण नाम राख्नुले सार्वजनिक सेवा प्रसारणलाई केन्द्रित गर्छ जुन स्वायत्त संस्था हुन्छ । तर यहाँ विधेयक ल्याउँदा निजी क्षेत्रलाई केन्द्रित गरेर ल्याउन खोजेको देखिन्छ ।
- विधेयकको प्रस्तावनमा निष्पक्ष, स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनतासमक्ष बिस्तार गर्न रेडियो, एफएम तथा टेलिभिजन उल्लेख छ । आधिकारिक समाचार भन्ने शब्दमा समस्या छ । सरकारी भाषामा आधिकारिक भनेको कार्यालयले प्रमाणित गरेकोलाई बुझ्ने गरिन्छ जुन समाचारमा सम्भव हुँदैन । त्यसैगरी रेडियो, एफएम तथा टेलिभिजन उल्लेख छ । एफएम स्वयममा रेडियो होइन । प्रविधि हो ।
- सार्वजनिक सेवा प्रसारणको परिभाषामा रेडियो, एफएम र टेलिभिजनका माध्यमबाट आमजनताले जानकारी पाउन सक्ने गरी प्रसारण गरिने सेवालाई सम्झनुपर्छ भन्ने उल्लेख छ जुन सार्वजनिक सेवा प्रसारणको चलनमा रहेको परिभाषासँग मेल खाँदैन ।
- विधेयकमा ठाउँ ठाउँमा जाँचबुझ गरी, तोकिएका सर्तहरू पालना गरी, छानबिन गरी

*यो विधेयक २०७५ चैत १५ मा पारित भएको हो ।

लगायत शब्द छन् । यी शब्द अमूर्तखालका छन् जसले समस्या सिर्जना गर्छ ।

- प्रदेश सरकारले रेडियो, एफएम र टेलिभिजन सञ्चालन गर्न चाहेमा तोकिएको सर्त पूरा गरी सञ्चालन गर्न सक्ने प्रावधान राखिएको छ । लोकतन्त्रमा सरकारले प्रत्यक्ष मिडिया चलाउन उपयुक्त हुँदैन । सार्वजनिक प्रसारण सेवामा जान सकिन्छ । त्यो पनि नाममात्रको नभएर स्वतन्त्र र स्वायत्त हुनुपर्छ ।
- प्रसारणमा रोक लगाउन सकिने प्रावधान राखिएको छ । सरकारको नियत ठीक नभएमा यही व्यवस्थामा टेकेर मिडियामाथि रोक लगाउन सक्ने सम्भावना रहन्छ ।
- कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकता तोकिएको छ । लोकतन्त्रमा प्राथमिकता तोक्नु उपयुक्त मानिँदैन ।
- विज्ञापन प्रसारण गर्न नपाइनेअन्तर्गत केही बुँदा राखिएको छ भने प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी समयमा समयमा अन्य कुराको पनि विज्ञापन प्रसारण गर्न नपाइने व्यवस्था राखिएको छ । अन्य कुरा भनेको प्रष्ट नहुने र त्यसमै टेकेर सरकारले विज्ञापनमा रोक लगाउन सक्ने सम्भावना रहन्छ ।
- प्रसारकको काम, कर्तव्य र अधिकार राखिएको छ । दायित्व सिर्जना गर्ने हिसावले प्रसारण संस्थाका लागि केही प्रावधान राख्न सकिने भए पनि पत्रकारले के गर्न हुने वा नहुने भन्ने विधेयकमा राखिनु उपयुक्त हुँदैन ।
- आर्थिक दायित्वका सम्बन्धमा स्वीकृति लिनुपर्ने र त्यसअन्तर्गत सारभूतरूपमा आर्थिक दायित्व सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्वस्वीकृति लिनुपर्ने उल्लेख छ जुन कुरा प्रष्ट छैन ।

## मुख्य सुझाव

- विधेयकको नाम प्रदेश प्रसारणसम्बन्धी विधेयक, २०७५ राख्नु उपयुक्त हुन्छ ।
- विधेयकको प्रस्तावनाबाट आधिकारिक शब्द हटाउन आवश्यक देखिन्छ । त्यसैगरी रेडियो, एफएम तथा टेलिभिजनको ठाउँमा एफएम रेडियो तथा टेलिभिजन राख्दा उपयुक्त हुन्छ ।
- सार्वजनिक सेवा प्रसारणको परिभाषा परिवर्तन गर्न आवश्यक देखिन्छ ।
- जाँचबुझ गरी, तोकिएका सर्तहरू पालना गरी, छानबिन गरीलगायतका शब्दहरू अमूर्तरूपमा उल्लेख गर्नु उपयुक्त हुँदैन । त्यस्ता कारण र सर्त के के हुन् भन्ने खुलाउन आवश्यक हुन्छ ।
- प्रदेश सरकारले प्रत्यक्षरूपमा रेडियो तथा टेलिभिजन सञ्चालन गर्न हुँदैन । लोकतन्त्रमा सरकारले मिडिया चलाउनु उपयुक्त मानिँदैन । सार्वजनिक प्रसारण सेवामा जान सकिन्छ ।
- प्रसारणमा रोक लगाउन सकिने प्रावधान छ । त्यसलाई परिवर्तन गरी प्रसारण गर्न नहुने बनाउन आवश्यक छ ।

- कार्यक्रम उत्पादन तथा प्रसारणमा प्राथमिकता तोकिनु हुँदैन । स्वतन्त्र मिडिया आफैँले आफ्नो प्राथमिकता तोक्न सक्छन् ।
- विज्ञापन प्रसारण गर्न नपाइनेलाई प्रसारण गर्न नहुने बनाउन आवश्यक देखिन्छ । त्यसैगरी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी समयमा समयमा अन्य कुराहरूको पनि विज्ञापन प्रसारण गर्न नपाइने व्यवस्था राख्न हुँदैन ।
- प्रसारकको काम, कर्तव्य र अधिकार राखिएको छ । दायित्व सिर्जना गर्ने हिसावले प्रसारण संस्थाका लागि केही प्रावधान राख्न सकिन्छ । पत्रकारका लागि पत्रकार आचारसंहिताले नै निर्देशित गर्छ ।
- आर्थिक दायित्वका सम्बन्धमा स्वीकृति लिनुपर्ने र त्यसअन्तर्गत सारभूतरूपमा आर्थिक दायित्व सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्वस्वीकृति लिनुपर्ने उल्लेख छ । यसलाई थप स्पष्ट पार्न आवश्यक छ ।

## बुँदागत समस्या र सुझाव

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| प्रस्तावना | **प्रस्तावना** : कर्णाली प्रदेशभित्र निष्पक्ष, स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनतासमक्ष बिस्तार गर्न रेडियो, एफएम तथा टेलिभिजनको अनुमति, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले | कर्णाली प्रदेशभित्र निष्पक्ष र स्वतन्त्र समाचार, सूचना र मनोरञ्जनको पहुँच जनतासमक्ष बिस्तार गर्न रेडियो तथा टेलिभिजनको अनुमति, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले | आधिकारिक भन्ने शब्द राख्न आवश्यक नभएको । एफएम शब्द पनि राख्न आवश्यक नभएको । |
| | 'प्रसारण सेवा' भन्नाले रेडियो र टेलिभिजनका माध्यमबाट आमजनताले जानकारी पाउन सक्ने गरी प्रसारण गरिने सेवालाई सम्झनुपर्छ । | | प्रसारण सेवाको परिभाषा आवश्यक भएकाले । |
| २ | (ठ) 'सार्वजनिक सेवा प्रसारण' भन्नाले रेडियो, एफएम र टेलिभिजनका माध्यमबाट आमजनताले जानकारी पाउन सक्ने गरी प्रसारण गरिने सेवालाई सम्झनुपर्छ । | | सार्वजनिक सेवा प्रसारण भनेको विश्वमा प्रचलित ३ वटा प्रसारण प्रणालीमध्ये एक हो । जसमा अरू सामुदायिक प्रसारण र व्यापारिक प्रसारण पर्छन् । यहाँ (ठ) बुँदामा भन्न खोजिएको व्याख्या कुनै पनि प्रशारण प्रणालीसँग मेल खाँदैन । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ७ | **इजाजतपत्र दिन सकिने** : (१) दफा ५ बमोजिम प्राप्त निवेदनउपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन मनासिव देखेमा तोकिएका सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको दस्तुर लिइ तोकिएबमोजिम इजाजतपत्र दिनेछ । | **इजाजतपत्र दिन सकिने** : (१) दफा ५ बमोजिम प्राप्त निवेदनउपर मन्त्रालयले आवश्यक कागजात गरी इजाजतपत्र दिन मनासिव देखेमा तोकिएका सर्त पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको दस्तुर लिइ तोकिएबमोजिम इजाजतपत्र दिनेछ । | जाँचबुझ शब्द राख्न आवश्यक नभएको । तोकिएका सर्त के के हुन् भन्ने स्पष्ट पार्न आवश्यक भएको । |
| ७ | (४) उपदफा (३) बमोजिमको निवेदनउपर मन्त्रालयले १ महिनाभित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ । | (४) उपदफा (३) बमोजिमको निवेदनउपर मन्त्रालयले १ महिनाभित्र निर्णय गर्नुपर्नेछ । | आवश्यक जाँचबुझ गरी भन्ने राख्न जरूरी नदेखिएको । |
| ९ | (२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुमति दिन मनासिब देखेमा तोकिएबमोजिमको दस्तुर तथा सर्तहरू पालना गर्ने गरी अनुमति दिन सक्नेछ । | २) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखेमा तोकिएबमोजिमको दस्तुर तथा सर्त पालना गर्ने गरी अनुमति दिन सक्नेछ । | तोकिएका सर्त के के हुन् भन्न् स्पष्ट पार्न आवश्यक भएको । |
| १० | **नवीकरणसम्बन्धी व्यवस्था** : (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ र नवीकरणसम्बन्धी सर्तहरू र सोबापत बुझाउनुपर्ने शुल्क र दस्तुर तोकिएबमोजिम हुनेछ । | **नवीकरणसम्बन्धी व्यवस्था** : (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ र नवीकरणसम्बन्धी सर्तहरू र सोबापत बुझाउनुपर्ने शुल्क र दस्तुर तोकिएबमोजिम हुनेछ । | सर्तहरू प्रस्ट पार्नुपर्छ । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १० | (३) अन्य प्रदेशमा प्रचलित कानुनबमोजिम प्रसारण इजाजत लिइ कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिएबमोजिमको सर्त पालना गर्नुपर्नेछ । | (३) अन्य प्रदेशमा प्रचलित कानुनबमोजिम प्रसारण इजाजत लिइ कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिएबमोजिमको सर्त पालना गर्नुपर्नेछ । | कानुनभन्दा बाहेकका सर्त राख्ने चलन स्वेच्छाचारी तथा निरङ्कुश राज्य व्यवस्थामा मात्रै हुन्छ । नेपालको संविधानले प्रसारण तथा प्रकाशन माध्यम बन्द गर्न नपाइने कुरा मौलिक हकमा नै प्रत्याभूत गरेको छ । राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा (८) मा भएको प्रसारण संस्थाको इजाजत रद्द गर्न सक्ने ऐनको दफा संविधान विपरित भएको भनी २०६३ जेठ ४ गतेको सर्वोच्च अदालतको फैसलाले सालमा नारायणदत्त कँडेल विरूद्ध प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को कार्यालयको मुद्दामा सर्वोच्च अदालतले सो दफा संविधानसँग बाझिएकाले सोही दिनदेखि लागु हुने गरी अमान्य र बदर घोषित गरेको नजिरसमेत रहेको अवस्थामा यस्ता दफा ल्याउनु संविधान विपरित हुन्छ । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| ११ | **प्रसारणमा रोक लगाउन सकिने** : १) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइजती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम उत्पादन वा प्रसारण गरेमा त्यस्तो संस्था वा व्यक्तिलाई प्रदेश सरकारले रोक लगाउन सक्नेछ । | **प्रसारण गर्न नहुने** : १) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइजती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम उत्पादन वा प्रसारण गर्नुहुँदैन । | अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिद्वारा निर्देशित र नेपाल त्यसको पक्ष भएकाले यो देश, जनताका तर्फबाट सङ्घीय सरकारको जिम्मेवारीको विषय हो । प्रदेश सरकार भनेका मुलुकभित्रको राजनीतिक तथा प्रशासनिक कार्य विभाजन मात्रै भएकाले यसको छुट्टै राष्ट्रियता, सार्वभौमिकता तथा जनता नहुने हुँदा एउटा देशभित्र अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रता जस्ता मौलिक हकहरू हरेक प्रदेशअनुसार फरक-फरक नहुने भएकाले यो प्रदेशले नियमन गर्ने विषय होइन । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १३ | **कार्यक्रम उत्पादन तथा प्रसारण :**<br>प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछ :<br>क) शान्ति सुरक्षा, कानुनी सचेतना, मानव अधिकार र सुशासनसम्बन्धी कार्यक्रमहरू<br>ख) प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमहरू<br>ग) प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू<br>घ) प्रदेशभित्रका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,<br>ङ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिवृद्धि गराउने विषयका कार्यक्रमहरू<br>च) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू, जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू<br>छ) नेपाल र छिमेकी मुलुक तथा मित्र राष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू<br>ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीतिसम्बन्धी कार्यक्रमहरू<br>झ) मनोरञ्जनात्मक तथा प्रदेशभित्रको लोकगीत र लोकसंस्कृतिको प्रबर्धन तथा सम्बर्धन हुने कार्यक्रमहरू<br>ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए/गरेका महत्वपूर्ण गतिविधि । | | कार्यक्रमको प्राथमिकता तोक्न आवश्यक नभएको । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १४ | **विज्ञापन प्रसारण गर्न नपाइने :**<br>(१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न/गराउन पाउने छैन :<br>क) गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू<br>ख) अश्लील किसिमका सामग्रीहरू<br>ग) हिंसात्मक शक्ति प्रयोग गरी सङ्घीय, प्रदेश र स्थानीय तहका नियमित कामलाई बाधा/अवरोध पुऱ्याउने सामग्रीहरू<br>घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका सामग्रीहरू<br>ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरू<br>च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्रीहरू<br>छ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकिएका अन्य कुराहरू ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिइ कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन । | **विज्ञापन प्रसारण गर्न नहुने :**<br>(१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायका कुराहरूको विज्ञापन प्रसारण गर्न /गराउन पाउने छैन :<br>क) गलत र भ्रामक तथ्य राखेर राजनीतिक दल, व्यक्ति, संस्था, समुदायलगायतलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू<br>ख) अश्लील किसिमका सामग्रीहरू<br>ग) हिंसात्मक शक्ति प्रयोग गरी सङ्घीय, प्रदेश र स्थानीय तहका नियमित कामलाई बाधा/अवरोध पुऱ्याउने सामग्रीहरू<br>घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका सामग्रीहरू<br>ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरू<br>च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्रीहरू<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा निर्वाचन आयोगले जारी गरेको आचारसंहिताभित्र रही कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउन यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन । | नपाइनेको ठाउँमा नहुने भन्दा उपयुक्त हुने भएकाले ।<br>(छ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी समय समयमा तोकिएका अन्य कुराहरू हटाउने । यसको दुरूपयोग हुने सम्भावना रहने भएकाले ।<br>निर्वाचन आयोगको आचारसंहिताभित्र दलहरूले विज्ञापन प्रसारण गर्न सक्ने भएकाले । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १५ | **प्रसारकको काम, कर्तव्य र अधिकार :**<br>(१) प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने<br>ख) निष्पक्ष समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने<br>ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू नगर्ने/नगराउने<br>घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने<br>ङ) लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने<br>च) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको सङ्कलन तथा प्रसारण गर्न , गराउन नहुने<br>छ) तोकिएबमोजिम अन्य कार्य गर्ने । | **प्रसारण संस्थाको काम, कर्तव्य र अधिकार :**<br>(१) प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :<br>क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता प्रत्याभूत गरी निर्धारित समयमा प्रसारण गर्ने/गराउने<br>ख) निष्पक्ष समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने<br>ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू नगर्ने/नगराउने<br>घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने<br>ङ) लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने<br>च) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको सङ्कलन तथा प्रसारण गर्न/गराउन नहुने<br>छ) तोकिएबमोजिम अन्य कार्य गर्ने । | पत्रकारलाई आचारसंहिताले निर्देशित गर्ने भएकाले ।<br>छानविन गर्ने शब्द राख्न उपयुक्त नुहने भएकाले । |

| दफा नं. | विद्यमान अवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १६ | **आर्थिक दायित्वका सम्बन्धमा स्वीकृति लिनुपर्ने** : सारभूतरूपमा आर्थिक दायित्व सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ । | | थप प्रस्ट पार्न आवश्यक देखिएको । |
| १७ | **सजाय** : (१) कुनै व्यक्ति वा संस्थाले यो ऐनको वर्खिलाप हुने कुनै काम गरेमा प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ ।<br>तर त्यसरी कारबाही गर्नुअघि त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको मौका दिनुपर्नेछ । | | प्रचलित कानुनअनुसार भन्ने अमूर्त हुने भएकाले त्यसबारे थप स्पष्ट पार्न आवश्यक भएको । |

‘सङ्घीयतामा मिडिया नीति तथा कानुन’ शीर्षकको पुस्तकमा सङ्घीय संरचनाअन्तर्गत सङ्घ र प्रदेशहरूले तयार पारेका मिडियासम्बन्धी नीति तथा कानुनका कमी/कमजोरी केलाउँदै संशोधनका लागि टिप्पणी तथा सुझाव दिइएको छ।

❖ ❖ ❖

सेन्टर फर मिडिया रिसर्च-नेपाल मिडियाका नीतिगत तथा व्यावहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो। सेन्टरले मिडियासम्बन्धी अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्छ।

www.research.butmedia.org

9 789937 059251